
# इन्द्रेणी

आठौं स्मारिका- २०६७










## इन्द्रेणी समाज केन्द्र

झिरुबास, पाल्पा

# इन्द्रेणी समाज केन्द्र

## भूतपूर्व अध्यक्षहरू



श्री कुल बहादुर खण्डलुक
संस्थापक अध्यक्ष



श्री लक्ष्मीप्रसाद पाटा
भू.पू. अध्यक्ष



श्री पदमबहादुर थापा
भू.पू. अध्यक्ष

## वर्तमान कार्यसमितिका पदाधिकारीहरू



श्री दमनसिंह थापा (पाटा)
अध्यक्ष



श्री खुमबहादुर ढेंगा
उपाध्यक्ष



श्री नविन्द्र थापा (सोती)
सचिव



श्री इमान सिं राना
कोषाध्यक्ष



श्री खेमबहादुर वि.क.
सह–सचिव



श्री चित्रा सोती
संगठन सचिव



श्री ओमलाल खन्गाहा
सदस्य



श्री बेलकुमारी वि.क.
सदस्य



श्री दिलबहादुर सोमै
सदस्य



श्री मनकुमारी सिं ठकुरी
सदस्य



श्री गोकबहादुर आले
मनोनित सदस्य


सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशिल **इन्द्रेणी समाज केन्द्र**, झिरुवास पाल्पाको **आठौं अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।

लुम्बिनी बैंक लिमिटेड
Lumbini Bank Limited


The intelligent way to
grow your money

Open Fixed Deposit at Lumbini Bank
and
watch your money grow

12%
for above 12 months

# इन्द्रेणी

आठौं स्मारिका- २०६७






प्रकाशक

**इन्द्रेणी समाज केन्द्र**

**झिरुबास, पाल्पा**



# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची-महाकाली ।।

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल ।
वीरहरुको रगतले स्वतन्त्र र अटल ।।

ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।

बहुल जाति भाषा, धर्म, संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय ! जय ! नेपाल ।।

**दल बहादुर राना**
संविधान सभा सदस्य
पाल्पा-१,
केन्द्रिय सदस्य ने.क.पा.(एमाले)
फोन नं.: +९७७-१-४८१०२००
मोबाईल ९८४१५४१९२०

**Dal Bahadur Rana**
Constituent Assembly Member
Palpa-1
Central Member CPN (U.M.L)
Phone No.:+977-1-4810200
Mobile.:9841541920

मिति/ Date.: २०६७/१२/११



# शुभकामना

पाल्पा जिल्लाको सुदूर पूर्वमा रहेको भिरुबास गा.बि.स.मगर संस्कृतिको धनि र जनसंख्यामा समेत मगर जातिको अत्यधिक वाहुल्यता रहेको गा.वि.स.को रुपमा चिनिन्छ। यो गा.बि.स.विकास, शिक्षा, आर्थिक र सामाजिक चेतनाको दृष्टिले लामो समयसम्म अत्यन्तै पिछडिएको गा.बि.स.को रुपमा पनि परिचित रहयो। आज त्यो गाउँ र समुदाय रेडवार्ना नेपालको कार्यक्रमको सुरुवातसँगै त्यसबाट प्राप्त प्रेरणा, स्थानीय युवाहरुमा जागेको सामाजिक परिवर्तन प्रतिको उत्सुकता साथै संगठीत र संस्थागत रुपमा जागेको जागरणले परिवर्तन हुन सम्भव भएको छ। यस परिवर्तनसंग गाउँको समग्र विकास र रुपान्तरण गर्ने आवश्यकताको बोध र तदनुसारको प्रतिवद्धताका साथ २०५२ सालमा स्थापित इन्द्रेणी समाज केन्द्रले निभाएको भूमिका पनि उल्लेखनीय रहेको कुरा स्थानीय सवैमा जगजाहेर नै छ। सामाजिक रुपान्तरणका लागि यसले जुन रफ्तारमा प्रभावकारी भूमिका खेल्यो त्यो अत्यन्तै सह्रानीय देखिन्छ। यसका लागि संस्थाको सदस्य तथा कर्मचारी लगायत यस संस्थासंग सम्बद्ध सम्पुर्ण महानुभावहरुको लगनशीलता, उत्साह र कृयशिलताको उचित कदर गर्दछु। साथै म त्यस क्षेत्रको सभासदको नाताले उहाँहरुबाट भएको उल्लेख्य कार्य प्रति हृदय देखि नै स्नहना गर्न चाहन्छु। हाल सम्पन्न हुन गइरहेको यस संस्थाको आठौं अधिवेशन तथा १६औं बार्षिक साधारण सभाको सुखद उपलक्ष्यमा हर्ष प्रकट गर्दै यसको पूर्ण सफलताको कामना पनि गर्दछु।

यस सुवर्ण अवसरमा संस्थाले विगत देखि वर्तमान्सम्म सञ्चालन गर्दै आएका कृयाकलापहरु, सकारात्मक र नकारात्मक अनुभवहरुलाई समेटदै भावी दिनमा गरिने रचनात्मक र परिवर्तनमुखी शसक्त योजनाहरुको संगालोको रुपमा प्रकाशन गर्न लागेको "इन्द्रेणी" नामक आठौं स्मारिका २०६७ को सफलताको कामना गर्दै आम जिज्ञासु, राष्ट्रिय तथा अन्तराष्ट्रिय, सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको लागि पनि जानकारीमुलक र अनुभव आदनप्रदान गर्नसक्ने उपयोगी दस्तावेजको भूमिका खेल्न सकुन् भन्ने अपेक्षा राख्दछु। संस्था सदा आफना लक्षित समुदायसंग संस्थागत तथा परियोजनगत लक्ष्य उद्देश्य अनुरुप परिणाममुखी भूमिकाका लागि अभिप्रेरित र सशक्त संस्थाको रुपमा अगाडि बढिरहन सक्षम भइरहुन् भन्ने शुभकामनाका साथ इन्द्रेणी समाज केन्द्र भिरुबास, पाल्पाको उत्तोरउत्तर प्रगतिको कामना गर्दछु। धन्यवाद।

दलबहादुर राना

☎ ०७५-५२०१२३
५२०१२४
५२०१२५

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

फ्याक्स ०७५-५२०१६९
मिति : २०६७।२।१४

पत्र संख्या :
च. नं :



# शुभकामना

इन्द्रेणी समाज केन्द्र झिरुवास पाल्पाले आफ्नो १६ औं वार्षिक साधारण सभा तथा आठौं अधिवेशनको अवसर पारेर २/२ वर्षको अन्तरालमा प्रकाशन गर्ने " **इन्द्रेणी स्मारिका** " प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ ।

२०५२ सालमा दर्ता भै जिल्लाको विकट क्षेत्रमा बसोबास गर्ने महिला, युवा, बालबालिका, जनजाति, दलित र विपन्न वर्गको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन क्रियाशील यो संस्थाले हाल आएर यस जिल्लाको अतिरिक्त नवलपरासी जिल्लामा समेत कार्य सञ्चालन गर्ने जमर्को गर्नु अत्यन्तै सकारात्मक रहेको मैले ठानेको छु ।

यस जिल्लाको अन्यन्त विकट झिरुवास गा.वि.स.लाई मूख्य थलोको रुपमा लिई त्यस भेगका लक्षित वर्गलाई उत्प्रेरित गराई विकासको मूल प्रवाहमा सहभागी गराउने, स्थानीय सीमित स्रोत र साधनलाई परिचालित गरी पिछडिएको वर्गको जीवनस्तर उकास्ने प्रयास गर्ने, समूदायबाटै आ-आफ्ना समस्या समाधानका लागि उत्प्रेरित गराउने, लक्षित वर्गको जीवनयापनमा सकारात्मक परिवर्तन ल्याउन प्रयासरत रहने, सहकारिताको विकासमा जोड दिई सदस्यहरुलाई सहकारिताको भावना प्रति उत्प्रेरित गर्ने, स्थानीय जनसमुदायलाई वातावरणीय, पर्यावरणीय महत्व र संरक्षण कार्यमा सहभागि गराउने समेतका उद्धेश्य प्राप्तिका लागि यो संस्था निरन्तर लागिपरेको मैले महसुस गरेको छु ।

अन्त्यमा, यस इन्द्रेणी समाजले यस जिल्लामा विशेष गरी जिल्लाको पूर्वी क्षेत्रमा संस्थाको उद्धेश्य अनुरुप विभिन्न कार्यक्रमहरु सञ्चालन गरी लक्षित वर्गहरुको जीवनस्तर उकास्नमा पुऱ्याएको योगदानको सह्राहना गर्दै आगामी दिनमा समेत आफ्ना कार्यक्रमहरु सुसञ्चालन गर्नमा अझ सशक्त रुपमा लागि पर्नेछ भन्नेमा म विश्वस्त रहेको छु । यस अवसरमा संस्थाका पदाधिकारी तथा सरोकारवालाहरु सवैलाई हार्दिक धन्यवाद दिदै साधारण सभा तथा आठौं अधिवेशन सफल रहोस् र प्रकाशन हुन गैरहेको **इन्द्रेणी स्मारिका २०६७** को पूर्ण सफलताको कामना गर्दछु । साथै यस संस्थाको आगामी कार्यक्रमहरु अझ बढी प्रभावकारी रहुन भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

.........................
जनकराज रेग्मी
प्रमुख जिल्ला अधिकारी
पाल्पा

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
जिल्ला विकास समितिको कर्यालय
पाल्पा

जि. प्रा. का. पाल्पा
द.नं. ३६८
मिति ०६७।१२।१०



# शुभकामना

इन्द्रेणी समाज केन्द्रले आफ्नो १६औं बार्षिक साधारण सभा तथा आठौं अधिवेशनको उपलक्ष्यमा ८ औं इन्द्रेणी स्मारीका प्रकाशन गर्न लागेकोमा निकै खुशी लागेको छ। संस्थाको यस्ता प्रकाशनहरुले आफ्ना कृयाकलाप बारे सम्बन्धित सरोकारवालाहरुलाइ आवश्यक सुचना प्रदान गर्न सहयोग पुराउदछ।

२०५२ सालमा पूर्वी पाल्पामा स्थापना भएको यो सस्थाले निकै उदाहरणीय र सराहनीय काम गरेको छ। पाल्पा र नवलपरासी जिल्लाका निकै बिकट क्षेत्र जहा राज्यको समेत पर्याप्त पहुच नपुगेको अवस्थामा पनि यो सस्थाले त्यस भेगका जनताको जिवन स्तर उकास्न गरेको प्रयास साच्चैनै प्रशंसनिय छ। आगामी दिनमा यो सस्थाले आफ्नो कार्यक्षेत्र अझ फराकिलो पार्दै ग्रामीण तथा दुरदराजका जनताहरुको जिवनस्तर सुधार गर्दै जाओस र राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा समेत आफ्नो पहिचान अग्र पंतिमा बनाउन सकोस भन्ने शुभकामना ब्यक्त गर्न चाहन्छु।

महेश अर्याल
नि.स्था.वि.अ./प्र.जि.इ.
एवं
जि.वि.स. परिवार
पाल्पा

Save the Children

# शुभकामना



इन्द्रेणी समाज केन्द्र, पाल्पाले आफ्नो ८औं अधिवेशन तथा १६औं वार्षिक साधारण सभाको अवसर पारेर इन्द्रेणी स्मारिका २०६७ प्रकाशित गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ।

बाल अधिकारको प्रवर्द्धन र कार्यान्वयनको लागि सेभ द चिल्ड्रेन र इन्द्रेणी समाज केन्द्र, पाल्पाको साझेदारीमा सन् २००० देखि पाल्पा जिल्ला तथा सन् २००३ देखि नवलपरासी जिल्लामा विभिन्न कार्यक्रम संचालन भइरहेको छ। खास गरी बालबालिकाको विकास, संरक्षण तथा सहभागिताको अधिकारलाई सुनिश्चित गरी बालबालिकाको जीवनमा परिवर्तन ल्याउन इन्द्रेणी समाज केन्द्र, पाल्पाले खेलेको भूमिका सराहनीय छ। यस स्मारिका प्रकाशनले बाल अधिकारको प्रवर्द्धन तथा कार्यान्वयनमा थप मद्दत पुग्ने विश्वास राखेको छु।

अन्तमा, इन्द्रेणी समाज केन्द्र पाल्पाको ८औं अधिवेशन तथा १६औं वार्षिक साधारण सभाको पूर्ण सफलताको साथै त्यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं। धन्यवाद।

राजेन्द्र तुलाधर
क्षेत्रीय कार्यक्रम व्यवस्थापक

**इन्द्रेणी**

**आठौं स्मारिका- २०६७**

**संरक्षक**

दमन सिंह थापा (पाटा) मगर

**सम्पादक**

रुद्र मस्राङ्गी

**सम्पादन सहयोगी**

कुल बहादुर मल्ल
राम ब. पाटा मगर
डिल बहादुर वि.क.
तेच बहादुर मस्राङ्गी
निर्मला दर्नाल

**कम्प्यूटर सेटिङ्, लेआउट**

अमृत गोतामे, बुटवल

**मुद्रण**

युनिभर्सल छपाई उद्योग
शंकरनगर, रुपन्देही मो. ९८५७०३०१७१

**पत्राचारको लागि**

इन्द्रेणी समाज केन्द्र
झिरुबास, पाल्पा
फोन : ०७५-५२००९१/०७५६९१४४२
E-mail: iskpalpa@yahoo.com
isksunawal@yahoo.com

# सम्पादकीय

सामाजिक विकास र मानवीय विकास एक अर्कामा अन्तरसम्बन्धित भएकाले मानव सभ्यताको सुरुवात देखि नै सामाजिक संस्था तथा संरचनाको बिकास भएको पाइन्छन्। मानवीय सभ्यता र विकासमा जुन परिवर्तन तथा गतिशिलता आएको छ, वर्तमान् समाज विकास र मानवीय जीवनयापनका आधारभूत संरचनामा पनि परिवर्तन देखिन्छ। मानवीय जीवनयापनशैली चेतनशिलताको स्तरले मानवीय चाहाना एवं आवश्यकतामा र विकासका गतिशिलताले सामाजिक विकास र गतिविधिमा आपसी प्रभाव पारेको देखिन्छ। यसले गर्दा मानवीय जीवनसाग प्रत्यक्ष सरोकार राख्ने गतिविधि, आर्थिक क्रियाकलाप, सामाजिक क्रियाकलाप, भौतिक निर्माण र विकास जस्ता पक्षमा समेत परिवर्तन र प्रभाव बढेका छन्।

समाजमा मानवीय आवश्यकता र चाहना परिपूर्तिका लागि सामाजिक संरचनाहरु निर्माण तथा विकास भएको पाइन्छ। ति संरचनाहरु मार्फत मानवीय आवश्यकता परिपूर्तिका लागि विभिन्न गतिविधि सञ्चालन हुने समेत गरेको छ। मानव समाज वा समुदायमा विगत देखि वर्तमान्लाई हेर्ने हो भने सामाजिक संरचना भित्र विभिन्न संघ संस्था गठन र परिचालित हुने क्रमसँगै यसको महत्व र योग्दान दिन प्रतिदिन बढ्दै गएको पाइन्छ। वर्तमान् समयमा आएर यी संघ संस्थाहरुको कार्यशैली र प्रकृतिमा भिन्नता र परिमार्जित हुदै औपचारिक र अनौपचारीक, सरकारी र गैरसकारी लगायत धार्मिक संस्था, राजनैतिक संस्था, आर्थिक तथा वित्तिय संस्था र सामाजिक विकास संस्था जस्ता उद्देश्य र क्रियाकलापको आधारमा छुट्टिने र आमसमुदायले तदनुसार नै छुट्याएर हेर्ने प्रचलन बढेको छ। अहिले नेपालमा मात्र पचासौं हजारको संख्यामा विभिन्न उद्देश्य वा प्रकृतिका संस्था दर्ता भई सक्रिय संचालित छन् भने त्यतिकै संख्यामा दर्ता र आवद्धतामा मात्र सिमित छन्। यी विभिन्न संघ संस्था भित्रको सामाजिक विकास संस्था राज्यको विद्यमान् ऐन कानुन वा नीतिनियमको परिधि भित्र रहि गठन र परिचालित भएका स्वयंसेवी र सामाजिक भावनाबाट जागृत व्यक्तिहरुको सामूहिक कार्य संयन्त्र अर्न्तगत पर्दछ। नेपाली परिवेशको सामाजिक विकास संस्थालाई हेर्ने हो भने संस्था दर्ता ऐन २०३४ अन्तर्गत सम्बन्धित जिल्ला प्रशासन कार्यालय र समाजकल्याण परिषदमा आवद्ध संघ संस्थालाई मानिन्छ। यस अन्तर्गतका संस्थाहरु विशेष गरि राज्यको नीति तथा कार्यक्रमलाई सघाउ पुर्‍याउने गरि राज्यको सघन उपस्थिती नभएका क्षेत्र, सवाल र कार्यक्रमलाई प्राथमिकता दिई सरकारसँग समन्वयत्मक रुपमा कार्य गर्ने गरिन्छ।

सामाजिक विकास संस्था भन्दैमा स्वयंसेवी भावनाले मात्र प्रेरित भई विना श्रोत साधन समाजको सवै क्षेत्र र सवालमा कार्य गर्न सकिन्छ भन्ने होइन। यसको पनि निश्चित लक्ष्य उद्देश्यका साथ योजनावद्ध कार्यक्रम हुन वा तर्जुमा गर्न जरुरी हुन्छ। आफ्नो क्षमता र उपलब्ध श्रोत साधन एवं जनशक्तिलाई सहि समयमा र सहि तरिकाले परिचालन गर्ने क्षमता सामाजिक संस्थाले राख्न आवश्यक छ। मुख्यतया सामाजिक विकास संस्थाहरुले समूदायमा राम्रोसाग घुलमिल भई समूदाय भित्रका सबै समस्या र सम्भाव्यतालाई राम्रो पहिचान गरि उपलब्ध श्रोत साधन र जनशक्तिलाई व्यवस्थित र संस्थागत दिगोपनालाई ध्यानमा राखी परिचालन गर्न जरुरी छ। सामाजिक विकास संस्था हुनको लागि कुनै ठूलो दातृनिकाय र परियोजना हुन जरुरी छैन। ठूला ठूला सभा सम्मेलन उत्सव र तालिम गोष्ठीहरु संचालन गर्न जरुरी छैन। स्थानीय समस्या र सवाललाई राम्रो पहिचान गरि समूदायको आर्थिक, सांस्कृतिक र शैक्षिक पक्षमा स्थानीय तहबाट नै समूदाय भित्र रहेका प्रचुर मात्राको जनशक्ति, अनुभव र स्थानीय रुपमा उपलब्ध श्रोत साधनलाई समुचित प्रयोग गरेर र परिचालन गर्न सक्नु पर्दछ।

इन्द्रेणी समाज केन्द्र पनि यिनै कुराहरुलाई आत्मसाथ गर्दै उल्लेखित मुल्य मान्यतालाई अँगाल्दै अघि बढिरहेको संस्था हो। कुनै पनि संस्थामा आवद्ध सदस्यहरुले आफ्नो संस्थाको बारेमा राम्रोसँग बुझ्न र संस्थाको सदस्य भइ आफ्नो भूमिका प्रति स्पष्ट हुन, साँचो अर्थमा समुदायमा स्वयंसेवी भावनाले कार्य गर्न, आफू कस्तो संस्थाको सदस्य बन्दै छ त्यो संस्थाको लक्ष्य उद्देश्य बारेमा स्पष्ट हुन र आफ्नो भूमिका प्रति पुर्ण उत्तरदायी बन्ने कुरालाई महत्व राख्दछ। यसै अनुसार नै इन्द्रेणी नामक आठौं स्मारिका पनि यिनै संस्थागत जानकारीहरु र ऐतिहासिक पक्षहरु जानकारी र अनुरोध सहित संस्थाका सम्पुर्ण सदस्य, कर्मचारी, संस्थागत तथा परियोजनागत लक्षित समुदाय, शुभ चिन्तक, पाठक वर्ग र सरोकारवाला माझ प्रस्तुत गरिएको छ। आशा छ यस स्मारिकाले तपाईलाई केही संस्थागत जानकारी दिनेछ र तपाईबाट आगामी दिनमा संस्थागत सुढृदिकरण र स्मारिकाको स्तरीकरणसंग सम्बन्धीत गहन सल्लाह सुझाव पाइरहने छ र सुधार तथा विकासको मौका प्राप्त हुनेछ।

अन्तमा यस संस्थाको आठौं स्मारिका २०६७ मार्फत लेख, रचना, शुभकामना, विज्ञापन दिई संस्था प्रति सद्भाव राखी सहयोग गर्नु हुने सम्पुर्ण शुभचिन्तक एवं सरोकारीत व्यक्ति, संघसंस्था, व्यापार व्यवसायी, पत्रकार तथा सरकारी तथा गैरसरकारी निकायका प्रमूख तथा प्रतिनिधिहरु प्रति आभार व्यक्त गर्दै यस स्मारिका प्रकाशनमा प्रत्यक्ष अप्रत्यक्ष खट्ने साधारण सदस्य, कार्यकारीणी सदस्य लगायत सम्पुर्ण कर्मचारी प्रति सम्पादक मण्डल धन्यवाद एवं कृतज्ञता प्रकट गर्दछौं। धन्यवाद।




इन्द्रेणी समाज केन्द्र, केन्द्रीय कार्यालय

# विषय-सूची


| क्र.सं. | शीर्षक | कहाँ |
|---|---|---|
| | **खण्ड "क"** | |
| | **(आवधिक आर्थिक तथा प्रगति प्रतिवेदन)** | |
| १. | प्रगति प्रतिवेदन | ३-१२ |
| २. | आर्थिक प्रतिवेदन | १२-१७ |
| ३. | इन्द्रेणीको विगत र वर्तमानसँग मेरो यात्रा | १८-२० |
| ४. | बालबालिको संरक्षण र यसका लागि सामाजिक संघसंस्थाको भूमिका | २३-२५ |
| | **खण्ड "ख"** | |
| | **इन्द्रेणी समाज केन्द्रको वर्तमान स्व-लेखाजोखा** | |
| ६. | इन्द्रेणी समाज केन्द्र झिरुबास पाल्पाको सांगठनिक स्व-लेखाजोखा प्रक्रिया (SOAP) | ३१-४३ |
| ७. | संस्थाको स्व-लेखाजोखा प्रक्रियाबाट आएका सुधार्नुपर्ने पक्षहरु | ४४-४७ |
| ८. | :बतचष्ह या तजभ क्षलमचभलष्‌ क्कबव प्भलमचब | ४७-४८ |
| ९. | सन्दर्भः इन्द्रेणी स्मारिकाको : प्रसंग संस्थागत विकास र सुशासनका | ५१-५२ |
| १०. | अपाङ्गता समावेशीकरण : हाम्रो दायित्व | ५५-५७ |
| ११. | सामाजिक विकासमा संघसंस्थाको भूमिका | ५९-६० |
| | **खण्ड "ग"** | |
| | **इन्द्रेणी समाज केन्द्रको आवधिक रणनीतिक योजना** | |
| १२. | रणनीतिक योजनाको पृष्ठभूमि अथवा औचित्यता | ६५-६७ |
| १३. | सरोकारवालाहरुबीचको सम्बन्ध, अपेक्षा, रणनीति | ६८ |
| १४. | संस्थागत विवरण | ७१ |
| १५. | इन्द्रेणी समाज केन्द्रको संक्षिप्त विवरण | ७२-७५ |
| १६. | रणनीतिक योजनाको क्षेत्र, लक्ष्य, उद्देश्यहरु, क्रियाकलाप, सुचकहरु, रणनीतिहरु | ७६-९२ |
| १७. | | |

# हार्दिक बधाई एवम् शुभकामना



यससंथाका कार्यक्रम **संयोजक रुद्र मस्राङ्गी** ज्यूले बालमैत्री अवधारणाका साथ शिक्षाको क्षेत्रमा गर्नुभएको योगदानको कदर गर्दै राष्ट्रिय शिक्षा दिवसको अवसरमा **नेपाल सरकार शिक्षा मन्त्रालयबाट संघ**, संस्थाको तर्फबाट शिक्षासेवीको रुपमा सम्मानित व्यक्तित्व **श्री रुद्र मस्राङ्गी**को अझ उत्तरोत्तर प्रगतिको कामना गर्दै उहाँको सफल प्राज्ञिक जीवनको निम्ती **मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

## दमनसिंह थापा पाटा (मगर)

**अध्यक्ष**

**इन्द्रेणी समाज केन्द्र परिवार**

झिरुबास, पाल्पा



# हार्दिक बधाई

**काउले डाँडा कबुलियती वन अन्तरसमूह** झिरुबास, पाल्पाले यस वर्षको पर्वतीय विकास पुरस्कार रु. २ लाख बाट पुरस्कृत भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

## रुद्र मस्राङ्गी

**कार्यक्रम संयोजक**

**इन्द्रेणी समाज केन्द्र परिवार,**

झिरुबास, पाल्पा

# खण्ड "क"

## आवधिक आर्थिक तथा प्रगति प्रतिवेदन (सन् २००९-२०१०)

थथथथ

# प्रगति प्रतिवेदन

**पृष्ठभूमि**

प्रमूख अतिथि ज्यू अतिथि आसनमा आसिन अतिथिगण, आजका अधिबेशन प्रतिनिधि ज्यूहरु लगाएत उपस्थित आमा बाबा दाजुभाइ दिदी बहिनी र उपस्थित अन्य सम्पूर्ण महानुभवहरु ! वर्तमान् बिकास प्रक्रिया र नेपालको वर्तमान् परिपेच्छलाई आधार मान्दै सामाजिक बिकास संस्थाको रुपमा गठित वा गैरसरकारी संस्था ऐन २०३४ बमोजिम संचालित हाम्रो संस्था इन्द्रेणी समाज केन्द्रले आज तपाईहरुको सहभागीता वा उपस्थितीमा आठौं अधिवेशन तथा सोह्रौं बार्षिक साधारण सभा सम्पन्न गर्न गईरहेको छ। राज्य र राज्य सरकारले मात्रै आफ्नो देश र देशवासीका लागि चौतर्फी विकास र सेवा पुर्‍याउन सकेको हुदैन वा संम्भव पनि रहदैन । त्यसैले हरेक देशमा आफ्नो देशको नीति, कार्यक्रम र पद्दति अनुसार गैर सरकारी संघ संस्था, नागरिक समाज, निजि क्षेत्र आदिको परिचालन र क्रियाशिल गर्न र रहन जरुरी हुन्छ। यसरी नै नेपालमा पनि विगत समय देखि नै यी निकायहरुको परिचालन र क्रियाशिल भएको पाईन्छ। विधिवत रुपमा संस्था दर्ता ऐन २०३४ लागु हुन भन्दा पहिला प्रत्यक्ष अप्रत्यक्ष, औपचारिक एवं अनौपचारिक रुपमा सामाजिक संघ संस्थाले विभिन्न ढंगबाट कार्य गर्दे आईरहेको प्रशस्त उदाहरणहरु पाइन्छन् । हाल आएर नेपालको परिवेशको कुरा गर्ने हो भने सरकारी निकायको वलियो आधार वा विकास वहाकको रुपमा गैर सरकारी र निजि क्षेत्रले निर्वाह गरिरहेका छन्। राज्यको सेवा विस्तार र पहुंचमा साच्चिकै लक्षित समुदायहरुलाई सरिक गराई विकास लक्ष्यमा समाहित गराउन गैर सरकारी संघ संस्थाको ठूलो योग्दान रहेको छ। इन्द्रेणी समाज केन्द्र पनि यिनै परिवेशमा स्थापित भई परिचालित समेत रहदै आएको एक सामाजिक विकास संस्था हो । विगत २०५२ सालमा झिरुवास गा.वि.स.का युवाहरुको सक्रियतामा गठित युवा क्लव २०५३ सालमा इन्द्रेणी समाज केन्द्रको रुपमा रुपान्तरित भएको यो संस्था समुदायमा आधारित सामाजिक विकास संस्थाको रुपमा स्थापित भएको छ। स्थापना काल देखि ग्रामीण समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक आदि विकासमा समर्पित यस संस्थाले युवा/बालबालिका, महिला विपन्न र दलितहरुलाई लक्षित अधिकारवाला समुदायको रुपमा लिई तिनीहरुको जीवन स्तरमा सकारात्मक परिवर्तनका लागि तिनीहरुको अधिकार प्रवर्द्धन, आयमा वृद्धि साथै संस्थागत विकासको ध्ययेलाई अगाडि सारेको छ। यिनै मिशनमा कार्य गर्दे "न्यायोचित र समतामूलक समाज" को परिकल्पना गरेको छ

इन्द्रेणी समाज केन्द्र यिनै मूल्य मान्यतामा रहि कार्य गर्ने दौरानमा हिजो झोलामा अफिस राखी चउरमा एउटा माइन्यूट रजिष्टर लिई बैठक बस्दै संचालित भएको अवस्थाबाट आजको यो अवस्थासम्म आई पुगेको छ। यो अवस्थामा आई पुग्न सरल र एक व्यक्तिको प्रयासले मात्र सम्भव पक्कै पनि थिएन, तपाई हामी सवैको मेहनत, परिश्रम, धैर्यता नै प्रमुख थियो । हो आज हामी सवैबाट सम्पन्न छौ भन्न खोजिएको भने पक्कै होइन तर विगत र आज तुलना गरी हेर्दा खुशी हुने केहि आधार भने सृजना भएको छ । आज हामी सातौं अधिवेशन पछिको पन्ध्रौं वार्षिक साधरण सभा हुदैं आठौं अधिबेशन र सोह्रौं बार्षिक साधारण सभाको क्रममा छौं। यो समय हाम्रा लागि विशेष समय हो । आज हामी इन्द्रेणीको बिधानत सातौं कार्य अवधिको पुरा गरि आठौं कार्यकालको पहिलो वर्ष प्रवेशको क्रममा छौं। तसर्थ सम्पूर्ण सदस्य एवं प्रतिनिधि मित्रहरुलाई ध्यानाकर्षण गराउदै गत सातौं अधिवेशनबाट पारित दस्तवेज र सो पछि हालसम्म भएका प्रमुख उपलव्धी र हासिल गरेका सिकाइहरु, आर्थिक तथा प्रगति प्रतिवेदनको रुपमा र आगामी कार्यक्रम तथा बजेट प्रस्तावको रुपमा प्रस्तुत हुन गईरहेको कुरा जानकारी गर्दे सो माथि गहन छलफल, विचार विमर्श दिई हाम्रो प्यारो संस्था इन्द्रेणी समाज केन्द्रको भावी कार्यक्रम कार्यन्वयनका लागि आवश्यक आधारहरु वा मार्ग निर्देश बारे स्पष्ट र अझ जुझारु बनाउन तपाईहरुबाट ठूलो अपेक्षा लिइएको छ । त्यसका लागि आवश्यक यहाँ प्रस्तुत गरिने सवै प्रतिवेदनहरु ध्यानपूर्वक सुनेर बन्द सत्रमा आधिकारीक निणर्य र बहस गर्नु हुन र अमूल्य बिचारहरु राख्न मद्दत पुग्ने गरी यस खुल्ला सत्रमा टिपोट गर्न र टिपोट गरी यस संस्थामा उपलव्ध गराउनु हुन अनुरोध गर्दै यस सत्रका कार्यक्रम संचालकलाई कार्यतालिका अनुसार सवै प्रगति प्रतिवेदन लगायत आगामी कार्यक्रम तथा वजेट एवं अन्य प्रस्तुतीहरु क्रमश प्रस्तुत गर्न र गराउनु हुन हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

प्रस्तुती अध्यक्ष दमन सिहं थापा ।

**प्रगति प्रतिबेदन**

आदरणीय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथि, ड्यासमा आसिन अतिथिगण, बार्षिक साधारण सभाका प्रतिनिधि ज्यूहरु र उपस्थित दाजु भाइ दिदी वहिनी साथै

अन्य वुद्धिजीवि महानुभावहरु ।
आज हामी इन्द्रेणी समाज केन्द्रको आठौं अधिवेशन तथा सोह्रौं वार्षिक साधारण सभा, "लक्षित समुदायको अधिकार प्रवर्द्धन, आयमा वृद्धि र आधारभूत सेवामा सुविधा, न्यायोचित तथा समतामूलक समाजको लागि समाहिता र सुशासनमा प्रतिबद्धता " भन्ने मूल नाराका साथ सु-सम्पन्न गर्न गई रहेका छौं । मूलुक आज परिवर्तनको मोडमा छ मुलुकले आज परिवर्तन चाहि रहेको छ। त्यो परिवर्तन लोकतान्त्रिक पद्दतिमा उपेक्षित, उत्पीडित जाति, वर्ग र समुदायका पहुंचमा हुने ढंगको परिवर्तन भनि रहेको छ । समाहिता तथा समतामूलक समावेसीका लागि आवाज उठीरहेको छ । सवैका मनमष्टिकमा नयाँ नेपालको परिकल्पना र अनुभूति पाउन आतुर र शौकिन भएको अवस्था छ । इन्द्रेणी समाज केन्द्रको यो अधिबेशन वा यो बार्षिक साधारण सभा पनि यिनै परिस्थितिमा भइरहेकोले यस अवस्थालाई आत्मसात गरि आफ्नो नीति र कार्यक्रम तर्जुमा र कार्यन्वयनमा प्रतिवद्ध रहदै आगामी दिनमा सफल कार्यन्वयनका लागि आवधिक प्रतिबेदन वा मार्ग निर्देशको रुपमा आएको छ भन्ने विश्वास दिलाउन चाहन्छौ ।

प्रतिनिधी साथीहरु, इन्द्रेणी समाज केन्द्रले सातौं अधिवेशन र चौधौ वार्षिक साधारण सभाले म्यान्डेट गरेका आधारभूत कुराहरुलाई कार्यन्वयन गर्ने क्रममा हालसम्म के कस्ता उपलव्धीहरु हासिल गरे र मुख्य सिकाईहरु के के रहे भन्ने विषयललाई प्रमुख बनाई यो आर्थिक तथा प्रगति प्रतिवेदन संक्षेपमा प्रस्तुतिको लागि म अनुमति चाहन्छु । साथीहरु इन्द्रेणी समाज केन्द्रले विशेष गरि सातौं अधिवेशन र चौधौ वार्षिक साधारण सभाबाट पारित दस्तावेजहरु नेपालको एक संक्रमण कालको परिस्थितिमा बिद्यमान ऐन कानुन तथा कार्यक्रमको प्रारम्भसंगै थालनी गरेका थिए । राज्यको बद्लिदो परिस्थिती वा अस्थिर संकारको अस्थिर नीति तथा कार्यक्रमसंगै आएको थियो यो अस्थिरता र हाम्रा कार्य शैलीमा पनि प्रभाव पारेको वा कार्यक्षेत्रमा यसको प्रभाव रहदै आएको अवस्था थियो । राज्य अहिले विविध समस्यालाई चुनौतीका साथ सामना गर्दै नेपालको नयाँ संविधान निर्माणका लागि केन्द्रित भई आफनो कार्यक्रम र बजेट प्रस्तुत गरिरहेको अवस्था छ । यिनै परिवेशको माझ इन्द्रेणी समाज केन्द्र पनि गत पारित दस्तावेजले निर्धारण गरेका नीति कार्यक्रमलाई कार्यन्वयन गर्ने क्रममा केहि सफलता र उपलव्धी हासिलका लागि उचित समायोजन सहित कार्य अगाडि बढाएको छ । यी समायोजनसंगै यस अवधिमा महत्वपूर्ण उपलव्धी र सिकाई समेत भएको छ । यसरी सातौं अधिवेशन र चौधौ वार्षिक साधारण सभा पश्चातको उपलव्धी र सिकाईलाई यहां क्रमश प्रस्तुत गर्न चाहन्छु ।

उपस्थित प्रतिनिधिहरु, अतिथिगण लगायत कर्मचारी मित्रहरु र अन्य महानुभवहरु, इन्द्रेणी समाज केन्द्रको आज आठौं अधिवेशन तथा सोह्रौं वार्षिक साधारण सभाको अवसरमा आवधिक प्रगति प्रतिवेदनहरु प्रस्तुत गर्ने क्रममा म यहाँहरु माझ मुख्यतया संस्थागत विकास सम्वन्धी प्रतिवेदन, कार्यक्रमगत प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन गरि तीन खालको प्रतिवेदन प्रस्तुत हुन गईरहेको जानकारी गराउन चाहन्छु । साथै उक्त तीनवटा प्रतिवेदन मध्ये दुईवटा प्रतिवेदन संस्थाको कार्यक्रम संयोजक म रुद्र मस्राङ्गीबाट र वाँकी एकवटा प्रतिवेदन संस्थाका लेखा तथा प्रशासकीय अधिकृतवाट हुन गईरहेको कुरा समेत अवगत गर्न चाहान्छु ।

**(क) संस्थागत विकास प्रतिवेदन**

उपस्थित प्रतिनिधि साथीहरु, माथि उल्लेख जिम्मेवारी मध्येको पहिलो संस्थागत विकास सम्वन्धि प्रतिवेदनलाई अगाडि सार्ने क्रममा यस अवधिसम्म करिव दुई वर्षको अवधिलाई मात्र यो प्रतिवेदनले समेटेकोछ । जस अनुसार गत सातौं अधिवेशन र चौधौ वार्षिक साधारण सभा पछि आजको दिनसम्मलाई पुनरावोलकन गर्दा संस्थागत पक्षमा नयाँ पदाधिकारीहरुको चयन र पारित दस्तावेज तथा कार्यक्रम र वजेटलाई मध्ये नजर गरि यो प्रतिवेदन तयार भएको पनि निवेदन गर्न चाहान्छु । अत यस संस्थागत विकास सम्बन्धी प्रतिवेदनको क्रममा इन्द्रेणी समाज केन्द्रको सातौं अधिवेशन र चौधौ वार्षिक साधारण सभा गत २०६५ फाल्गुण २३ देखि २५ र पन्ध्रौं बार्षिक साधारण सभा २०६६ फाल्गुण १३ गते सम्पन्न भई यस क्रमसम्ममा भएका उल्लेखनीय कार्य र गत दिनको कार्यक्रमहरुलाई निरन्तरता दिदै केहि नयाँ कार्यक्रम, नयाँ संरचना र जिम्मेवारी वा विधिमा समेत अभ्यास गर्न थालिएकोछ । मुख्यतया नव निर्वाचित पदाधिकारीहरुको आगमन पछि कार्य समिति तथा उपसमूह तहसम्मको वैठक नियमित रहदै चौबिसौं बैठकसम्म नियमित ढङ्गले सम्पन्न भएको छ । उपसमूह तहसम्मको वैठक र संस्थागत विकासलाई विशेष महत्वका साथ लिएको छ । जस अनुसार यसै अवधिमा उपसमूह तहमा भएको सदस्य वचत कार्यक्रमलाई सहकारी ऐन अन्तर्गत छुट्टै व्यवस्था गरि सहकारीमा विधिवत हस्तान्त्रण गर्ने कार्य सम्पन्न भएको छ । उपसमुहलाई तिनीहरुको अग्रसरता र सम्भाव्यतालाई मध्यनजर गरी एक समुह एक पहिचानको अवधारणा उद्घोष गरी संस्थागत गर्न र समन्वयत्मक कार्य संचालन गर्न प्रयास भएको छ । आदरणीय प्रतिनिधी साथीहरु यसै अवधीमा सदस्य लगायत कर्मचारीहरुको क्षमता विकासलाई

ध्यान दिई सामाजिक संस्था विकास, एवं सामाजिक विकास सहजीकरण तालिम, अध्ययन अवलोकन भ्रमण, विभिन्न सवालमा तालिम गोष्ठी संचालन गर्न सक्षम भएकोछ । संस्थाको कर्मचारी तथा वोर्ड सदस्यहरुमा आवश्यक जिम्मेवारी वाँडफाँड सहित उत्तरदायी वहन गराउने र आवश्यक हेरफेर गर्ने कार्य समेत यस अवधिमा भएको कुरा अवगत गर्न चाहान्छु । यसका साथै संस्थाको कर्मचारी लगायत वोर्ड सदस्यहरु र अन्य जिम्मेवार सदस्यहरुलाई कार्यक्रमको प्रकृति र जिम्मेवारी अनुसार विभिन्न गोष्ठी र तालिममा पठाउने वा सहभागी गराउने कार्य पनि भएको जानकारी गर्न चाहान्छु । संस्थाको समन्वयत्मक कार्यलाई हेर्दा गत समन्वय सम्बन्ध र साझेदारीलाई निरन्तरता दिदै शिक्षा कार्यालयको साझेदारीमा सवैका लागि शिक्षा कार्यक्रम अन्तरगत विद्यालय भौतिक सहयोग कार्यक्रम, ह्याण्डिक्याप तथा सि.बि.आर.पाल्पाको साझेदारी र समन्वयमा अपाङ्गता समाहिताका लागि सामजिक परिवर्तन तथा सशक्तिकरण कार्यक्रम, बेस मार्फत Room To Read सँग विद्यालय पुस्तकालय सहयोग र रेडासँग सुधारिएको चुलो कार्यक्रमका लागि थप साझेदारी गरि कार्य गर्ने काम पनि यस अवधिमा निरन्तर रहेको थियो । यसका साथै लिस्प हेल्भेटासको कार्यक्रम फेज आउट पछिको आन्तरिक कार्यक्रममा निरन्तरता, सेभ द चिल्ड्रेनसँगको पाल्पा तथा नवलपरासीमा CAAFAG पुनर्एकिकरण तथा सहयोग कार्यक्रमले समयवधी थप भई चौथो चरण सम्पन्न गर्न सफल भएको छ । यस्तै यसै अवधीमा सेभ द चिल्ड्रेनसँगकै साझेदारीमा नवलपरासी जिल्लामा एच.आई.भी.र एड्स रोकथाम कार्यक्रम थप सञ्चालन गर्न सफल भएको जानकारी गर्न चाहान्छु । यसका साथै यस अवधिमा जि.वि.स. पाल्पा र TBSU हेल्भेटासको सझेदारीमा RAIDP र SWAP अन्तर्गतको झोलुङ्गे पुल कार्यक्रममा पनि निरन्तरता दिन सक्षम भएको छ । यिनै मुख्य कार्यहरुका अलवा झिरुबास र अर्चलेका १०० घरमा भिलेज सोलुशन नेपालसंगको समन्वयमा सौर्य टुकीमारा बत्ती वितरण गर्न सक्षम भएको छ । पाल्पा जिल्लामा नै नमुनाको रुपमा कवुलियती वन स्थापना सोंचका साथ सम्बन्धित दातृ निकायसंग समन्वय गर्ने कार्यमा पनि भूमिका खेलेको कुरा यहां निवेदन गर्न चाहन्छु । लिस्प हेल्भेटासको फेजआउट पछि महिला पेवा विकासका लागि आयआर्जन कार्यक्रम तथा जिल्ला पशुसेवा कार्यालयबाट प्राप्त बाखा पैंचो कार्यक्रमलाई पनि निरन्तरता दिइरहेको कुरा अवगत गर्दछु । संस्थाको कार्यक्रम र कार्य अवधी वा प्रकृति बमोजिम यसै अवधीमा युवाका लागि शिक्षा तथा शान्ति र विकासका लागि युवा तथा बालबालिका कार्यक्रम पाल्पाका थप ३ गा.बि.स.सिलुवा, खालीबन र बिरकोट र नवलपरासीका हुप्सेकोट, मैनाघाट र देउरालीबाट फेजआउट गर्ने कार्य पनि यसै अवधिमा भएको जानकारी गर्न चाहन्छु । यस्तै गरी ह्याण्डिक्याप इन्टरनेश्नलको साझेदारीमा सञ्चालित अपाङ्गता समाहिताका लागि सामजिक परिवर्तन तथा सशक्तिकरण कार्यक्रम पनि २०१० को अन्तमा फेजआउट गरिएको कुरा निवेदन गर्न चाहान्छु । आदरणीय सभाध्यक्ष महोदय तथा प्रतिनिधी साथीहरु संस्थागत कार्य प्रगति प्रतिवेदन कै क्रममा संस्थाको कार्यालय व्यवस्थापन अन्तर्गत झिरुबासको केन्द्रिय कार्यालय, तानसेनको सम्पर्क कार्यालयलाई आवश्यक तालिम हल तथा अन्य सामाग्री र उपकरण सहित विस्तार गरिएको छ भने नवलपरासीको सुनवल हुदै रामग्राम नगरपालिकामा फिल्ड कार्यालयको रुपमा स्थापना गरी दैनिक कार्य सञ्चालन गर्ने गराउने कार्य यसै अवधीमा भएको छ । यी कार्यालयहरु मध्ये तानसेन तथा रामग्राम स्थित कार्यालयमा आवश्यक पुर्वाधारहरु तयार गरि कम्प्युटर आदि थप व्यवस्थापन गर्ने, इमेल इन्टरनेटको व्यवस्थापनमा पनि निरन्तरता दिदै थप व्यवस्थित गर्ने खादरको अफिसलाई ग्रीष्मकालिन तालिम संचालन केन्द्र स्थापनाको सोंच सहित विविध व्यवस्थापन गर्ने कार्य पनि यसै अवधि देखि नै निरन्तर रहेको कुरा अवगत गर्न चाहन्छु ।

प्रतिनिधी साथीहरु यस अवधीलाई संस्थागत पाटोबाट फर्केर हेर्दा खासै सन्तोषजनक अवस्था पाइएको छैन यस अर्न्तगतका केही पक्षहरुलाई केलाई यो प्रतिवेदन यहाँहरु माझ जस्ताको तस्तै राख्न प्रयास गरेको छु । यसलाई तितो सत्य सम्झेर आगामी दिनमा थप सुधारका लागि मार्ग निर्देश ठान्नु हुन अनुरोध छ । वर्तमान अवस्थामा यो संस्था पाल्पाका पश्चिम क्षेत्र र नवलपरासी जिल्लालाई प्रमुख कार्यक्षेत्र बनाई कार्य गरिरहेको छ भने प्रधान कार्यालय सहित कार्यसमिति तथा साधारण सदस्य झिरुबास, प्रमुख कारोबार गर्ने अफिस तानसेन भई संचालनमा रहेको छ । हो अहिले संस्थाले जटिल मोडमा यात्रा गरिरहेको छ । हिजोको संस्थागत छवी वा प्रतिष्ठालाई कसरी जोगाउने भन्ने गम्भिर संघारमा उभिएको समेत जानकारी गर्न चाहान्छु । संस्थाको यस अवधिमा कर्मचारीहरुमा हेरफेर, दातृ निकायको रणनीति तथा कार्यक्रममा परिवर्तन, संस्थाको आन्तरिक संरचनामा फेरवदल र कार्य समितिको अपेक्षाकृत सक्रियतामा अभाव, सदस्यहरुको बुझाई स्तरको कमी, कर्मचारीहरुमा केवल जागिरे भावनामा कार्य संचालन जस्ता कुराले संस्थाको यो स्थिति सृजना भएको छ । तैपनि यस्ता समस्याको बावजुत संस्थाको इज्जत, प्रतिष्ठा र छवीलाई उच्च राख्दै कार्य गर्न प्रयासरत रहेको समेत छ । यस अवस्थालाई जस्ताको तस्तै तपशिलको सवलपक्ष,

कमजोर पक्ष, चुनौतीका पक्ष र संस्थागत अवसर र आगामी मार्ग निर्देश गरी समग्र संस्था र प्रशासनिक तवरबाट औल्याउन प्रयास गरिएको छ । ति निम्न प्रकार छन् ।

| **संस्थागत सवल पक्षहरु** | **संस्थागत कमजोर पक्षहरु :** |
|---|---|
| ❖ संस्थागत सदस्य संरचना तथा स्थानीय सदस्य हुनु ।<br>❖ संस्थागत आधारभूत नीति तथा भौतिक व्यवस्थापन ।<br>❖ सहमति र विश्वासको प्रचलन वा संस्कारको विकास<br>❖ समय सापेक्षा कार्यक्रम कार्यान्वयन र साझेदारी ।<br>❖ संस्थागत लेखा परिक्षण,साधारण सभा अधिवेशन र नविकरण आदिमा नियमितता ।<br>❖ प्रशासनिक नीति नियमावली तयार भएको ।<br>❖ विषय वस्तु अनुसार कार्य विभाजन गरी कार्यान्वयन<br>❖ आवश्यकता अनुसार विषयगत दक्ष जनशक्तिखोजी तथा जिम्मेवारी (वढुवा) दिने प्रकृया भईरहेको ।<br>❖ भौतिक पूर्वाधार तथा सामाग्रीहरुको व्यवस्था भएको ।<br>❖ संस्थागत विकास तथा दिगोपनाको लागि श्रोत जटाउने कार्य हुनु । | ❖ सचेत र प्रतिवद्ध सदस्यहरुको अभाव ।<br>❖ विषयगत दक्ष ब्यक्ति/जनशक्तिको अप्रयाप्तता वा कमी ।<br>❖ दिगो र आफ्नै श्रोत साधनको अभाव तथा परिचालनमा कमी<br>❖ दोश्रो पुस्ता नेतृवकर्ताको कमी ।<br>❖ अनुगमन,मूल्याङ्कन नियमितता नहुनु ।<br>❖ अभिलेखन तथा प्रचार प्रसारमा कमी ।<br>❖ संस्थागत कार्य खटाई अनुसार उचित मूल्याङ्कन नभएको ।<br>❖ संस्थाको स्वामित्वमा भवन नहुनु ।<br>❖ संस्थाको विकाससंग सँगै बोर्ड सदस्यहरुको सक्रियता नहुनु । |
| **संस्थागत अवसरहरु** | **संस्थागत चुनौतिहरु** |
| ❖ समुदायको संस्था प्रति बढदो विश्वासनियतामा विकास<br>❖ संस्थाले लिएको नीति तथा कार्यक्रममा राज्यले लिएको नीतिसंग मेल खानु ।<br>❖ स्वायत्तरुपमा कार्य सञ्चालन गर्न पाउनु ।<br>❖ कार्य गर्ने क्षेत्र आधारहरु प्रशस्त हुनु ।<br>❖ कर्मचारीहरुले आफ्नो दक्षता अनुसार कार्य जिम्मेवारी पाउनु ।<br>❖ संस्थाको कार्य प्रगति अनुसार दातृ निकायहरुको प्रवेश | ❖ राज्य/सरकारको बदलिदो, नीति र परिस्थिति ।<br>❖ समुदायको बढ्दो महत्वकांक्षा ।<br>❖ संस्थागत बुढयौलीपना ।<br>❖ अस्वच्छ प्रतिस्पर्धा ।<br>❖ दातृ निकायको नीति र संस्थागत नीतिमा फेरवदल भइरहनु ।<br>❖ कार्यक्रमको परिवर्तन संगै जनशक्तिको परिवर्तन |

**संस्थागत मार्ग निर्देशनः**

- ❖ फरक फरक र नयाँपनमा ध्यान दिनु पर्ने ।
- ❖ आफ्नै श्रोत साधनमा कार्यक्रम सञ्चालन प्रारम्भ गर्न थाल्नु पर्ने ।
- ❖ दिगो श्रोत साधन र परिचालनमा ध्यान दिनु पर्ने ।
- ❖ सदस्य सचेतना र प्रतिवद्धताका लागि सचेतनामूलक कार्यक्रम गर्नु पर्ने ।
- ❖ कार्यक्रम थोरै तर परिणाममुखी गर्ने नीति लिनु पर्ने ।
- ❖ संस्थाको नीतिगत आधार वा प्रक्रियामा नियमितता दिनु पर्ने ।
- ❖ समय सापेक्ष जनशक्तिको विकास गर्दै लैजानु पर्ने ।
- ❖ स्थानीय तहमा सञ्चालित कार्यक्रमलाई एकिकृत गर्दै लैजानु पर्ने ।

- ❖ संस्थाको VMGO अनुसार दातृ निकाय खोज्दै जानु पर्ने।
- ❖ संस्था दिगोपनाको लागि संस्थाले बैकल्पिक स्रोतहरुको खोजी गर्नु पर्ने।
- ❖ संस्थाको बलियो र स्पष्ट नीति नियम हुनु पर्ने।

**(ख) कार्यक्रम प्रतिवेदनः**

सभाका सभाध्यक्ष महोदय, उपस्थित अतिथिगण, प्रतिनिधि साथीहरु लगायत उपस्थित अन्य महानुभवहरु, अव म प्रगति प्रतिवेदन कै क्रममा कार्यक्रमगत प्रगति प्रतिवेदन प्रस्तुतीको लागि अनुमति चाहान्छु। प्रतिनिधि मित्रहरु, यहाँहरुलाई विदितै छ संस्थावाट सञ्चालित कार्यक्रमहरु र यसको कार्यक्षेत्र वारे। तसर्थ ती कार्यक्रम र कार्यक्षेत्रवारे प्रतिवेदन संक्षिप्त रुपमा यस प्रकार रहेको कुरा निवेदन गर्दै कार्यक्रम पिच्छेको मोटामोटी प्रतिवेदन प्रस्तुतीलाई अगाडि सार्न चाहन्छु।

**१ः युवा/बालबालिकाका लागि शिक्षा, शान्ति र विकासका लागि युवा/बालबालिकाका कार्यक्रम**

यो कार्यक्रम विगत चार वर्ष अगाडि देखि सेभ द चिल्ड्रेनसँगको साझेदारीमा संचालन भएको कुरा अवगत नै छ। यो कार्यक्रम पाल्पा र नवलपरासी जिल्लाका सातौं अधिवेशनपूर्व १३ वटा गा.वि.स.हरुमा र त्यस पश्चात केहि गा.बि.स.हरु फेजआउट गरी हाल पाल्पा जिल्लाको पश्चिम क्षेत्रका जम्मा ६ वटा गा.बि.स देउराली, सिद्धेश्वर, सोमादी ,ख्याहा, बौघापोखराथोक र बौघागुम्हालाई केन्द्रित गरी कार्य सञ्चालन वा कार्यान्वयन भइरहेको कुरा जानकारी गराउन चाहान्छु। यस कार्यक्रमको गत सन् २०१० सम्म बेस तथा समाज उत्थानको समेत वैधानिक नेतृत्व इन्द्रेणी समाज केन्द्रले गरिरहेको अवस्था थियो भने यस वर्ष कार्यक्रम संयुक्त रुपमा कार्यान्वयन गर्ने क्रममा इन्द्रेणीमा आएका विभिन्न अप्ठ्याराहरुलाई ध्यान दिदै तीनैवटा संस्थाहरुको अलग अलग वैधानिकतामा संञ्चालन प्रारम्भ गरिएको छ। यस कार्यक्रम विशेष गरी १३ देखि १९ उमेर समुहका बालबालिकाका/युवा लाई प्रमुख लक्षित वर्ग बनाई शिक्षा क्षेत्र र युवा जीवीकोपार्जनसंग केन्द्रित भई सञ्चालित रहेको छ। यस कार्यक्रम अर्न्तगत हाल कार्यालय सहयोगी सहित जम्मा ६ जना कर्मचारीहरु कार्यरत रहेका छन्। यो कार्यक्रमलाई आवाधिक तथा वार्षिक पुनरावलोकन गरि हेर्दा दातृ निकायबाट भएको मद्यावधिक मुल्याङ्कन पछिको विविध सल्लाह र सुझावलाई विशेष ध्यान दिएको छ। परियोजनगत पुर्व लक्ष्य तथा प्रक्रियालाई समायोजन गर्न यस अवधीमा विशेष पहल भएको छ। मुख्यतया युवा तथा वालवालकिाहरुको अधिकार प्रवर्द्धन अन्तर्गत समुदाय तहमा उनीहरुलाई संस्थागत र सशक्त रुपमा प्रस्तुत गर्ने, सरोकारीत निकायहरु समक्ष समन्वय सम्बन्ध स्थापित गर्ने, आवश्यक सचेतना, क्षमता विकास र समन्वयत्मक साझेदारीलाई सन्तुलन गरि प्रस्तुत भएको छ। उल्लेख प्रक्रिया अनुसार तिनीहरुको शिक्षा, स्वास्थ्य, सुचना, जीवीकोपार्जन तथा पुनर्स्थापना सेवामा यस अवधीको कार्यक्रम केन्द्रित भएको निवेदन गर्न चाहन्छु। यो कार्यक्रमको कार्यक्षेत्र सीमित भएको कारण नतिजा उन्मुख भई कार्य सञ्चालन भएकोछ। साथै सम्बन्धित दातृनिकायसंगको साझेदारीमा यो वर्ष सन् २०११ अन्तिम वर्ष समेत भएकोले प्रारम्भिक लक्ष्य उद्देश्यलाई विशेष ख्याल गरी संञ्चालन समेत भएको छ। निर्धारीत समयमा नै पूर्ण फेज आउट गर्ने गरि सरोकारीत युवा तथा वाल निकायहरुलाई क्रियाशिल र संस्थागत विकास वा क्षमतामा जोड दिएकोछ। स्थानीय तहमा क्रमश सोही पद्दतिमा कार्य गर्ने उचित भूमिका खेल्ने गरि आवश्यक संरचनाहरु तयार गरि कार्य गर्ने प्रारम्भ भएको छ। यसका अलवा युवा तथा वालवालिका सम्वन्धि अन्य कार्यक्रमहरुलाई समायोजन गरि समुदाय स्तरमा थप सघनता ल्याउन पनि यस अवधिमा धेरै पहल भई सफल समेत भएको छ।

**२ः महिला पेवा विकासका लागि आयआर्जन तथा संस्थागत किास कार्यक्रम**

प्रतिनिधि मित्रहरु, प्रगति प्रतिवेदनको क्रममा म अव विगतमा लिस्प हेल्भेटासको साझेदारीमा संचालित कार्यक्रमको यस अवधीको गतिविधिलाई प्रस्तुत गर्न अनुमति चाहान्छु। विशेष गरि विगत १०/११ वर्ष देखि ग्रामीण क्षमता महिलाहरुलाई लक्षित गरि तिनीहरुको महिला समुह लगायत सरोकारीत स्थानीय संघ संस्थाको साझेदारीमा संचालित यस कार्यक्रमले पनि यस अवधीमा  नियमितता नै पायो। यस अवधिमा लिस्प पाल्पावाट नै फेज आउट भए पछि यसको प्रभाव यस संस्थालाई पनि परेको कुरा निवेदन गर्न चाहान्छु। यस परिस्थिति अनुसार इन्द्रेणी

समाज केन्द्रको विगतका २ जना जनशक्तिलाई यस पटक १ जनामा सीमित गर्न वाध्य भएकोछ। संस्थागत नयाँ कार्यक्रमहरु खासै केहि नभएकोले घुम्तिकोष परिचालनलाई मात्र जोड दिईएको छ। यस अवधीमा विशेष गरि गाँडाकोट, सहलकोट, झिरुवास, मित्याल, वाकामलाङ्ग र गल्धालाई कार्यक्षेत्र वनाई १७ वटा महिला समूहसँगको साझेदारीमा कार्य गरिरहेको थियो। यस अन्तर्गत हाल घुम्तिकोषको रुपमा मात्र कार्यक्रम निरन्तर संचालन भइरहेको छ। तर यस घुम्तीकोष रकमको समयमा भाखा वमोजिम अशुली गर्न भने कठिनाई भईरहेको कुरा पनि निवेदन गर्न चाहान्छु। यस कार्यक्रममा घुम्तिकोष परिचालनको अलवा सदस्य क्षमता विकास, वचत, सामाजिक सहजीकरण एवं संस्थागत विकासका कार्यहरु पनि केहि समूहहरुमा संचालन भएको कुरा जानकारी गर्न चाहान्छु भने नियमित रुपमा पशु सेवा कार्यालयहरुको समन्वयमा र संस्थाको आन्तरिक तवरवाट पनि डेन्चिङ्ग, क्यास्ट्रेशन, भ्याक्सिन लगायत पशु स्वास्थ्य शिविर समेत संचालन गरे गराएको कुरा जानकारी गर्न चाहान्छु । भने यस कार्यक्रमलाई सघाउ पुग्ने गरी आयआर्जन अन्तर्गत बाख्रा पैंचो कार्यक्रम यसै झिरुबास गा.बि.स.मा केन्द्रित गरी संचालन गरीरहेको छ। यो कार्यक्रम भने संस्थागत वा कार्यक्रमगत अवधारणा अनुसार प्रभावकारी रुपमा नै संचालन भईरहेको छ।

**३. झो.पु.प्राविधिक सहयोग तथा सामाजिक परिचालन सहयोग कार्यक्रम**

प्रतिनिधि तथा अतिथिगण लगायत अन्य महानुभवहरु, यस संस्थावाट संचालित कार्यक्रम मध्ये झोलुङ्गे पुल प्राविधिक सहयोग तथा सामाजिक परिचालन सहयोग कार्यक्रम पनि एक हो। यो कार्यक्रम अन्तर्गत पाल्पा जिल्लामा यस संस्था मार्फत प्रारम्भ देखि हालसम्ममा २६ वटा नयाँ झोलुङ्गेपुल निर्माण, १० वटाको वृहत मर्मत कार्य सम्पन्न गरिएको छ भने झो.पु. मापदण्ड अनुरुप आवश्यकता पहिचान (Need Assessment) गरी पाल्पा जिल्लाको मुलमाग संकलन गरी १२१ वटा नयाँ पुल माग सुची तयार गरिएको छ। यसका साथै हालसम्म पाल्पा जिल्लामा निर्माण भई सञ्चालनमा रहेका पुलहरुको स्थलगत अवलोकन र निरक्षण गरी पाल्पाका विभिन्न नदि नालामा अवस्थित ११६ वटा पुलको प्रोफाईल तयार पारिएको छ। आवद्यिक रुपमा भन्ने हो भने नयाँ र पुरानो कार्यादेश अनुसार यस अवधीमा जम्मा ६ वटा झो.पु. निर्माण सम्पन्न गरिएको देखिन्छ। यसै वर्षको कुरा गर्ने हो भने २ वटा कार्य सम्पन्न भएको छ भने २ वटा निर्माणधिनको अन्तिम चरणमा कार्य भइरेको र ४ वटा प्रारम्भिक चरणमा कार्य थालनी भएको छ। उपस्थित महानुभवहरु, यस कार्यक्रम अन्तर्गत यो अवधीमा हालै मात्र पाल्पाका सवै पुल निरक्षक वा हेरालुहरुलाई पुल निरक्षण सम्बन्धी तालिम दिइएको छ। यस कार्यक्रम अन्तर्गत वहु साझेदारी प्रक्रियामा कार्य गर्दा समयमा कार्य सम्पन्न गर्न अप्ठ्यारो रहेको व्यवहोरा निवेदन गर्न चाहान्छु। साथै यसै अन्तर्गत संस्थामा दुई जना कर्मचारीवाट कार्य कार्यान्वयन भई रहेको समेत म निवेदन गर्न चाहन्छु।

**४. अपाङ्गता समाहिताका लागि सामाजिक परिवर्तन तथा सशक्तिकरण कार्यक्रम**

प्रतिनिधि साथीहरु, यो कार्यक्रम इन्द्रेणी समाज केन्द्रबाट HANDICAP INTERNATIONAL तथा CBR पाल्पाको समन्वय साझेदारीमा संचालित कार्यक्रम हो। यो कार्यक्रम विशेष गरि अपाङ्गतामा रहेका व्यक्तिहरुलाई लक्षित गरी तिनीहरुको सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य र राजनीतिक क्षेत्रमा सशक्तिकरण र समाहिताको लागि वकालत तथा सेवा पुऱ्याउने कार्य यस कार्यक्रमले गर्दछ। पूर्वी पाल्पाका सिलुवा र अर्चले, पश्चिम पाल्पाको ख्याहा गा.वि.स.मा केन्द्रित यस कार्यक्रम माथि उल्लेख क्षेत्रमा सचेतना र सशक्तिकरण सहित अधिकारमा पहुँच र प्रवर्धन गर्दै फिजीयो थेरापी सेवा तथा रिफरल सेवालाई पनि जोड दिइएको छ। यसका अलवा इन्द्रेणी समाज केन्द्रको अन्य कार्यक्रम सञ्चालित क्षेत्रमा पनि अपाङ्गताको सवाल एक क्रसकटिङ्ग सवालको रुपमा सामाजिक सञ्चारका रुपमा आगाडि सारिरहेको कुरा निवेदन गर्न चाहान्छु। यस अन्तर्गत गत सन् २०१० डिसेम्बरसम्म प्रत्यक्ष रुपमा ३ जना कर्मचारी संलग्न भए पनि अन्य कार्यक्रमका सामाजिक परिचालकहरु समेत नियमित परिचालित थियो। यस अवधीमा यो कार्यक्रमलाई सरसरती हेर्दा अपाङ्गता परिचय पत्र प्रदान, ना.प्र.प. प्रदान, सामाजिक सञ्चार गोष्ठी, सचेतनात्मक तालिम, अपाङ्गता आयआर्जन, छात्रवृत्ति तथा साहयक सामाग्री वितरण, भौतिक पूर्वाधारमा अपाङ्ग मैत्री सहयोग, विभिन्न तहका शल्यक्रिया एवं स्क्रीनिङ्ग शिविर, व्यवसाीयिक तालिम लगायत आयआर्जन सहयोग र आवश्यक रिफर सेवा जस्ता महत्वपूर्ण कार्यहरु भएको जानकारी गर्दै

संस्थामा कार्यरत सामुदायिक अपाङ्गता कार्यकर्ता मार्फत कार्यक्षेत्रका झण्डै ६० जनालाई थेरापी सेवा र १३ जनालाई पुर्स्थापना वा समाहित गर्न सफल भएको छ भने ३ जनालाई विशेष अप्रेशन सेवा दिलाउन समेत सफल भएकोछ। यो कार्यक्रम सन् २०१० को डिसेम्बर पश्चात फेजआउट भएको छ र उक्त कार्यक्रमलाई सानो स्केलमा नियमितता दिदै यस अर्न्तगतका कर्मचारीहरु पनि एक जना बाहेक अरु अन्य कार्यक्रममा स्थान्तरण गरिएको समेत अवगत गर्न चाहान्छु।

**५. सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रम**

आदरणीय प्रतिनिधि मित्रहरु, अव म यस संस्थाको संचालित कार्यक्रम मध्ये सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रमको आवधिक प्रगति प्रतिवेदन प्रस्तुतीको लागि अनुमति चाहान्छु।

यो कार्यक्रम रेडा (ग्रामीण आर्थिक विकास संघ) को साझेदारीमा पूर्वी पाल्पाको झिरुवास र सिलुवा र पश्चिम पाल्पाको वौघागुम्हा गा.वि.स.मा यो कार्यक्रम लागु भई रहेको छ। जस अर्न्तगत ३ गा.वि.स.मा चुलो प्रमोटर छनौट भई तिनीहरुको लागि आवश्यक तालिम समेत सम्पन्न भई हाल सम्ममा कार्यक्षेत्रमा ६० प्रतिशत घरधुरीमा चुलो बनाइसकेको र बाँकी घरहरुमा गा.वि.स. आदिको अनुदान सहयोगमा सुधारिएको चुलो वनाउने क्रममा रहेकोछ। यसका साथै ती प्रमोटरहरुलाई पुनर्ताजगी र नयाँहरुलाई आधारभूत तालिम निकट दिनमा दिने क्रम रहेको र तिनीहरुको प्रमोटर संघ गठन भई संस्थागत नेटवर्कमा रहेको जानकारी पनि दिन चाहान्छु भने बेला बेलामा नियमित अवलोकन भ्रमण तथा उत्कृष्ट प्रमोटरलाई पुरस्कार दिने कार्यक्रम पनि साझेदार संस्थाले गरीरहेको जानकारी गर्न चाहान्छ। यस अर्न्तगतको कार्यक्रम वार्षिक रुपमा नविकरण गर्दै सानो सहयोगमा संचालित भइरहेको कुरा म यहाँ निवेदन गर्न चाहन्छु।

**६. सशस्त्र समुह तथा फौजमा आवद्ध बालबालिका (कफाग) पुर्नएकिकरण सहयोग कार्यक्रम**

उपस्थित प्रतिनीधी साथीहरु, यस संस्थाबाट संचालित कार्यक्रमहरु मध्ये सशस्त्र समुह तथा फौजमा आवद्ध बालबालिका पुर्नएकिकरण सहयोग कार्यक्रम पनि एक हो। यो कार्यक्रम विगत देखि नै पाल्पा तथा नवलपरासी जिल्लामा संचालित रहेको छ। यस अवधीमा नवलपरासी जिल्लामा विशेष केन्द्रित भएको छ भने पाल्पामा VLMR सहयोग र सशस्त्र द्वन्द्वको समयमा छोडिएका बिष्फोटक पर्दाथहरु बिष्फोट भई घाईते भएका बालबालिकाहरुको लागि शैक्षिक सहयोग मात्र रहेको छ। यस अर्न्तगत विभिन्न चरण गर्दै चौथो चरणसम्म नियमित हुदै आउने क्रम यही मार्च २०११ मा सकेर पाँचौ चरण विस्तारका लागि तयारी भइरहेको छ। यस सन्दर्भमा नवलपरासी जिल्लामा विभिन्न चरणहरुमा २१७ सशस्त्र फौज तथा समुहमा आवद्ध भएका बालबालिकाहरु र २४४ अन्य जोखिममा रहेका बालबालिकाहरु गरी जम्मा ४६१ बालबालिकाहरुलाई सहयोग पुऱ्याएको छ भने केही संख्यामा पाल्पामा पनि सहयोग गरेको छन्। यस कार्यक्रमले कफागहरुको शैक्षिक सहयोग, मनोसामाजिक परामर्श सहयोग, व्यवसायिक सीप विकास तालिम, स्वास्थ्य एवं उपचार सहयोग, बालिका विशेष सहयोग तथा व्यवसायिक आयआर्जन सहयोग जस्ता कार्यहरु गर्दै आएको छ। हाल यो कार्यक्रम अर्न्तगत जम्मा ३ जना कर्मचारी कार्यरत रही नवलपरासी फिल्ड कार्यालयबाट परिचालन भइरहेको अवगत गर्न चाहान्छु।

**७. सवैका लागि शिक्षा सहयोग अन्तर्गत बिद्यालय भौतिक निर्माण सहयोग कार्यक्रम**

आदरणीय प्रतिनीधी साथीहरु अव म जिल्ला शिक्षा कार्यालयको साझेदारीमा संचालित सवैका लागि शिक्षा सहयोग अन्तर्गत बिद्यालय भौतिक निर्माण सहयोग कार्यक्रमको प्रगती प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहन्छु बिशेष गरी यो कार्यक्रम पाल्पा जिल्ला भरिका बिद्यालयलाई केन्द्रित गरी नियमित ब्लक भवन निर्माण, लागत सहभागीतामा भवन निर्माण, नियमित मर्मत, लागत सहभागीतामा मर्मत, बिद्यालय खा.पा. र चर्पी निर्माण जस्ता सहयोगमा केन्द्रित गरी कार्यक्रम संचालन भएको थियो। यो कार्यक्रम पाल्पा जिल्लामा झण्डै चार आर्थिक वर्ष सञ्चालित भई गत आर्थिक वर्षमा मात्र विधिवत सम्पन्न गरी सम्वन्धित शिक्षा कार्यालयलाई हस्तान्त्ररण गर्ने कार्य भएको छ। उक्त अनुसार अवधी सम्ममा पाल्पाका झण्डै ३५० वटा बिद्यालमा विविध सहयोग गरी संस्थाले बिद्यालयहरुसंगको सम्बन्धमा बिकास गर्न र संस्था प्रतिको विश्वास बढाउन सफल भएको छ। यस कार्यक्रमबाट समुदाय स्तरबाट आएका शैक्षिक माग पूर्तिमा ठूलो सहयोग पुऱ्याउन सफल भएको छ।

**८. एच.आई.भी. र एड्स रोकथाम कार्यक्रम**

यो कार्यक्रम इन्द्रेणी समाज केन्द्रले यस अवधीमा भित्रियाएको नयाँ कार्यक्रमको रुपमा लिइएको छ। यो

कार्यक्रम प्रारम्भमा कफाग कार्यक्रमसंग समानन्तर रुपमा सञ्चालित थियो भने सन् २०१० को जुलाई पछि छुट्टै टिमबाट सञ्चालन भईरहेको छ । हाल यो कार्यक्रम नवलपरासी जिल्लाको २० वटा गा.वि.स.लाई कन्द्रित गरी एच.आई.भी. र एड्सको उच्च जोखिममा रहेका किशोरकिशोरीहरुलाई केन्द्रित गरिएकोछ । यसका लागि संस्थाका सामाजिक परिचालकहरुको समन्वयमा साथी शिक्षकहरु मार्फत समुदाय तहमा एच.आई.भी. र एड्स सम्बन्धी सचेतना गर्ने, परामर्श गर्ने, जोखिमजन्य व्यवहारबाट बचाउने, आवश्यक परामर्श तथा परीक्षणका लागि सेवा केन्द्रहरुमा प्रेषण गर्ने जस्ता कार्यमा सहयोग पुऱ्याउँदै आएको छ । हालसम्ममा विभिन्न चरण गरी कार्यक्षेत्र भित्रका १०० जना भन्दा बढी साथी शिक्षकहरुलाई तालिम दिई परिचालन गरिएको अवस्था छ । हालको अवधीमा ४० जनालाई प्रत्यक्ष र अन्यलाई सहयोगीको रुपमा परिचालन गरी कार्यक्रममा  नियमितता गरिएको छ ।

**९. अन्य**

अन्तमा प्रतिनिधि साथीहरु, उपस्थित महानुभवहरु, प्रत्यक्षरुपमा विधिवत संचालित कार्यक्रमहरु अघि प्रस्तुत कार्यक्रम रहेको उल्लेख गर्दै बाँकी कहिले काहि अनौपचारीक तवरवाट भई रहने कार्यक्रमहरु पनि इन्द्रेणीमा रहने गर्दछ । जस्तै बाख्रा पैंचो पकेट कार्यक्रम, मागमा आधारीत सहयोग कार्यक्रम, प्रकोप जोखिम न्यूनीकरण, सदस्य श्रम शिविर परिचालन, सहकारी शिक्षा वा कार्यक्रम, वन वातावरण सम्वन्धि सचेतना, गा.वि.स. र जि.वि.स.आदिसँगको लक्षित कार्यक्रमहरुमा साझेदारी सहयोग जस्ता कार्यक्रमहरु पर्दछ । यी यस्ता टुक्रे कार्यक्रमहरु अन्तर्गत अप्रत्यक्ष रुपमा सम्बद्ध रहदै संचालन गर्दै आएको छ । यस अवधीमा विशेष रुपमा अर्चले तथा झिरुबासका १०० घरलाई टुकीमारा सौर्य बत्ती वितरण गर्ने कार्य सम्पन्न गरिएको छ । अन्तमा यी कार्यक्रमहरु संचालन धेरै जसो लक्षित वर्गको प्रत्यक्ष सहभागिता र संलग्नतामा भएका छन् भने केहि कार्यक्रमहरु अरु संघसंस्था तथा निकायहरुसंग समन्वयमा भई रहेको कुरा पनि निवेदन गर्न चाहन्छु । यी कार्यक्रमहरु कार्यान्वयन गर्ने गरिने क्रममा प्राप्त भएका छुट्टाछुट्टै सिकाई उपलब्धी र कार्यक्रमगत समस्या र निकासका कुराहरु छुट्टाछुट्टै प्रतिवेदनहरुमा उल्लेख भएकाले यो प्रस्तुती समग्र प्रतिवेदनको आधारमा गरिएको व्यवहोरा अवगत गर्दै समग्र रुपमा भएका उपलब्धी, सिकाई, चुनौती र मार्ग निर्देशलाई बुँदागत रुपमा राख्न अनुमति चाहान्छु । यसका साथै प्रस्तुत प्रतिबेदन उपर वन्दसत्रको बसाईमा छलफल अन्तर्क्रिया गर्ने गरि अघि नै उद्घोष भए अनुसार आवश्यक टिपोट गरि रहनु भएका तपाईका महत्वपूर्ण सवाल वा जिज्ञाशालाई समेट्न वा प्रष्ट पार्ने प्रयास रहने प्रतिवद्धता गर्दछ ।

**समग्र उपलब्धीहरु**

- विगतदेखि संचालित कार्यक्रमहरुमा थप व्यवस्थापन र परिमार्जन सहित निरन्तरता ।
- थप नयाँ एच.आई.भी.र एड्स रोकथाम कार्यक्रम कार्यन्वयन प्रारम्भ ।
- जि.वि.स., शिक्षा कार्यालय, महिला विकास कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय सहकारी लगायत राष्ट्रिय अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संघसंस्था निकायमा समन्वय सम्बन्ध विकासमा निरन्तरता ।
- संस्थागत नियमित लेखा परिक्षण, नविकरण साथै सार्वजनिक लेखा परिक्षणको अभ्यास प्रारम्भ ।
- जिल्ला र क्षेत्रिय स्तरमा संस्थालाई उचित पहिचान दिलाउन थप सहयोग ।
- संस्थागत, आचरसंहिता तथा आधारभूत मार्गनिर्देश आदिको प्रयोग र प्रयोजनमा जोड दिंदै संस्थागत पारदर्शीता र उत्तरदायित्व वहनमा तत्परता एवं प्रस्तुती ।
- विषयगत दक्ष जनशक्ति उत्पादनमा जोड कार्य प्रणालीलाई थप सरल र सहज वनाई दोस्रो पुस्ताको नेतृत्व उत्पादनमा पहल र प्रारम्भ ।
- कार्यालय व्यवस्थापन सहित भौतिक पुर्वाधारमा जोड र समुचित प्रयोग ।
- स-साना कार्यक्रमहरु मुख्य कार्यक्रमहरुमा समायोजन सहित समुदाय स्तरमा थप सघनता प्रदान ।
- कार्यक्रमहरुलाई नमूना प्याकेजको रुपमा लैजाने सोंचका साथ कार्य प्रारम्भ ।
- वालअधिकार प्रवर्द्धन क्षेत्रमा कार्यरत संस्थाको रुपमा संस्थागत पहिचान दिन सक्षमता ।
- संस्थाको स्पष्ट आर्थिक तथा प्रशासनिक कार्यनिर्देशिका एवं नियमावली सहित कार्य संचालनमा क्रियशिलता ।

➢ संस्थाको नियमित संस्थागत विश्लेषण र ५ वर्षे रणनीतिक कार्ययोजना तर्जुमामा निरन्तरत आदि

**समग्ररुपमा संस्थाको सिकाई**

- युवा शक्ति एकजुत र क्रियाशिल रहे सामाजिक विकासमा रुपन्तरण हुन सहजता ।
- सहभागितामूलक कार्य कार्यान्वयनमा प्रभावकारिता तर समयमा ढिलाई हुने ।
- संस्थागत कार्य तथा छविमा कार्यसमिति र बोर्डको भूमिका प्रमुख रहने र कर्मचारीको समन्वय र क्षमतामा भर पर्ने ।
- संस्थागत कार्यक्रमको प्रभावकारितालाई टिम स्प्रिटको महत्व रहने ।
- बदलिदो परिस्थिति र विकसित प्रविधिसंगै संस्थागत व्यवस्थापन पनि समायोजन हुनु पर्ने ।
- संस्थाको आचार सहिंता र मूल्य मान्यता प्रति पूर्ण बफादार रहन र आवश्यक अडान पनि जरुरी पर्ने ।
- संस्थाको हरेक पक्षमा आवश्यक समाहिता वा सहभागितालाई वढावा दिनु पर्ने ।
- कार्य प्रकृति अनुसारको आवश्यक दक्ष जनशक्ति व्यवस्थापन उत्पादनमा जोड दिनु पर्ने ।
- कार्यरत जनशक्ति संख्यात्मक भन्दा गुणात्मक र कार्य संरचना सरल र सहज हुनु पर्ने ।

**कार्यक्रमगत सवल पक्षहरु :**

- निश्चित समयावधिमा कार्य सम्पन्न गराई सफलतापुर्वक कार्य भईरहनु ।
- समय सापेक्षित कार्यक्रम कार्यान्वयन गर्नु ।
- कार्यक्रमको प्रकृति अनुसार संरचना तयार गरी समन्वयमा कार्यान्वयन गर्नु ।
- पारदर्शी संस्थाको रुपमा संस्थालाई चिनाउदै कार्य गर्नु ।
- जिल्ला तहसम्म युवा,बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको रुपमा चिनिनु ।
- युवा वेरोजगारी समस्यालाई न्यूनिकरणमा सहयोग
- लक्षित समुदायको अर्थपूर्ण सहभागितामा कार्य गर्न प्रयासरत रहनु ।
- स्थानीय स्रोत र साधनहरुको प्रयोग र परिचालन जोड दिनु ।
- सुविधाको पहुँचबाट टाढा रहेका वर्गको अधिकार वारे सचेतना र स्थानीय तहमा सेवा सुविधा दिन वकालत गर्न सक्षम हुनु ।
- स्थानीय तह देखि जिल्ला तहसम्म नेपाल सरकार तथा गै.सं.को विभिन्न निकायहरुसंग समन्वय र सम्पर्क ।
- संस्थाको आफ्नै घुम्तिकोषको व्यवस्थाबाट कार्य गर्न थाल्नु ।

**कार्यक्रमगत कमजोरीहरु :**

- अधिकारमा आधारित कार्यक्रममा वढी केन्द्रित हुनु ।
- स्थानीय संरचना धेरै कार्यक्रम थोरै ।
- विशेष कार्यक्रमहरुको लागि सूचकहरुको निर्धारण गर्न नसक्नु ।
- कार्यक्रम एकिकृत र प्याकेजको रुपमा लैजान नसकनु ।
- सम्पन्न कार्यक्रमको व्यवस्थित अभिलेखन र सञ्चार माध्यम समक्ष पुग्न नसक्नु ।
- केही इमर्जेन्सी सवालमा तत्कालै रिफर सेवाको व्यवस्था गर्न नसक्नु ।
- कार्यक्रमको अनुगमन र मूल्याङ्कनमा कमी ।
- माग भए अनुसार कार्यक्रम (क्षेत्र) विस्तार गर्न नसक्नु ।

**कार्यक्रमगत अवसरहरुः**

१. जिल्लादेखि स्थानीय तहसम्म स्रोत संस्थाको रुपमा रुपमा संस्था स्थापित भई कार्य गर्नु ।
२. सञ्चालित कार्यक्रम अनुसार सरकार तहमा निति नियम निर्माण हनु ।

**कार्यक्रमगत चुनौतीहरु**

१. परिवर्तित समय अनुसार कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्दा साझेदारी टुट्न सक्ने
२. संस्था दातृसंस्थामुखी हुन बाध्यता ।
३. श्रम अनुरुप सेवा सुविधामा कमी ।
४. संस्थाको कार्यक्रम उद्देश्यहरु भन्दा माग फरक तथा बढी हुनु ।

**कार्यक्रमगत मार्ग निर्देश**

- कामर्यक्रमको अनुगमन र मूल्याङ्कनमा प्रभावकारिता ल्याउनु पर्ने ।
- कार्यक्रमको लागि सुचकहरुको निर्धारण गर्नुपर्ने ।

- ➲ व्यवस्थित अभिलेखनको लागि अभिलेखकर्ताको व्यवस्था गर्नु पर्ने ।
- ➲ संस्थागत क्षमता विकास तथा जनशक्ति उत्पादनलाई नियमित र व्यवस्थित गर्नु पर्ने ।
- ➲ संस्थाको आवश्यक भौतिक पूर्वाधार र दीर्घकालिन आयस्रोतमा ध्यान दिनु पर्ने ।
- ➲ दोश्रो पुस्ताको जनशक्ति उत्पादनको स्पष्ट लक्ष्य सहित कार्यक्रम तथा बजेटको तर्जुमा हुनु पर्ने
- ➲ कार्यक्रम प्याकेज वा एक समुदाय एक पहिचानको रुपमा लैजान पहल हुनु पर्ने ।
- ➲ अन्य आवश्यक कार्यक्रम र डोनर खोजीलाई नियमितता दिनु पर्ने ।
- ➲ संस्थागत उद्धेश्य र लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयन गर्ने पद्धतिलाई जोड दिदै कार्यक्रममुखी हुने बानीलाई निरुत्साहित गर्नु पर्ने ।
- ➲ संस्थागत आवाधिक कार्ययोजनालाई पछ्याउदै आवश्यक आधारहरु निर्माण गरि कार्य गर्न गराउन भूमिका खेल्नु पर्ने
- ➲ कार्यक्रम एण्टिना मोडेल (नमूना प्रस्तुत गरी अरुले सिक्ने सिकाउने)मा कार्यन्वयन गर्नुपर्ने ।
- ➲ सामाजिक बिकास र रुपान्तरमा युवाशक्तिलाई जाग्रुक बनाई तिनीहरुको सहभागीतामा कार्य गर्ने पद्दतिको बिकासलाई नियमितता दिनुपर्ने ।
- ➲ जसको सवाल उसैको अधिकार एवं सहभागीतालाई मध्यनजर गरी सशक्तिकरण कार्यक्रम संचालन गर्नुपर्ने ।
- ➲ अग्रसरता, साझेदारीता र बहुसमन्वयमा कार्य संचालनको मान्यतामा कार्यक्रम कार्यन्वयनलाई नियमित गर्नुपर्ने ।

आदरणीय प्रतिनिधी साथीहरु, उपस्थित अतिथिगण यस प्रस्तुतीमा थुप्रै कमिकमजोरी र त्रुटी रहन सक्छ । तसर्थ उक्त कमि कमजोरी र त्रुटीमा क्षमा सहित यसै अधिवेशनको बन्द सत्रमा प्रतिवेदन उपर टिपोट भएका सवाल वा जिज्ञासामाथि आवश्यक छलफल भई प्रष्ट हुने जानकारी सहित प्रक्रियागत परित वा अनुमोदनका लागि अनुरोध गर्दै यो प्रगति प्रतिवेदन खण्ड यही अन्त गर्छु । हवस्त धन्यवाद ।

## आर्थिक प्रतिवेदन

श्रीमान् यस आठौं अधिवेशन तथा सोह्रौं बार्षिक साधारण सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथि, केन्द्रिय समितिका पदाधिकारी तथा यस मंञ्चमा आसिन अतिथिगण साधारण सभाका प्रतिनिधि ज्यूहरु र उपस्थित आमा वुवा दाजु भाइ दिदी वहिनी साथै अन्य वुद्दिजीवि महानुभावहरु ।

आज हामी इन्द्रेणी समाज केन्द्रको आठौं अधिबेशन तथा सोह्रौं बार्षिक साधारण सभा, "लक्षित समूदायको अधिकारको प्रवर्द्धन, आयमा वृद्धि र आधारभूत सेवामा सुविधा, न्यायोचित तथा समतामूलक समाजका लागि समाहिता र सुशासनमा प्रतिवद्धता" भन्ने मूल नाराका साथ सुसम्पन्न गर्न गइरहेको छ । यस गरिमामय दिनमा संस्थाको सातौं अधिवेशन तथा चौधौं र पन्ध्रौं वार्षिक साधारण सभा देखि हाल सम्मको सम्पुर्ण आर्थिक कृयाकलापलाई संक्षिप्त प्रतिवेदनको ढांचामा प्रस्तुत गर्न गइरहेको छु आशा छ यो प्रस्तुत प्रतिवेदनमा आवश्यक टिका टिप्पणी गरि उचित सल्लाह सुझावहरु दिनु हुनेछ भन्दै अगाडी वढ्न अनुमति चाहान्छु । आदरणीय प्रतिनिधि ज्यूहरु समयको परिवर्तन संगै आर्थिक परिवर्तनमा पनि धेरै उतारचढावहरु बढिरहेका छन् । इन्द्रेणी समाज केन्द्र पनि यिनै परिस्थिति भन्दा भिन्न पक्कै पनि छैन । यिनै परिस्थिती र राज्यको नीति संगै विश्व अर्थ व्यवस्थासंग पनि सम्बन्धित रहेको छ । तसर्थ यो प्रस्तुत आर्थिक प्रतिबेदन पनि संस्थागत नीति र कार्यक्रम प्रति प्रतिवद्द रहदै यसैको सेरोफेरोमा रहेको र तदनुसार नै प्रतिबिम्बित छ ।

प्रतिनिधि साथीहरु, हो कुनै पनि संस्थाको जीवन चक्रमा विविध पक्षहरु मध्ये आर्थिक पक्ष पनि एक अभिन्न अंग हो । आर्थिक पक्षमा नियमितता, पार्दर्शिता एवं चुस्त दुरुस्त गर्न सक्नु नै संस्थागत रुपमा सफलता पाउनु हो । यसर्थ इन्द्रेणी समाज केन्द्रले सातौं अधिवेशन एवं चौधौं तथा पन्ध्रौं वार्षिक साधारण सभाले पारित गरेका आर्थिक नियमावलीमा निर्धारीत आधार अनुसार व्यवहारिक कार्यन्वयनमा लागि रहेका थियौं र छौं पनि । साथीहरु यस संस्थालाई अर्धवार्षिक तथा वार्षिक रुपमा लेखा परिक्षण गरि दातृ संघ संस्थाहरुमा जानकारी पठाउने र आवश्यक संस्था नविकरण गर्ने कार्य पनि नियमित रहेको कुरा म

जानकारी गराउन चाहान्छु । सभाध्यक्ष महोदय, तथा प्रतिनिधी साथीहरु, संस्थालाई आन्तरिक रुपले दिगो तुल्याउन हरेक क्षेत्रबाट भरपुर प्रयास जारी छ र दिगो कोष खडा गर्न वा नियमित आय श्रोतको माध्यम खोज्ने क्रम जारी छ र केहि हदसम्म घुम्तिकोष व्यवस्था गरि नियमित श्रोत व्यवस्था भएको छ । गेष्टरुम, तालिम हल, मल्टिमिडिया भाडा, क्याशटेसन मेसिन, माईक भाडा, स्टेशनरी स्टोर तथा मेश व्यवस्थापनबाट पनि केहि नियमित श्रोतको रुपमा आम्दानी हुन थालनी भएको छ । साथीहरु अव म संस्थागत कार्यक्रममा आर्थिक पक्षसंग सरोकारीत केहि उपलव्धी, समस्या एवं चुनौतिहरुलाई यहांहरु समक्ष प्रस्तुत गर्न जमर्को गरिरहेको छु । हो कार्य गर्दाको अनुभवको आधारमा तपशिल उपलव्धी, समस्या तथा चुनौतिहरु आई परेको जानकारी सहित प्रस्तुत गर्न चाहन्छु जुन निम्न बमोजिम रहेका छन् ।

**उपलव्धीहरु**

प्रतिनिधि साथीहरु कुनैपनि समुह, संघसंस्था तथा निकायको एउटा बलियो पक्ष भनेको आर्थिक पक्ष हो । इन्द्रेणीको सातौं अधिवेशन एवं चौंधौं तथा पन्ध्रौं बार्षिक साधारण सभाले पारित संस्थागत दस्तावेज अनुसार यो संस्था निकै क्रियाशिल रह्यो । देशको बदलिदो परिस्थितिसंगै आवश्यक समायोजन सहित संस्थागत संरचना मजवुटी र सदस्य एवं कर्मचारी मित्रहरुको कडा परिश्रम र धैर्यताले सवै कार्यमा निरन्तरता सहित कार्य व्यवस्थित ढंगले नै संचालित रह्यो । यस अवधिमा संस्थाले संस्थागत छविमा कुनै दाग लाग्न नदिई तटस्थ ढंगले नै इन्द्रेणीको कार्यक्रम कार्यान्वयन गरी आर्थिक पादर्शीता र जवादेहितालाई धेरै केन्द्रित गरी कार्य संचालन गर्न सक्षम भएको छ । तानसेन सम्पर्क कार्यलयबाट विशेष कार्यक्रमहरु संचालन गरिएको यस अघिको प्रतिबेदनमा आई सकेकोछ । स्थानिय तह र सवै पक्षसंगको समन्वय र उत्तरदायी एवं पारदर्शी, जवाफदेहीता पनि उल्लेखनिय रह्यो भन्ने कुरा हामीलाई लागेको छ । यसर्थ यस अवधिमा आर्थिक सवालमा भएका मुख्य उपलव्धिहरु निम्नानुसार भएको पाइन्छ ।

- मासिक तथा त्रैमासिक रुपमा आर्थिक प्रतिवेदन पेश गर्ने कार्यमा नियमितता ।
- कम्प्युटर तथा सफ्टवेयर प्रणालीमा आर्थिक प्रतिवेदन तयार तथा अभिलेखन ।
- संस्थाको आर्थिक कारोबार चुस्त र दुरुस्त अभिलेखन तथा व्यवस्थापन ।
- चाटर्ड एकाउन्टेन्टहरुबाट अर्धबार्षिक तथा बार्षिक रुपमा लेखा परिक्षणमा नियमिता ।
- संस्थागत बैधानिकतामा नियमिततासंगै हालसम्मको कर चुक्ता प्रमाण पत्र लिन सफल ।
- संस्थाको छवि स्थापित गर्ने क्रममा आर्थिक तटस्थताको वास्ताविक प्रस्तुति गर्ने अभ्यास ।
- तानसेन तथा फिल्ड कार्यालय नवलपरासीबाट पनि आर्थिक कारोवार संचालन ।
- संस्थाको सम्पूर्ण सम्पत्तीहरुको अभिलेख तथा स्टोर व्यवस्थापन ।
- इन्द्रेणी समाज केन्द्रको सदस्य बचतलाई व्यवस्थित एवं वैधानिक रुपले संचालन गर्न सहकारी स्थापना र सवै कोष तथा अभिलेख हस्तान्तरण गर्न सफल ।
- आर्थिक तथा प्रशासनिक नियमावली अद्यावधिक, तथा सोही अनुरुप व्यवहारमा कार्यान्वयन ।

**समस्याहरु**

संस्थागत कार्यक्रम गर्ने क्रममा आर्थिक पक्षसंग सरोकारीत केहि समस्या यहांहरु समक्ष बुंदागत रुपमा प्रस्तुत गर्न गईरहेको छु । कार्य गर्दाको अनुभवको आधारमा तपशिल समस्याहरु वा चुनौतिहरु रहेको छ ।

- लेखा परिक्षण शुल्क महंगो भएकोले संस्थाले निजि लेखा परीक्षक नियमित र भरपर्दो ढंगले व्यवस्था गर्न नसक्नु ।
- दातृ निकायको कार्यक्रम पिच्छे आर्थिक प्रतिबेदन तवरतरिकामा फरक हुनु ।
- संस्थाको आफनै दिगो स्रोत नभएकोले कार्य गर्नमा कठिनाई ।
- विश्व आर्थिक मन्दीसंगै दातृनिकायको स्रोतमा उतारचढाव भई कार्यक्रममा प्रभाव भईरहनु ।

**सिकाइहरु**

आदरणीय सभाध्यक्ष महोदय एवं प्रतिनिधि मित्रहरु अब म यस संस्थाले यो अवधिमा हांसिल गरेका केहि महत्वपूर्ण सिकाईहरुलाई प्रस्तुत गर्न चाहन्छु । इ.स.के.

विगत देखि नै अनुभवबाट सिकाई र सिकाईबाट परिवर्तन भन्ने मान्यता अनुसार अगाडी वढी रहेको कुरामा विश्वस्त छ । यसै पद्दति वा मान्यतामा कार्य गर्ने क्रममा हासिल भएका मूख्य सिकाई निम्न अनुसार भएको कुरा निवेदन गर्न चाहान्छु ।

- सफ्टवेयर प्रणालीबाट काम गर्दा आर्थिक प्रतिवेदन गर्न छिटो र सजिलो हुने तर निश्चित व्यक्तिहरुमा मात्र सिप सिमित रहने ।
- लेखा तथा प्रशासनका कर्मचारीहरुले पनि संथागत कार्यक्रमहरुको बारेमा जानकारी राख्नुपर्ने ।
- लेखा तथा व्यवस्थापन सम्बन्धी आधारभूत कुराहरु फिल्ड कर्मचारीहरुलाई पनि जानकारी हुनुपर्ने ।
- लेखा सम्बन्धी सरकारी नीतिहरुको स्पष्ट जानकारी राख्नुपर्ने ।
- लेखा पारदर्शिता होस भन्नका निम्ति सार्वजनिक सुनुवाई र सामाजिक लेखा परिक्षण गर्न गराउदा प्रभावकारी हुने ।
- बेला बखतमा उपसमूहमा आर्थिक कारोवार गर्नेहरुलाई लेखा सम्बन्धी नीतिनियमहरु बारे प्रशिक्षण गर्नु पर्ने ।
- परियोजनागत सम्झौता गर्दा संस्थागत दिगोपनामा ध्यान दिनु पर्ने ।

साथीहरु हाम्रो आर्थिक वर्ष भन्नाले सरकारी अनुसार श्रावण १ देखि अषाढ मसान्तरलाई पुर्ण रुपमा लिएका छैनौ । तसर्थ हालसम्मको प्रचलन अनुसार जनवरी १ देखि डिसेम्बर मसान्तरलाई आर्थिक वर्षको रुपमा लिने गरिएको छ । सभाध्यक्ष महोदय, अब म सातौं अधिवेशन तथा चौधौं बार्षिक साधारण सभा पश्चात हालसम्म भए गरेका सम्पुर्ण आय व्याय विवरण सारंशमा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

## पहिलो वर्ष सन् २००९

| क्र.सं. | आर्थिक वर्ष सन् २००९ | आय | व्यय | बाँकी |
|---|---|---|---|---|
| १. | **खण्ड क)**<br>- गुणस्तरीय शिक्षा सहयोग, जे.एम.सि. सहित (RNE,ODW and Additional) | ४७,७९,३२८।- | ४७,८३,९५३।- | (४,६२४।-) |
| | - समग्र आन्तरीक कार्यक्रम January 1st to July 15th 2009 | ७,६८१५१.९६।- | ६,८१,४८४.५०।- | ८६,६६७.४६।- |
| | - समग्र आन्तरीक कार्यक्रम July 16 to December 31st 009 | २३,६८,४३९.२२।- | २२,४४,४३१।- | १,२४,००८.२२। |
| | - ESCI कार्यक्रम September 008 to May 31st 2009. | २,५०,७४०।- | २,६४,७४७।- | (१४,००७।-) |
| | - कफाग कार्यक्रम | १९,००,०००।- | १७,०३२९४।- | १,९६,७०६।- |
| | - एच आई भि र एड्स कार्यक्रम | १,४८,१०३।- | २,२५,१६२।- | (७७,०५९।-) |
| | जम्मा | **१,०२१,४,७६२.१८** | **९९,०३,०७१.५०** | **३,११,६९०.६८** |

## पहिलो वर्ष सन् २०१०

| क्र.सं. | आर्थिक वर्ष सन् २०१० | आय | व्यय | बाँकी |
|---|---|---|---|---|
| १ | **खण्ड क)**<br>- युवाका लागि शिक्षा, शान्ति र विकासका लागि युवा | ३२,२२,००२।- | ३२,२२,००२।- | ०।- |
| | - सबैका लागि शिक्षा (EFA) | ५,७०,०३६।- | ५,७०,०३६।- | ०।- |
| | - ESCI कार्यक्रम June 1st 009 to April 31st 2010 | ४,१२,८७५।- | ४,२९,५२०।- | (१६,६४५।-) |
| | - ESCI कार्यक्रम May 1st 2010 to December 31st 2010 | २,९९,२९०।- | ३७,३९२९।- | (७४,६३९।-) |

क्रमशः

| क्र.सं. | आर्थिक वर्ष सन् २०१० | आय | व्यय | बाँकी |
|---|---|---|---|---|
| | - समग्र आन्तरीक कार्यक्रम January 1st to December 31st 2010 | १३२३०८४.२१ | १०,८८,४०४.६०।- | २,३४,६७९.६१।- |
| | - कफाग कार्यक्रम Jan -Febuary (सन् 2009 को अल्या सहित) | २७९३४५।- | २७९३४५।- | - |
| | - एच आई भि र एड्स कार्यक्रम Jan - May (सन् 2009 को अल्या सहित ) | ६७३६९५ ।- | ६७३६९५।- | - |
| | - क्याक कार्यक्रम | ३,६४,७९४।- | ३६४७९४।- | - |
| | - कफाग कार्यक्रम June - December | ९,७९,४९७।- | ९७९४९७।- | - |
| | - एच आई भि र एड्स कार्यक्रम 20 August - December | ७६९००२।- | ७६९००२।- | - |
| | जम्मा | ८८९३६२०.२१ | ८७८४६२८.६० | १४३३९५.६१ |

सन् २०१० मा जे.एम.सीको संरचना हटाइएकोले गत वर्ष भन्दा केही अनुपातमा आर्थिक प्रतिवेदनमा कमी भएको छ । अन्तमा प्रस्तुत प्रतिवेदन माथिको छलफल बन्द सत्रमा छलफल गरि आवश्यक टिकाटिप्पणी सहित पारित गर्न वा अनुमोदन गर्न अनुरोध गर्दै आर्थिक प्रतिबेदन यही अन्त गर्न चाहान्छु धन्यवाद ।

**सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुवास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**



**अध्यक्ष**
**नारायण प्रसाद पोखरेल**

**प्रधानाध्यापक**
**फर्सुराम पोखरेल**

**तथा**

**मच्छेन्द्रादेवी निम्न माध्यमिक विद्यालय परिवार**

**सोमादी- ६, पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



**प्रेम बहादुर बयम्बु**
झिरबास- १, पाल्पा

**रीमा बयम्बु**
झिरबास- १, पाल्पा

---

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. रुक्मागत भट्टराई
मो. ९८४७०३७५४६

**जनता पुस्तक पसल एण्ड फोटोकपि सेन्टर**

**माकर- ४, बर्दघाट, नपवलपरासी**

फोन : ०७८-५८०११०, फ्याक्स: ०७८-५८०६५१

सरकारी स्कूल, क्याम्पस, बोर्डिङ तथा सम्पूर्ण शैक्षिक संस्थाका पाठ्य पुस्तकहरु, सम्पूर्ण समचारमूलक तथा मनोरञ्जनात्मक पत्र पत्रिकाहरु, फोन, फ्याक्स,फोटोकपी लेमिनेशन,खेलकुदका सामाग्री साथै रिचार्ज कार्डहरु उपलब्ध छ ।

---

**सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**



अध्यक्ष
तुलसीराम पोखरेल

प्रधानाध्यापक
कृष्ण प्रसाद नेपाल

तथा

# श्री गङ्गा माध्यमिक विद्यालय परिवार

## सोमादी-७, तानसिङ्गल,पाल्पा

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



अध्यक्ष
ठाकुर नेपाल

प्राचार्य
कपिल प्रसाद आचार्य

प्रधानाध्यापक
पशुपति नेपाल

तथा

**श्री भगवती उच्च माध्यमिक विद्यालय परिवार**

**सोमादी–३, सर्देवा, पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



Pro. Binod Gurung

**NEXGEN COMPUTER**

Tansen, Palpa

Our Services:
ComputerSales,Manitenance, Scaning, Photocapy, Passport FormTyping & Printing, Net Phone, E-mail & internet.

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. मीना राई

**गाउँले होटेल**

**गल्धा- ६, दुङ्गानाबेशी, पाल्पा**
फोन: ०७५-६९११७९

यहाँ स्वादिष्ट खाना,नास्ता तथा बास बस्नको राम्रो प्रबन्ध छ ।

# इन्द्रेणीको विगत र वर्तमानसँग मेरो यात्रा



... रुद्र मस्राङ्गी (कार्यक्रम संयोजक)
इन्द्रेणी समाज केन्द्र, पाल्पा

अहिले इन्द्रेणी समाज केन्द्र आठौं अधिवेशन तथा १६औं वार्षिक साधारण सभाको तयारीमा जुटीरहेको अवस्था छ । यस बेला इन्द्रेणीको विगत र वर्तमान्संग मेरो संलग्नता वा भूमिका बारे सम्झन मन लाग्यो । तदनुसार नै मेरा भोगाई र बुझाइलाई एकत्रित गरी संस्थाका सम्पुर्ण साधारण सदस्य लगायत कार्यकारीणी समितिका सदस्यहरु, सहकर्मी कर्मचारी साथीहरु, सरोकारवाला महानुभवहरु र सम्पुर्ण पाठक वर्गमा पस्कन प्रयास गरिएको छ । यो नितान्त मेरो सम्झना र बुझाइले प्रस्तुत गरिएको कुरा हो । यो कुनै प्रसङ्ग वा कसैका लागि संस्थाको इतिहास हुन सक्छ भने कसैका लागि सामाजिक आन्दोलनका चरण र प्रक्रिया हुन सक्छ र कुनै प्रशङ्गमा गराई, भोगाई र सिकाईबाट आएको आगामी मार्गनिर्देश हुन सक्छ । तसर्थ सम्पुर्ण पाठक वर्गमा अन्यथा नलिई तत्कालिन समयको यथास्थिती र तदनुसारको कार्य हो भनेर बुझि दिन अनुरोध गर्दै विषय बस्तुको मेलो पस्कन चाहान्छु ।

कुरा वि.स.२०५०/२०५१ साल ताकाको हो । झिरुबास गा.बि.स.पाल्पा जिल्लाको निकै दुर्गम र चेतना स्तरले अति नै पछाडि मध्येका गा.वि.स.मा एक थियो । त्यत्तिखेरसम्म गा.वि.स.भरिमा नै एस. एल.सी.पास गरेका व्यक्तिहरु पनि औलामा गन्न सकिने थियो । महिलाहरु त एक जना पनि थिएन । गा.बि.स.भरिमा नै निम्न माध्यमिक तहको मात्र पढाई भर्खरै चलेको अवस्था थियो । समाज परमपरागत विकृति विसंगतीले व्याप्त थियो । पशुचौपाय एवं पंक्षीको छाडा, गुजुमुच्च घर बस्तीको अव्यवस्थित बसाई र फोहरका कारण बेलाबेलामा हैजा, आँऊ जस्ता महामारीको प्रकोपहरु देखिरहन्थे । समुदाय औषधी उपचार भन्दा पनि धामी झाँक्री, झारफुक र पूजापाठमा विश्वास गर्ने चलन बढी थियो । अचम्मको कुरा त के पनि थियो भने समग्र पूर्विपाल्पामा नै कसैको गाउँमा कुनै पनि महामारीको प्रकोप देख्यो भने त्यो गाउँमा आवतजावत नै बन्द गर्ने सम्बन्धित स्वास्थ्य निकायमा खवर नगर्ने र यत्तिसम्म की एकघरमा झाडावान्ताले मान्छे मरे पनि अर्को घरकोले सहयोग नगर्ने र मरेको मान्छे स्याहार्ने मलामी समेत पाउन मुश्किल हुन्थे ।

माघेसंक्रान्ति पछि सवै पशु चौपायहरु छाडा छोड्ने र कसैले रोकतोक र उजुरी गर्न गराउन नपाउने अघोषित खालको नियम कायम थियो । गाउँमा गरीव र विपन्नमारा व्यवहारहरु व्याप्त थियो । पशु चौपाय तथा पंक्षीहरु सीमित टोलहरु भित्र अडल (आफ्नो गाउँको उत्पादन गाउँको अनुमति विना बेचविखन गर्न नपाइने) प्रचलनले नियन्त्रित थियो । आफुले चाहेको समयमा आफुसंग भएर पनि हाँस, कुखुरा, वंगुर र राँगो आदि बेच्न पाइदैनथ्यो । समाजले आफुलाई पैसा आवश्यक परेको बेला लिई दिने अवस्था कम थियो । त्यसमाथि मुल्य अत्यन्तै कम पनि थियो । जवकी एउटा भाले बेचेर दुई केजी चामल किन्न मुश्किल पर्थ्यो । विवाहमा छोरीको तर्फबाट चामल मासु रक्सी र बटुक भारीका भारी मगाई एक दिनको भोजमा सकिदिने र माइतीको तर्फबाट दाइजो स्वरुप नगन्य मात्रमा रकम दिने प्रचलन थियो । दशैमा हरेकको छोरी ज्वाईको तर्फबाट बंगुरको एउटा सिंगो साँफ्रो, एकघैटो जाँड, रक्सी र जहानभाग पकाएको मासु लैजाने जस्ता हरेक चाडपर्व खर्चिलो र खाने पिउने तथा मनोरञ्जनमा सिमित थियो । गाउँमा कोटघर र पञ्चवली पुजाको नाममा सिमित व्यक्तिहरुको चाँजोपाँजो र चाहनामा टडकभडक र खर्चमा सम्पन्न गरी गरीवको ढाड सेकाउने गरी रकम व्यहोर्न लगाउने प्रचलन थियो । कोटघर पूजा र मर्दापर्दा बाहुन पुरेत लिइन्थ्यो । यसवापत बाहुन पुरेतकहाँ मेरो गाउँका तत्कालिन १३५ घरले प्रतिघर वार्षिक एक जना खेताला गएर खेतबारीमा खेती लगाउने, गोडमेल गर्ने, अन्न स्याहर्ने र वर्षेनी जनैवापत एक माना, दशै टीकावापत एकमाना र कोटघर पुजारीवापत एकमाना गरी तीनमानाका दरले १३५ घरधुरीले नै चामल दिनु पर्ने जस्ता चलन विद्यमान् थियो । यसका अलवा सामाजिक विकृति र विसंगतिहरु, अशिक्षा र अचेतन र राजनैतिक खिचातानीको प्रभावहरु व्याप्त रहेको थियो । भने अैंचोपैंचो, पालो पर्म, सामाजिक सदभाव जस्ता पक्षहरु भने केही सकारात्मक र प्रभावकारी पनि थिए ।

यसै परिवेश र समयताका म भर्खरै १६ वर्षको थिएँ र एस.एल.सी.को परीक्षा दिएर नतिजाको प्रतिक्षा गर्दै घरमा

फुर्सदको समयमा थिएँ। २०५१ सालको फाल्गुण महिना थियो एक दिन मैले मेरो वडा नं.२ का दौतरी साथीहरुसंग सल्लाह गर्न मौका पाएं अनि साथीहरु माझ एउटा समुह गठन गर्ने सहमति भयो। त्यही दिनको साँझ १३ जना सदस्य साथीहरुको नाम दर्ता गरी सदस्यता वापत केही रकम संकलन गरी कोष खडा गर्ने र होली (फागु) खेलेर ५० प्रतिशत कोषमा जम्मा गर्ने र ५० प्रतिशत परम्परागत मनोरञ्जनात्मक कार्यमा खर्च गर्ने योजना तय भयो। योजना अनुरुप नै होली (फागु) सम्पन्न भयो। अनि हाम्रो समुहको प्रारम्भिक बैठक, छलफल आदिको थालनी भयो। विस्तारै आधारभूत नियम विनियम बनाउदै गयौं। समाज र समुदायमा प्रस्तुत हुँदा समुहगत प्रस्तुती हुन एउटा माध्यम मिल्यो। ठिक यही समयमा तत्कालिन रेडबार्ना नेपाल पनि आफ्नो कार्यक्रम फेजआउटको तयारीमा विविध बालक्लव, युवाक्लव र महिला समुह आदि गठन र परिचालनको क्रममा रहेको संयोग थियो। त्यसैले त्यहाँको विकासे कार्यकर्ताहरु जुद्ध थापा, मोह पनेरु, होम गुरुङ्ग र भुनु थापा र परियोजना प्रवन्धक गोपाल थापासंग सम्पर्क र समन्वयमा आउन मौका पायो। यता संस्था दर्ता ऐन २०३४ अनुरुप २०४७ को बहुदल पश्चात संस्था दर्ता तथा आवद्धतामा पनि एक किसिमको लहर चलेको अवस्था थियो। यसैको फलस्वरुप हाम्रो त्यो अनौपचारीक समुहलाई संस्थागत रुप दिंदै वैधानिक गर्ने सल्लाह र सहयोग प्राप्त भयो। यस पछि २०५२ को पौषसम्म आइपुग्दा विविध चरणको छलफल र तयारीले संस्थालाई जिल्ला प्रशासनमा दर्ता गरि लैजाने योजना बन्यो। तत्कालिन समयमा म संस्थापक सचिव भएर गाउको दाजु यम सिं झेडीको अध्यक्षता र अरु साथीहरुको संयुक्त प्रयासमा आवश्यक विधान र प्रक्रिया सहित जनकल्याण युवा क्लवको नाममा जिल्ला प्रशासनमा दर्ता गरियो। यस दर्ता पश्चात विस्तारै कार्यलाई विधिवत र व्यवस्थित गर्ने जमर्को हुदै गयो। अनि बहिरी सम्पर्क समन्वय पनि बढदै जान थाल्यो। यसै क्रममा ग्रामीण विकास पाल्पाबाट प्रकाशित देउराली साप्ताहिकको पाठक क्लव लगायत रेडबार्ना नेपालको स्थानीय साझेदार संस्थाको रुपमा काम गर्ने अवसर प्रारम्भ भयो। यता माथि उल्लेख विकृति विसंगती, अशिक्षा, अचेतना र विकृत परम्परा विरुद्ध युवा शक्तिलाई एकजुट गर्दै सचेत तुल्याउने, युवाशक्तिलाई सामाजिक रुपान्तरणमा सरिक गराउने कार्यमा गतिशिलता बढाउदै थियो। यसै समयमा छिमेकी गाउँ र वडाहरुमा युवाक्लव गठन हुने परिचालन हुने क्रम बढ्दो थियो। जस अनुसार झिरुबासको वडा नं.८ मा बराहदेवी युवाक्लव, वडा नं.१ मा कालिका युवाक्लव र वडा नं.५ मा नवदुर्गा युवाक्लव जस्ता टोल तथा वडा स्तरका क्लवहरु गठन भई परिचालित हुने कार्य प्रारम्भ थियो। यता जनकल्याण युवाक्लवसंग रेडबार्ना नेपाल लगायत लिस्प हेल्भेटासको साझेदारी पनि शुरुवात भएको थियो।

विशेष गरि यसबेला हाम्रा सामु अशिक्षा र अचेतना नै मुल समस्याको रुपमा थियो। हामीले छलफल र अन्तरक्रियाबाट सदस्यहरुलाई सुसूचित गर्दै लग्यौं। समुदाय प्रति तत्परता, जवाफदेहीताका लागि एकरुपतामा प्रस्तुत हुने जमर्को गऱ्यौं। फलस्वरुप गाउँमा पशुचौपाय छाडा नियन्त्रण, हातेलेखाई पम्पलेटहरु लेखी ठाउँठाउँमा टाँसेर सरुवा रोग र महामारीको प्रकोप बारे सचेत रहन र वातावरणीय सरसफाई प्रति सचेत गर्दै गयौं। केही कसैलाई समस्या परे वा विरामी भएकालाई युवाहरु एकजुट भई तुरुन्तै सहयोग गर्ने र विरामीलाई यथासक्य चाँडो नजिकैको स्वास्थ्यचौकी वा अस्पतालसम्म पुऱ्याउने कामहरु गर्न थाले। नियमित रुपमा बाटोघाटो मर्मत तथा सरसफाई तथा घरआंगन सरसफाईलाई जोड दियौं। यसले समुदायको विश्वास जित्न थप मद्दत मिलेको थियो। यसपछि माथि उल्लेख अडल प्रचलन र उपयुक्त बेचविखन मुल्य परिमार्जन गर्ने गराउने कार्य विविध पटकको भेलाले गर्न थाल्यौं। बाल तथा युवा र महिला सरोकारीत अन्तरक्रिया, तालिम र दिवसहरु विस्तारै चलाउने कार्यलाई महत्व दिई रह्यो।

यसैक्रममा २०५३ प्रारम्भसंगै रेडबार्नाको सहजीकरणमा गा.बि.स.भरिका टोलटोलमा गठित युवाक्लवलाई एक ठाउँमा ल्याई अनुभव आदनप्रदानका लागि अन्तरक्रिया र नेटवर्क गर्ने कार्य थालनी भयो। फलस्वरुप २०५३ मा छरिएर रहेका सवै युवाक्लवहरुलाई एकत्रित गरि साझा उद्देश्य परिपूर्तिका लागि जनकल्याण युवाक्लवमा पनि यिनै प्रस्ताव आयो। तदनुसार जनकल्याण युवाक्लवको वैधानिकतालाई कायम गर्दै संशोधित नाम इन्द्रेणी समाज केन्द्रमा गोलबन्दित हुने प्रस्ताव अघि सऱ्यो। जसअनुसार टोलटोलमा रहेका युवाक्लवहरु र गठन नभएका टोल वडाहरुलाई पनि समेट्दै कम्तिमा एक समुहमा १५ जना साधारण सदस्य रहने गरी १३ वटा इन्द्रेणी उपसमुहको अवधारणा अगाडि सारियो। सवै टोल र वडामा रहेका युवाक्लवलाई इन्द्रेणी उपसमुह १ देखि १३ को नामले नामङ्करण गरियो र सवै युवा युवतीहरुलाई विधानत त्यस अर्न्तगत समेट्ने र सम्बन्धीत वैधानीक प्रक्रियामा प्रशासनसम्म विधान संशोधन गर्ने जस्ता कार्य तय भयो। स्थानीय तहमा सदस्यहरुलाई उपसमुहहरुमा गोलवन्द गर्दै अन्तर उपसमुह स्तरका प्रतियोगिता, सामाजिक संस्कार र संस्कृति विरुद्धको सामाजिक अभियानलाई निरन्तरता दिदैं युवाहरुलाई सरिक गऱ्यौं। फलस्वरुप विवाहमा छोरी ज्वाईबाट भारी (सामाग्री) र श्रीटुक मगाई विवाह सम्पन्न गर्ने मगर प्रचलनलाई व्यापक सुधार गरी गा.वि.स.भरि नै निश्चित खर्चमा विवाह सम्पन्न गर्ने प्रचलन लागु गऱ्यो। गा.वि.स.भरिमा सरसफाई तथा सचेतनाको अभियानलाई जोड दिने कार्य भयो। त्यस्तै गरी दशैं, तिहार तथा अन्य चाडपर्वमा हुने अनावश्यक खर्च कटौती सहित प्रचलनमा सुधारको अभियान लग्यौं। धार्मिक कर्म काण्डमा प्रयोग गरिने वाहुन पण्डितको ठाउँमा मगर

पण्डित वा वापा परिचालन गर्ने परिपाती बसाल्यौं । समय र परिवेश अनुसार ति कुराहरुमा विभिन्न उतारचढावका वावजुत संस्थागत र नियमित हुदै गयो अर्को तिर शिक्षालाई महत्व दिदैं सवैका छोराछोरी पढाउन र छोरीहरुको शिक्षालाई जोड दिन अभिभावकहरुलाई सचेत गर्ने र दवाव दिदै जान थाले भने यि सवै कार्यमा गा.वि.स.को पनि उत्तिकै सहयोग रहदै गयो । अन्तत यी सवै कार्यहरुको प्रशसा र स्राहनाले लिस्प हेल्भेटासले पहिलो पटक संस्थागत सम्झौतामा समुह तथा सदस्यहरुको संस्थागत क्षमता विकास तथा आयआर्जन कार्यक्रममा साझेदारी थालनी गऱ्यो । यसपछि भने कर्मचारी सहित कार्य सञ्चालन प्रारम्भ भयो । यसले थप व्यवस्थित गतिशिलता ल्याउने कार्य भयो । यसको लगतै रेडबार्ना नेपालले पनि शुरुका दिनमा अनौपचारिक र पटके कार्यक्रमहरु साझेदारीमा गर्दै आएता पनि सन् २००० को अन्तबाट बालक्लव सहयोग कार्यक्रम नामक परियोजनाको विधिवत साझेदारी प्रारम्भ भयो । यस पछि मात्र संस्थालाई वाहिरी गा.वि.स. र क्षेत्रमा समेत विस्तार गर्न सम्भव भयो । संस्थाको शुरुवातमा हामी सवै स्वयंसेवी तवरबाट परिचालित हुन्थ्यौं । कतिपटक हामी घरबाट नास्ता लिएर नेटवर्क बैठकहरुमा सहभागी हुने, चौतारी र चउरमा बैठक बस्ने र झोलामा माइन्युट बुक र लेटरप्याड तथा छापहरु राखेर आफिस सञ्चालन गरेको अनुभवहरु हामीसंग छ । संस्था सञ्चालन गर्ने मेरा सहकर्मी तथा अग्रज दाजुहरुसंगको सहयात्रा पनि रमाइलो र अविस्मरणीय छन् । सवैको लगनशीलता र प्रतिवद्ध खटाईले स्थापना काल देखि अनवरत रुपमा अघि बढीरहयौं । बीचमा आएर नेपालमा चलेको द्धन्द्धले संस्थागत गतिशीलतामा प्रभाव पनि रहयो । कुनै पनि दिन संस्था बन्दै गर्न पर्ने स्थिती वा प्रत्यक्ष असर नपर्ने र नपारेता पनि कार्यगतिशिलतामा भने अपेक्षित हुन सकेन ।

यसरी संस्थाको विकासक्रम वा उतारचढावसंगै विभिन्न संघ संस्था, व्यक्तिको सहयोग र समझदारीबाट आजको दिनसम्म आईपुग्न इन्द्रेणी समाज केन्द्र सफल भएको छ । संस्थालाई आवश्यक पर्ने जनशक्ति उत्पादन, नीति नियमको निर्माण, वैधानिक व्यवस्थापन, श्रोतसाधनको व्यवस्थापन र दिगोपनाको पुर्वाधार तयार गर्ने कार्यमा पनि संस्था शुरु देखि क्रियाशील रहदैं आएको छ । हाल इन्द्रेणी समाज केन्द्रले पाल्पा तथा नवलपरासी जिल्लामा आफ्नो कार्यक्षेत्र बनाई विभिन्न परियोजनाहरु संञ्चालन गर्दै आएको छ । कुनै न कुनै कार्यक्रम मार्फत यि दुवै जिल्लाको सवै समुदाय माझ सरोकारीत रहदै आएको छ । यसको मुख्य कार्यालय झिरुबास,पाल्पा, सम्पर्क कार्यालय तानसेन,पाल्पा र फिल्डकार्यालय नवलपरासी रामग्राममा सञ्चालित छन् । यस अर्न्तगत नियमित कर्मचारी २१ जना कार्यरत रहेको छ भने हालै नविकरण भई साधारण सदस्य ५७४ जना आवद्ध रहेको छ । संस्थाले कम्तिमा यी दुई जिल्लामा आफ्नो पहिचान स्थापित गरेको छ र अन्य तहमा पनि पहिचान दिलाउन प्रयासरत छन् । संस्था सञ्चालन देख्दा र सुन्दा सामान्य झै लाग्छ तर यस भित्रको जटिलता र व्यवस्थापकीय कठिनाई छ । संघ संस्थालाई लागेको विविध आरोप वा भ्रमलाई चिर्दै आफ्नो कार्यक्रम र समुदाय वा लक्षित वर्गप्रति पादर्शी र उत्तरदायी ढंगले प्रस्तुत हुन आवश्यक छ । एक महत्वपुर्ण पदिय जिम्मेवारीलाई वहन गर्ने क्रममा संस्थाको साधारण सदस्य देखि कार्यसमितिसंग खेल्ने भूमिका र आफु मातहतका कार्यक्रम र कर्मचारी देखि दातृनिकायसंगको भूमिकाको सन्तुलन गर्न पर्ने चुनौतीपूर्ण हुन्छ । यसका अलवा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा संघ संस्था प्रतिको सवाल, समुदाय तहबाट उठेका सामुदायिक सवाल र बुझाइलाई संवोधन गर्न पनि कम चुनौतीपूर्ण छैन ।

इन्द्रेणी समाज केन्द्रमा मेरो पनि यिनै आरोह अवरोहसंग निरन्तर यात्रा चलिरहयो । संस्थाले विधानत आठौं अधिवेशन र १६औं वार्षिक साधारण सभासम्मको दौरान पुरा गर्ने क्रममा छ । नियमित रुपमा संस्थागत समीक्षा र आवधिक पाँचवर्षे रणनैतिक कार्ययोजना सहित वर्तमान् समाज र विकास प्रक्रियामा समुदायसंग साझेदार बन्दै योगदान दिन तत्पर रहदै आएको छ । समय र परिस्थिती अनुरुप नै संस्थाको जीवनचक्र वा पद्दतिलाई आत्मसाथ गर्दै परिमार्जन र व्यवस्थापनलाई पनि उत्तिकै ध्यान दिदै आएको छ । एउटा दुर्गम भेगका सिमित युवाहरुको सक्रियतामा गठित क्लब यो स्थानसम्म आईपुग्नु नै गर्व मान्नु एउटा पक्ष छ भने वर्तमान् प्रतिष्ठा सहित संस्थागत दिगोपनाको सवालप्रति पनि ध्यान दिनु पर्ने छ । यसका साथै तदनुसारको कार्यनीतिहरु तर्जुमा गरी संस्थालाई व्यवस्थित र संस्थागत तुल्याउन र श्रोतसाधनको उचित व्यवस्थापन एवं समुचित प्रयोगको पक्षमा ध्यान दिनु पर्ने अर्को महत्वपुर्ण पक्ष छ ।

यसरी संस्थाको आन्तरीक व्यवस्थापन र सुधार सहित क्षमता विकास तथा सवलीकरणलाई जोड दिनु र वाह्य सरोकारवालाहरु र दातृनिकाय संघ संस्था बीचको सम्बन्धमा पनि सन्तुलन कायम गर्दै संस्थाको लक्ष्य उद्देश्य अनुरुपका परियोजनाहरु वा कार्यक्रम संञ्चालन गरि सम्बद्ध लक्षित समुदाय र वर्गप्रति उत्तरदायी रहन र जवाफदेही ढंगले प्रस्तुत हुन आजको प्रमुख आवश्यकता हो । हामी जस्ता गैर सरकारी संस्थाहरु राज्यको एक सहयोगी र जिम्मेवारी गैर सरकारी संस्थाको रुपमा प्रस्तुत हुन पर्नेमा प्रमुख भूमिका बढ्दै गएको छ । धन्यवाद ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाले‌को **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा-२०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



अध्यक्ष
छविलाल पौडेल

# झिरुवास गाउँ विकास समितिको कार्यालय

"घटना भएको ३५ दिन भित्र निशुल्क व्यक्तिगत घटना दर्ता गराऔं"

- **जन्म दर्ता**
- **बसाई सराई दर्ता**
- **मृत्यु दर्ता**
- **विवाह दर्ता**
- **सम्बन्ध विच्छेद दर्ता**

**स्थानीय पंजिकाधिकारीको कार्यालय झिरुबास गाउँ विकास समिति**
**झिरुबास, पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



अध्यक्ष
नविन्द्र थापा (सोती)

प्रधानाध्यापक
दमन सिं थापा (पाटा)

तथा

# श्री जनक माध्यमिक विद्यालय परिवार

झिरुबास- ८, खादर, पाल्पा

---

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



Pro. Binod Bhusal
9847041248

## DEEP BOOKS AND STATIONERY

Ramgram- 3, Parasi

Ph. 078- 520844 (s) 520327(R), Fax. 078-520844

Photo Copy,Fax.STD,ISD,Lamination,Gift Items,+2 Books,Training Material,Recharge Card & Books Binding.

---

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. प्रमोद कुमार अर्याल
मो. ९८५७०८०३४२

## माछापुच्छ्रे कम्प्यूटर

माकर- ४, बर्दघाट, नपवलपरासी

कम्प्युटर सम्बन्धी तालिमको लागि हामीलाई सम्झनुहोस् ।

# बालबालिकाको संरक्षण र यसका लागि सामाजिक संघसंस्थाको भूमिका



... शिव थापा मगर
बालअधिकार अध्ययन प्रतिष्ठान, काठमाडौं

**अ) बालअधिकार**

बालबालिकालाई जन्मनुपूर्व तथा जन्मेपछि १८ वर्ष पूरा नभएसम्म आवश्यक पर्ने सबै आधारभूत आवश्यकता तथा अवसरहरू प्राप्त गर्ने कानूनी हैसियतलाई नै बालअधिकार भनिन्छ । सरल रूपमा बुझ्दा बालबालिकाको उमेर अनि बढ्दो शारीरिक र मानसिक अवस्थाअनुरूप बाल्यकालका आधारभूत आवश्यकता नै बालअधिकार हुन् । सन् १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाबाट सर्वसम्मत रूपमा बालअधिकारसम्बन्धी महासन्धि पारित भएको थियो । यस महासन्धिले बालबालिकाका जीवनरक्षा, विकास, सुरक्षा वा संरक्षण तथा सम्मानपूर्वक सक्रिय जीवनका लागि आवश्यक सबै आधारभूत अधिकारहरूको विश्वव्यापी रूपमा नै स्पष्ट आधार तयार गरेको छ । नेपालले सन् १९९० को सेप्टेम्बर १४ तारिखमा यस महासन्धिलाई अनुमोदन गरेको हो । अहिलेसम्म विश्वका १९३ राष्ट्रहरूले बालअधिकारसम्बन्धी महासन्धि १९८९ लाई अनुमोदन गरेकाले महासन्धिमा व्यवस्था भएका बालअधिकारका प्रावधानहरूले विश्वस्तरमा नै स्वीकृति पाएको देखिन्छ ।

**आ) अधिकारका दुइ क्षेत्रहरु**

सामान्यतया अधिकारलाई दुइ क्षेत्र तर एक अर्काका परिपुरकको रुपमा हेर्न सक्छौं र बालअधिकारको सन्दर्भमा पनि यहि अनुसार छलफल गर्न सकिन्छ ।

| जीवनको सुखद सुरुवात | बाल्यकालमा आइपर्नसक्ने नकारात्मक अनुभवहरुबाट संरक्षण |
|---|---|
| ◆ बाल्यकालका विशेष आवश्यकता र वयस्क भएपछि समाजमा सार्थक एवं जिम्मेवारपूर्ण सामाजिक जीवन बिताउन आधार प्रदान गर्ने, ◆ बालबालिकालाई | ◆ बालबालिकालाई बाल्यकालमा हुनसक्ने सबै प्रकारका नकारात्मक अनुभवहरुबाट जोगाउने वा पूर्णरुपले सुरक्षित राख्ने ◆ बालबालिकाको उमेर र बढ्दो शारीरिक, मानसिक |

| जीवनको सुखद सुरुवात | बाल्यकालमा आइपर्नसक्ने नकारात्मक अनुभवहरुबाट संरक्षण |
|---|---|
| शिक्षा, स्वास्थ्य, सीप, अवसर प्रदान गर्ने र सकेसम्म उच्चस्तरको सेवा र सुविधाहरु प्रदान गर्ने कुरामा जोड ◆ सुखद र सकारात्मक बाल्यकाल र वयस्क जीवनका लागि अवसरको बढोत्तरी | अवस्थाका कारण वा अन्य कारणबाट उनीहरुमाथि पर्नसक्ने विविध जोखिमबाट जोगाउने ◆ बालजीवनमा आउनसक्ने खतराविरुद्ध आवाज उठाउन र प्रतिवाद गर्न सशक्तिकरण |

**इ) बालसंरक्षणसम्बन्धी परिभाषा**

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । अर्को शब्दमा, बालबालिकामाथि हुने सबै खालका हानिहरूबाट उनीहरूलाई संरक्षण गर्नु बालसंरक्षण हो । बालअधिकारमुखी अवधारणाअनुसार बालबालिकामाथि तत्कालीन र दीर्घकालीन रूपमा नकारात्मक असर पर्ने सबै खालका जोखिम वा हानिहरूलाई रोक्नका लागि लिइने उत्तरदायित्व तथा जिम्मेवारी नै बालसंरक्षण हो ।

बालबालिकाको (क) बढ्दो उमेर, ख) शारीरिक, मानसिक वा बौद्धिक, सामाजिक वा संवेगात्मक परिपक्वता, र ग) विकासको स्तरका आधारमा वयस्कको तुलनामा जोखिम वा हानि पुऱ्याउने गलत कार्यहरू हुन सक्ने सम्भावना बढी हुन्छ । यसको मुख्य कारणहरूमा बालबालिकाले (क) आफूमाथि हुनसक्ने सम्भावित गलत कार्यको आकलन गर्न नसक्नु, ख) कुनै गलत कार्य हुन लागेको अवस्थामा त्यसको प्रतिकार गर्न नसक्नु, ग) खासगरी नजिकको नाता( सम्बन्धका वयस्कहरूबाट भएको गलत कार्य गलत हो वा सही हो छुट्याउन नसक्नु र घ) आफूमाथि भएको गलत

कार्यको कानुनी उपचार खोज्न नसक्नु आदि रहेका पाइन्छन् ।

**ई) बालबालिकालाई हानी हुने कार्यहरु**

निम्न उल्लेखित सबै गलत कार्यहरूले बालबालिकालाई उनीहरूको शिक्षा, स्वास्थ्य, परिवारसँग मायाममता र सम्मानका साथ बस्न पाउने, तथा स्वाभाविक बाल्यकाल बिताउन पाउने अधिकारको परिपालनामा बाधा पुऱ्याउँदछ ।

➲ भेदभाव : लिङ्ग, जातपात, एचआइभीबाट प्रभावित वा सङ्क्रमित भएको, अपाङ्गताका आधारमा हुने भेदभावका घटनाहरू समेत ।

➲ दुर्व्यवहार : यसका स्वरूपहरूमा(क) मौखिक वा भावनात्मक दुर्व्यवहारः गालीगलौज, ख) शारीरिक दुर्व्यवहारः कुटपिट, यातना, क्रूर व्यवहार, थुनामा राख्ने, नेल(हडकडी लाउने आदि समेतका कामहरू, ग) यौनदुर्व्यवहारः यौन तथा संवेदनशील अङ्गमा छुने (बालबालिकाले मन नपराउने छुवाइ पनि यौनदुर्व्यवहार हुन्छ), यौनसम्बन्ध राख्नु वा यौनसम्बन्ध राख्ने उद्योग/प्रयास, बलात्कार, अश्लील चित्रण तथा अश्लील चित्रणको प्रसारणसमेत पर्दछन् ।

➲ यौनशोषण : आर्थिक फाइदा वा नाफाको लागि वा अन्य उद्देश्यका लागि बालबालिकालाई वेश्यावृत्तिमा लगाउने, लगातार उनीहरूलाई यौन क्रियाकलापमा संलग्न गराउनु, यौनशोषणका लागि बालबालिकाको बेचबिखन गर्नु, उनीहरूलाई बन्धक बनाउनु वा अश्लील चित्रणमा बालबालिकाको दुरूपयोग गर्नुसमेत पर्दछन् ।

➲ यातना वा हिंसा : यसअन्तर्गत( क) बालबालिकालाई शारीरिक, मानसिक वा संवेगात्मक रूपमा यातना दिनु, नेल वा हतकडी लगाउनु, वयस्क बन्दी वा कैदीसँग कारागारमा थुन्नु, ख) सबै प्रकारका बालबालिकामाथि हुने घरेलु हिंसा, ग) विद्यालयमा शिक्षकले र घरपरिवारमा बाबुआमा वा अभिभावक वा स्याहारकर्ताले अनुशासनका नाममा वा आचरण वा व्यवहार सुधारका नाममा दिइने सबै प्रकारका दण्डसजाय आदि ।

➲ बेचविखन वा ओसारपसार र अपहरण : बालबालिकाको अङ्ग तस्करी, श्रमशोषण, यौनशोषण वा यौनव्यापार, वेश्याबृत्ति, आर्थिक कारोबार वा आर्थिक फाइदाको प्रयोजनले गरिने धर्मसन्तान लिने वा दिने प्रक्रियासमेतका लागि बालबालिकालाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने, देशको सीमाना कटाउने तथा बन्धक बनाउने काम बेचबिखन तथा ओसारपसार हो । त्यस्तै, बालबालिकालाई फिरौती वा अन्य लोभमा अपहरण गर्ने र बन्धक बनाउनेसमेतका कार्य यसअन्तर्गत पर्दछन् ।

➲ परम्परागत हानिकारक अभ्यासहरू : यसअन्तर्गत खासगरी (क) बालविवाह (धर्म, सँस्कृति वा अन्य कुनै पनि नाममा कानुनले तोकेको भन्दा कम उमेरमा गरिने विवाह, ख) छाउपडी प्रथा र महिनावारीसँग सम्बन्धित महिला तथा बालिकामाथि हुने सबै खालका विभेदहरू, ग) झुमा प्रथा( बौद्ध सम्प्रदायमा परिवारको माहिली छोरीले अनिवार्य रूपमा आनी भएर बौद्ध गुम्बामा बस्नुपर्ने चलन, र घ) यौनअङ्ग छेदन गर्ने कार्य (इस्लाम धर्म मान्ने समुदायका बालबालिकाको सन्दर्भमा प्रचलित अभ्यास

➲ बेवास्ता/उपेक्षा वा हेलचेक्राइँ : बालबालिकाको स्याहारसुसार र पालनपोषणमा बाबुआमा, अभिभावक वा स्याहारकर्ताका तर्फबाट जानीबुझीकन वा अज्ञानतावश भूल हुन जानु तथा त्यसले बालबालिकाको जीवनमा तत्कालै वा दीर्घकालमा समेत समस्याहरू आउनसक्ने अवस्थालाई बेवास्ता/उपेक्षा वा हेलचेक्राइँ हो । त्यस्तै बालबालिकाबाट हुनसक्ने सम्भावित जोखिमपूर्ण, गैरकानुनी वा गलत गर्नबाट उनीहरूलाई नरोक्नु वा नजोगाउनु र यस्ता कार्यबारे पूर्वसचेत गर्ने खालको उचित मार्गदर्शन नदिनु पनि बेवास्ता/उपेक्षा वा हेलचेक्राइँ हो ।

➲ आर्थिक शोषण/बालश्रम शोषण : यसअन्तर्गत( क) कानूनले स्वीकृत गरेका उमेरका बालबालिकाको श्रमशोषण गर्नु तथा निषेधित काममा लगाउनु र ख) कानूनले निषेध गरेका उमेरका बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनु दुवै अवस्था पर्दछन् । आर्थिक लाभ वा गैरकानुनी रूपमा मुनाफा कमाउने हेतुले बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनु र उनीहरूलाई नाफा कमाउने साधनका रूपमा दुरूपयोग गर्नु आर्थिक शोषण हो ।

साथै एक खालको गलत कार्य भोग्न बाध्य भएमा बालबालिकालाई थप जोखिमी अवस्थातिर धकेली उनीहरूमाथि अरू थुप्रै गलत कार्यहरू हुन सक्ने सम्भावना रहन्छ । यसर्थ, बालसंरक्षणका जोखिमी अवस्थाका यी कारक तत्वहरूलाई पहिचान गरी यिनको नकारात्मक असरबाट बालबालिकालाई जोगाउन यत्न गर्नुपर्दछ ।

**उ) बालसंरक्षणका लागि कार्यहरु**

बालसंरक्षण कार्यअन्तर्गत बालबालिकामाथि हुने वा हुन सक्ने हानिहरू एवम् उनीहरूलाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, आर्थिकलगायतका पक्षहरूमा पर्नसक्ने सबै खालका आघातहरूबाट जोगाउन गरिने क) जोखिमको पहिचान, रोकथाम, ख) पीडित बालबालिकाको उद्धार, स्वास्थ्य तथा मनोसामाजिक स्याहार, पुनर्स्थापना र ग) पीडकलाई कानुनको दायरामा ल्याउनेलगायतका कार्यहरू पर्दछन् । यसरी हेर्दा बालबालिकामाथि हुने वा हुनसक्ने सबै खालका नियोजित तथा अनियोजित जोखिम वा हानिबाट जोगाउन तथा कथम् कदाचित उनीहरूमाथि त्यस्ता घटना, दुर्घटना भएमा त्यसबाट उनीहरूमा पर्ने असरलाई कम गर्न र उनीहरूलाई परिवार तथा समाजमा

पुनर्स्थापना गर्न गरिनेलगायतका सबै कामलाई समष्टिगत रूपमा बालसंरक्षण भनेर बुझ्न सकिन्छ ।

कुनै पनि खालका जोखिम वा हानिहरूको कारणबाट बालबालिकामा हुने नोक्सानी अथवा नकारात्मक अनुभवबाट जोगाउन गरिने सोचपूर्ण, प्रक्रियासंगत वा योजनाबद्ध कार्य वा क्रियाकलापको समग्र रूपलाई बालसंरक्षणका रूपमा परिभाषित गर्न सकिन्छ । यसरी हेर्दा बालसंरक्षण कार्यक्षेत्रअन्तर्गत मूलभूत रूपमा(क) बालसंरक्षणसम्बन्धी जोखिमका कारकहरूलाई सम्बोधन गरेर गरिने रोकथाम, ख) पीडित बालबालिकाको उद्धार, उपचार (स्वास्थलाभ वा मनोसामाजिक सेवा र स्याहारसमेत) र राहत सहयोग, ग) पीडित बालक वा बालिकाको सामाजिक पुनर्स्थापना, घ) पीडकलाई कानूनी कारबाही र पीडितलाई क्षतिपूर्ति र ङ) बालसंरक्षण र जोखिम वा हानिबारे आमसमुदाय र व्यावसायिक समूहका व्यक्तिहरू (मिडियासमेत) मा चेतना जागरण र वकालत आदिलगायतका कार्यहरू पर्दछन् । यसर्थ, 'बालसंरक्षण कार्य भनेको बहुआयामिक र बहुपक्षीय उपायहरू अपनाएर बालबालिकाको अधिकार परिपालना गरी उनीहरूको स्वीकार्य/ स्वाभाविक विकासलाई सुनिश्चित गर्ने सोचपूर्ण कार्य हो । यसमा रोकथाममूलक कार्यमात्र नभएर जोखिममा रहेको वा पीडित बालक वा बालिकालाई सबै खालको जोखिम वा हानिबाट पूर्ण रूपमा मुक्त नभएसम्मका लागि आवश्यक सबै सेवाहरूको व्यवस्था गर्ने समेतका कार्यहरू पर्दछन् ।

**ऊ) बालसंरक्षणका लागि सामाजिक संघसंस्थाको जिम्मेवारी र भूमिका**

सामान्यतया बालसंरक्षणका लागि सामाजिक संघसंस्थाहरुले आफ्नो नियमित कार्यअन्तर्गत गर्नसक्छन् । तथापि उनीहरुले निम्नानुसार जिम्मेवारी वा भूमिका निर्वाह गरिदिएमा बालबालिकाले आफ्नो अधिकार सुनिश्चित गर्नसक्दछन्:

क) बालसंरक्षण योजना तथा कार्यक्रम कार्यान्वयनमा सहयोग
- बालसंरक्षणका लागि आवश्यक कार्यमुखी योजना तर्जुमा गर्ने, स्रोत सङ्कलन तथा परिचालन गर्ने
- बालसंरक्षण संयन्त्र तथा निकायको क्षमता अभिवृद्धिमा सहयोग
- बालसंरक्षण गर्ने निकाय तथा संरचनाको क्षमता विकास गर्ने र सरकारी संरचनालाई सहयोग गर्ने ।

ख) बालसंरक्षणसम्बन्धी चेतनामूलक क्रियाकलाप सञ्चालन
- बालसंरक्षण नीति तर्जुमाका लागि पैरवी गर्ने र संस्थागत तहमा लागू गर्ने ।
- श्रममा संलग्न, सडकमा आश्रित, यौनव्यवसाय वा अन्य कुनै पनि निकृष्ट प्रकारको श्रम वा जोखिममूलक कार्यक्रमबाट संरक्षण गर्नका लागि चेतनामूलक एवं रोकथाममूलक कार्य गर्ने र जोखिमी अवस्थामा रहेका बालबालिकाको उद्धार गरी विद्यालय पढ्ने वातावरण तयार गर्ने कार्य गर्ने ।

ग) बालमैत्री अवधारणाको प्रवर्द्धनमा सहयोग
- बालमैत्री विद्यालय वा गाविस वा नगरपालिका तथा संस्था बनाउने अभियानमा सक्रिय भएर काम गर्ने ।

घ) जोखिममा रहेका तथा पीडित बालबालिका (तथा परिवार) को उद्धार तथा सेवा प्रदान
- बालसंरक्षणको जोखिमी अवस्थामा रहेका तथा पीडित बालबालिका एवं परिवारका लागि उद्धार, स्वास्थ्य, शिक्षा, मनोसामाजिक परामर्शसेवा तथा कानुनी उपचारमा सहयोग गर्ने ।
- कुनै पनि बालबालिका दुर्व्यवहार, शोषण, हेला वा उपेक्षा, भेदभाव तथा हिंसाजस्ता अपराधबाट पीडित भएमा तिनीहरूको उचित स्याहार, उपचार, सामाजिक संरक्षण, कानुनी उपचारलगायत आवश्यक सेवासुविधाको प्राप्तिका लागि पहल र समन्वय गर्ने ।
- पीडित बालबालिका तथा परिवारलाई लक्षित गरी आयआर्जन वा वृत्ति विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

ङ) बालसंरक्षणको लागि जिल्ला तथा स्थानीय तहमा दीगो संयन्त्रको विकास
- बालअधिकार उल्लंघनबारे बालबालिका र वयस्कले उजुरी गर्ने संयन्त्रको विकास गर्न, तिनलाई सुदृढ गर्ने तथा परेका उजुरी एवं जानकारीमा आएका अधिकार हनन्को स्थितिलाई आवश्यकताअनुसार सम्बोधन गर्ने अवस्थाको सुनिश्चितताका लागि जनवकालत गर्ने ।
- स्थानीय तहमा लागू हुने गरी बालसंरक्षण नीति तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने र त्यस प्रक्रियाको अनुगमन गर्ने ।

(स्रोतः बालसंरक्षणः बालसंरक्षणमा क्रियाशील संघसंस्था तथा कार्यकर्ताहरुको लागि शिक्षण-प्रशिक्षण एवम्
स्व-अध्ययन स्रोत-पुस्तक (लेखन तथा सम्पादनः चन्द्रिका खतिवडा), बालअधिकार अध्ययन प्रतिष्ठान, काठमाडौं र केन्द्रीय बालकल्याण समिति, ललितपुर, २०१०)

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



शिव प्रसाद देवकोटा
**अधिवक्ता/नोटरी पब्लिक/मेलमिलाप कर्ता**
**प्रतिभा कानूनी परामर्श तथा सेवा केन्द्र**
**तानसेन, पाल्पा**

कानुनी परामर्श तथा सेवाको साथै सक्कल कागजातको नक्कल प्रमाणित, लिखित प्रमाणिकरण र मुद्दामामेला मिलाप गराउन मेल मिलाप कर्ताको आवश्यक परेमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु।
सम्पर्क फोन निवास: ०७५-५२१३३८ मो.९८४७०२९५५७

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. गोविन्दमान श्रेष्ठ
**चन्द्र गोपाल वस्त्रालय**
**अग्यौली-९ शहिदनगर,डण्डा, नवलपरासी**

थान कपडाको थोक तथा खुद्रा बिक्रेताका साथै टेलरिङको पनि राम्रो व्यवस्था छ।

**सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**



अध्यक्ष
विरबहादुर पाटा

प्रधानाध्यापक
भेमबहादुर राना

तथा

**श्री जनक प्राथमिक विद्यालय परिवार**
**झिरुबास- ६, धर्केसिं, पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पालेको **आठौं अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा-२०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. होम बहादुर सोती

# पुरन स्टेशनरी

**झिरुबास- १, सिमलभञ्ज्याङ्ग, पाल्पा**

**मो. : ९८४७१८०६९६, ९८०७५८३९८९, ९८४७००५४९१**

यहाँ विद्यार्थी तथा विद्यालयलाई चाहिने आवश्यक सम्पूर्ण सामग्री सुपथ मूल्यमा पाइनुका साथै वैदेशिक रोजगारको लागि तथा गाडी रिर्जव सेवाको पनि व्यवस्था गरिन्छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौं अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं।



प्रो. दुर्गा बहादुर सारु

मो. ९८४७१७९९१०

## आरतीदेवी किराना पसल

**मित्याल-३ रुक्सेभञ्ज्याङ्ग,पाल्पा**

यहाँ थोक तथा खुद्रा माल सामान सुपथ मूल्यमा पाइनुका साथै अदुवा, सोठी, बेसार, कुरीलो, दालचिनी, तरुल, कुचो, सीमी, आदि खरिद बिक्रि गरिन्छ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौं अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



अध्यक्ष
लक्ष्मीप्रसाद पाठा

सचिव
भेमबहादुर राना

तथा

## ने.क.पा. (एमाले) झिरुबास गाउँ कमिटी

**झिरुबास, पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौं अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं।



प्रो. दिनेश पाण्डे

## प्रशान्त पुस्तक पसल

**अग्यौली-९ शहिदनगर, डण्डा, नवलपरासी**

स्टेशनरी, रिचार्जकार्ड, सिम कार्ड Western union Money transfer, फोन तथा कुरियर्सको भरपर्दो सेवाको लागि हामीलाई सम्झनुहोस्।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौं अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं।



प्रो. राजेन्द्र ढुङ्गाना
९८४७०४८४३५

## न्यू ढुङ्गाना जलपान गृह

**विशाल बजार तानसेन, पाल्पा**

**फोन: ०७५-५२०९७१**

ताजा, सफा, स्वादिष्ट चिया नास्ताको साथै अर्डर बमोजिमका परिकारहरुको लागि हामीलाई सम्झनुहोस् ।

# खण्ड "ख"

## इन्द्रेणी समाज केन्द्रको वर्तमान स्व-लेखाजोखा

ननन

# इन्द्रेणी समाज केन्द्र भिरुबास,पाल्पा सांगठनिक स्व-लेखाजोखा प्रकृया (SOAP)

## १. आन्तरिक संगठन

### १.१ सांगठनिक संरचना

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **१.१.१ ध्यय, परिकल्पना तथा मुल्य मान्यता** | | |
| संस्थाको ध्यय, परिकल्पना तथा मुल्य मान्यताविकास गरिएको तथा लिखित रुपमा उपलब्ध छ। | ४ | |
| संस्थाको ध्यय, परिकल्पना तथा मुल्य मान्यता संस्थाका सदस्यहरू र कर्मचारीहरू लाई जानकारि गराउने प्रक्रिया छ। | ३ | सबै बैठकमा भिएमजिओ आचारसंहितालाई प्रस्तावमा ल्याउने। |
| सदस्यहरू र कर्मचारीहरूले संस्थाको ध्यय, परिकल्पना तथा मुल्य मान्यता स्पष्ट संग बुझेका छन्। | २ | सबै बैठकमा भिएमजिओलाई प्रस्ताव बनाउने। भिएमजिओको तथा आचारसंहिताको बारेमा अभिमुखीकरण गर्ने। बोर्डमा अध्यक्षले, कर्मचारीमा कार्यक्रम प्रवन्धकले यसको बारेमा भएनभएको जिम्मेवारी लिने। |
| जम्मा | ९/१२ | |
| **१.१.२ संस्थाको विधान** | | |
| संस्थाको विधानले सदस्यता सम्बन्धी आधार तथा प्रकृयाहरू र सदस्यहरूको अधिकार तथा कर्तव्यलाई समेटेको छ। | ४ | नियमित अद्यावधिक गर्दै जाने। |
| कार्यकारी समितिको चुनाव विधानमा उल्लेख भए अनुसार नियमित रुपमा हुने गर्दछ। | ४ | |
| जम्मा | ८/८ | |
| **१.१.३. कार्यसमिति/ वोर्ड** | | |
| वोर्डमा अधिकारवालाहरूको समुचित प्रतिनिधित्व छ। | ३ | बोर्डमा अपांगता भएका व्यक्तिहरुको प्रतिनिधित्व हुनु पर्ने। |
| वोर्डको बैठक नियमित रुपमा बस्दछ। | ४ | |
| वोर्डका सबै सदस्यहरूले सक्रिय भूमिका निर्वाह गरेका छन्। | ३ | सबै सदस्यहरुलाई लिखित जिम्मेवारी दिने। जिम्मेवारी विभाजन गर्ने र विधानमा उल्लेख भए अनुसार लिखित जानकारी दिने। जिम्मेवारीको अनुगम प्रतिवेदन दिने व्यवस्था लागु गर्ने। |
| जम्मा | १०/१२ | |

## १.२ निर्णय प्रक्रिया

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **१.२.१. उत्तरदायित्वहरूको विभाजन तथा तहगत संरचना** | | |
| संस्थामा वोर्ड तथा व्यवस्थापनको काम, कर्तव्य तथा अधिकारलाई स्पष्ट रुपमा परिभाषित गरिएको छ। | ३ | सदस्यहरुलाई सदस्यताको प्रमाणपत्र दिने व्यवस्था तथा लिखित कार्यविवरण दिने व्यवस्था मिलाउने। |
| संस्थाको संरचनागत चार्ट वनाइएको छ र सबैको लागि उपलव्ध छ। | ३ | संस्थाको संरचना चार्टको फ्लासप्रिन्ट सबै कार्यालयमा राख्ने। भेलाहरु तथा बैठकमा यसबारे छलफल गर्ने। |
| जम्मा | ६/८ | |
| **१.२.२. नेतृत्व शैली** | | |
| सम्बन्धित सदस्य तथा कर्मचारीहरू, जसलाई जुन निर्णयले असर पार्छ, त्यस्तो निर्णय गर्दा निर्णय प्रक्रियामा उनिहरुको प्रर्याप्त संलग्नताको सुनिश्चित गरिन्छ। | ३ | बोर्ड तथा बरिष्ठ कर्मचारीहरुबाट ६, ६ महिनामा स्टाफ तथा सदस्यहरुसंग खुल्ला छलफल गर्ने। |
| वोर्ड तथा कर्मचारीहरूबाट गरिने निर्णयहरूले तथा व्यवहारले संस्थाको परिकल्पना, ध्यय तथा मूल्यमान्यता प्रतिको प्रतिवद्धताको प्रतिविम्वित गर्छ। | ३ | भिएमजिओको समीक्षा वार्षिकरुपमा राख्ने तथा यसको प्रतिवेदन तयार गर्ने। |
| निर्णयहरू खुल्ला रुपमा समयमै सम्बन्धित सबै पक्षलाई जानकारी गराइन्छ। | ४ | |
| संस्थामा दोश्रो तहको व्यवस्थापन र नेतृत्वको विकास गर्ने प्रावधान छ र सो को लागि आवश्यक कदमहरू चालिएका छन्। | ३ | संस्थागततहमा दोस्रो पुस्ता खोज्ने तथा बढाउने प्रक्रिया औपचारिकतहमा रणनीति बनाउने र यस अघि भएका अभ्यासहरुलाई संस्थागत गर्ने। |
| जम्मा | १३/१६ | |
| **१.२.३. समुहकार्य तथा बैठकहरू** | | |
| संस्थाको उद्देश्यहरू प्राप्तिको लागि समूहकार्यलाई प्रोत्साहन गरिन्छ। | ४ | |
| मिटिङहरू नियमित हुन्छन र यसको राम्रोसाग अभिलेख राखिन्छ, मिटिङ गर्नुपूर्व एजेण्डाहरू सम्बन्धित सबैलाई जानकारी गराईन्छ। | ३ | प्रस्तावहरु अग्रिमरुपमा बनाएर सदस्यहरुलाई पठाउने। लेटरहेडमा समेत प्रस्ताव लेख्ने ठाउं तयार गर्ने। |
| जानकारी आदान प्रदान गर्न वा कुनै पनि सवालमा छलफल गर्न तथा कुनै विषयवस्तु सम्बन्धी निर्णय गर्नका लागि संस्थाको विभिन्न इकाई, तह वा शाखामा छुट्टाछुट्टै बैठकहरू गरिन्छ। | ४ | |
| बैठकको समयमा गरिएका निर्णयहरू लागु तथा नियमित अनुगमन गरिन्छ | २ | अघिल्ला बैठकमा भएका निर्णयहरुको कार्यान्वयन पक्षमाथि छलफल गर्ने। कार्यसमिति सदस्यहरुलाई पैतिवेदन तयार गर्न लगाई त्यस उपर छलफल गर्ने। |
| जम्मा | १३/१६ | |

### १.३. मानवस्रोत व्यवस्थापन

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **१.३.१. कर्मचारी नियुक्ति प्रकृया** | | |
| संस्थामा कर्मचारी छनौट प्रकृया स्पष्ट रुपमा परिभाषित छ। | ३ | आन्तरिक विज्ञापन सम्बन्धी प्रावधान नियमावलीमा व्यवस्था गर्ने। |
| कर्मचारी छनौट संस्थाको कर्मचारी छनौट प्रकृया अनुरुप गरिन्छ। | ३ | नियमावलीमा थप गर्ने। |
| कर्मचारी छनौट गर्दा पछाडी पारिएका वर्गका व्यक्तिहरूलाई (अपाङ्गता भएका, आदिवासी, जनजाती, दलित, महिला आदि) न्यायोचित अवसर प्रदान गरिन्छ। | ४ | |
| संस्थाले सबै कर्मचारीहरूलाई राम्रो काम गर्नको लागि उचित वातावरण कायम गरेको छ। | २ | भौतिक सुविधाहरु उपलब्ध गराउन स्टाफहरुको आवश्यकता विश्लेषण गर्ने र क्षमता अनुसार उपलब्ध गराउदै जाने। |
| जम्मा | १२/१६ | |
| **१.३.२. नीति नियम, क्षतिपूर्ति तथा मूल्याङ्कन** | | |
| कार्यालयमा काम गर्ने समय, भ्रमण, राजिनामा आदि जस्ता कुराहरू सम्बन्धी निति नियमहरू वनाइएको छ। | ३ | समसमयिक र व्यवहारिक नियम बनाउने। परिमार्जन गर्ने। |
| संस्थाले प्रदान गर्ने सेवा सुविधा जस्तै तलव, विमा तथा अन्य आर्थिक तथा भौतिक सुविधाहरू संस्थाको निति नियम अनुसार निर्देशित हुन्छन्। | २ | कर्मचारीको हाजिरी र पारिश्रमिक तोक्नु पर्ने। |
| सबै कर्मचारीहरूको वार्षिक कार्य सम्पादन मूल्याङ्न गरिन्छ। | ३ | स्टाफहरुको कार्य सम्पादन मूल्यांकन गरी Ratting गर्ने |
| जम्मा | ८/१२ | |
| **१.३.३. पदोन्नति तथा क्षमता अभिवृद्धि** | | |
| संस्थाले सबै कर्मचारी तथा स्वयं सेवकहरूको क्षमता वृद्धिको लागि समान अवसर प्रदान गर्दछ। | ४ | |
| सबै कर्मचारीहरूलाई पदोन्नतीको लागि समान अवसर छ। पदोन्नतीको अवसर हुदा संस्था भित्र आन्तरिक विज्ञापन गरी सबैलाई जानकारी गराइन्छ र त्यस्को लागि आवश्यक योग्यता र क्षमता स्पष्ट रुपमा परिभाषित गरिन्छ। | २ | आन्तरिक विज्ञापन सम्बन्धी प्रावधान नियमावलीमा व्यवस्था गर्ने। |
| जम्मा | ६/८ | |
| **१.३.४. कर्मचारी सम्बन्धमा** | | |
| कर्मचारीको कार्यविवरणले कर्मचारीले गर्नुपर्ने काम र आवश्यक क्षमतालाई स्पष्ट रुपमा परिभाषित गर्दछ। | ३ | कार्यविवरण विस्तृत रुपमा तयार गरी उपलब्ध गराउने। |

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| संस्थाको लक्ष्य प्राप्त गर्न आवश्यक पर्ने प्रयाप्त संख्यामा क्षमतावान कर्मचारीहरू छन् | २ | अन्य अभिलेखबाट उतार गर्ने। |
| संस्थाले पुराना तथा क्षमतावान कर्मचारीलाइ संस्थामा टिकाइराख्ने प्रयास गर्दछ। | ४ | |
| जम्मा | ९/१२ | |

**१.४ वित्तिय/आर्थिक व्यवस्थापन**

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **१.४.१. आर्थिक तथा लजिस्टिक सम्बन्धी निति र अभ्यासहरू** | | |
| आर्थिक नियमावली तयार गरिएको छ जसले संस्थाको सबै आर्थिक पक्षलाई निर्देशित गरेको छ। | ३ | आवश्यकता अनुसार परिमार्जन गर्ने। |
| संस्थाको आर्थिक विभाग/शाखामा त्यस सम्बन्धमा तालिम प्राप्त/दक्ष व्यक्ति छन्। | ४ | |
| संस्थाले सामाग्री खरिद गर्नु पर्दा मूल्यको प्रतिस्पर्धाको आधारमा निर्णय गर्दछ साथै विभिन्न प्रस्तावहरूको पारदर्शि तुलना गर्दछ। | ३ | बेसको परियोजना व्यवस्थापन समितिलाई खरिद आदेश गर्ने गरी कार्यविवरण थप गर्ने। |
| परियोजना तथा संस्थाबाट प्रदान गरिने सेवालाई लागत प्रभावकारी बनाउन नियमित निरिक्षण गरिन्छ। | २ | लागत प्रभावकारीताको अभ्यास गर्ने। त्यसको नियमित अभ्यास गर्ने। |
| सामान, औजार तथा संस्थाको सम्पतीहरूको जिन्सी खाता अद्यावधिक गरिएको छ | ३ | जिन्सी विवरण राख्ने र अद्यावधिक गर्ने। लागत कट्टा गर्ने। |
| जम्मा | १५/२० | |
| **१.४.२. पारदर्शिता** | | |
| संस्थाको लेखा सम्बन्धी खाताहरू आन्तरिक तथा वाह्य लेखा परिक्षकहरूले परिक्षण गर्ने गर्दछन्। | ४ | |
| लेखा परिक्षणको प्रतिवेदन सम्वन्धित सबैलाई उपलब्ध गराइन्छ। | ४ | |
| आर्थिक प्रतिवेदनहरू तयार गरी सम्बन्धित सबैलाई बुझाइन्छ साथै पारदर्शिताको लागि आवश्यकता अनुसार सार्वजनिक गरिन्छ | ४ | |
| जम्मा | १२/१२ | |
| **१.४.३. वजेट** | | |
| वजेट योजना बनाउँदा वा वजेटको पुनरावलोकन गर्दा आर्थिक प्रतिवेदनहरू प्रयोग गरिन्छ। | | कार्यक्रम बनाउंदा नीति तथा नियमावली अध्ययन गर्ने। |
| जम्मा | ३/४ | |

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **१.४.४. स्रोत संकलन तथा आर्थिक दिगोपना** | | |
| तल उल्लेखित पक्षहरूबाट आर्थिक सहयोग प्राप्त गर्न ठोस कदमहरू चालिएका छन् ।<br>O व्यक्ति O निजि क्षेत्र तथा कम्पनीहरू O सामाजिक संघसंस्था तथा सरकार O अन्तर्राष्ट्रिय निकाय वा अन्य सरोकारवालाहरू | २ | प्रभावकारी तथा ठोस योजना बनाउने । VMGO संग मेल खाने र सरोकारवालाहरुसंग छलफल गरेर कार्यक्रम बनाउने । |
| सहायता निकाय वा साझेदारहरुबाट प्राप्त भैरहेको आर्थिक सहयोग बढ्दो अवस्थामा छ वा कम्तिमा घटेको छैन । | ४ | |
| संस्थासँग आर्थिक श्रोतको अभाव भएको खण्डमा संस्थाको क्रियाकलाप सञ्चालनमा असर पर्न नदिन आर्थिक व्यवस्था गरिएको छ । | २ | Business Plan बनाउने । |
| वाह्य संस्थार निकाय प्रतिको परनिर्भरता घटाउन हामी स्थानिय श्रोत परिचालन गर्नका लागि सक्रियता पूर्वक लागिरहेकाछौं । | २ | स्थानीय स्रोत परिचालन गर्ने खालका कार्यक्रम बनाउने । लागत मापदण्ड तयार गर्ने। (तालीम, अन्य निर्माणमूलक क्रियाकलापहरुमा के मा कति खर्च गर्ने भन्ने मापन विधि) |
| जम्मा | १२/१६ | |

## २. कार्यक्रम सञ्चालन

### २.१. योजना तर्जुमा र कार्यान्वयन

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **२.१.१. ध्यय तथा परिकल्पना** | | |
| योजना तर्जुमा संस्थाको परिकल्पना, ध्यय, लक्ष्य तथा उद्देश्यमा आधारित भएर गरिन्छ । | २ | कुनै पनि कार्यक्रम तर्जुमा गर्दा VMGO मा आधारित गर्ने |
| हाम्रा कार्यक्रमहरु संस्थाको रणनिति र कार्य योजना अनुसार कार्यान्वयन हुन्छन् । | २ | कार्यक्रम निर्माण गर्दा रणनितिक कार्ययोजना बनाउने । |
| जम्मा | ४/८ | |
| **२.१.२.रणनिति** | | |
| रणनैतिक योजनाहरू नियमित रुपमा बनाउने वा अद्यावधिक गर्ने गरिन्छ | १ | रणनिति योजना बनाउने । |
| रणनैतिक योजना तर्जुमा संस्थाको परिकल्पना र दिगोपनाको पक्षबाट निर्देशित हुन्छ | १ | रणनिति योजना बनाउने । |
| जम्मा | २/८ | |

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **२.१.३. कार्य योजना** | | |
| कार्य योजनाहरु नियमित रुपमा बनाउने र पुनरावलोकन गर्ने गरिन्छ। | ४ | |
| कार्ययोजनाले निम्न कुराहरुलाई समेट्छ। इ उद्देश्यहरु इ प्रगति मापन गर्ने सूचकहरु इ उद्देश्य प्राप्तिको लागि आवश्यक मानविय,आर्थिक तथा भौतिक श्रोतहरु | ३ | सबै कार्यक्रमको कार्यक्रम संचालन निर्देशिका बनाउने |
| योजना तर्जुमा गर्दा सम्भावित जोखिमको आकलन गरिन्छ। | २ | |
| क्रियाकलापहरु कार्य योजनाअुसार कार्यान्वयन गरिन्छ। | ४ | |
| जम्मा | ९/१२ | |
| **२.१.४.अधिकारमुखि विकासको अवधारणा र अधिकारवालाहरुको सहभागिता** | | |
| अधिकारवालाहरु योजना तर्जुमा र समस्याको विष्लेषण वा समाधानमा सक्रिय सहभागि हुन्छन् वा गराइन्छन्। | ३ | बार्षिक योजना |
| अधिकारमुखि विकासको अवधारणालाई संस्थाका सबै वोर्ड सदस्यहरु, र कर्मचारीहरुले राम्रोसाग बुझेका छन्। | २ | अधिकारमा आधारित पैरवी ३ दिने कार्यक्रम संचालन गर्ने। |
| जम्मा | ८/१२ | |

## २.२ अनुगमन, प्रतिवेदन र मूल्यांकन

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **२.२.१. अनुगमन** | | |
| संस्थाका क्रियाकलापहरुको प्रगति तथा जानकारी थाहा पाउन सूचक सहित प्रभावकारी अनुगमन प्रणालीको विकास गरिएको छ | ३ | अनुगमन प्रणालि तैयार गर्ने (कस्ले के कुन कार्यक्रमको अनुगमन गर्ने हो त्यसको एकिन गर्ने। |
| अधिकारवालाहरुको सन्तुष्टि मापन गर्ने सूचकहरु विकास गरिएको छ। | २ | प्रश्नावली तैयार गरि वार्षिकरुपमा सन्तुष्टि मापन गर्ने। |
| कर्मचारीहरुले अनुगमन प्रणाली राम्रोसाग बुझेका छन् र सोहि अनुसार कामको अनुगमन गर्दछन्। | ३ | कर्मचारीलाई कार्यक्रम अनुगमन प्रणाली बारे थप बुझाउने। |
| **२.२.२. प्रगति मापन** | | |
| अधिकारवालाहरुलाइ अनुगमन र प्रभाव मुल्यांकन गर्ने कार्यमा सहभागी गराइन्छ। | २ | PAC गठन गर्दा अधिकारवालाहरुलाई समेत समावेश गर्ने। |
| सिकाई, अवस्थाको विष्लेषण र अधिकारवालाहरुको सुझावका आधारमा क्रियाकलापहरुको परिमार्जन गरिन्छ। | ३ | सबै परियोजनामा अधिकारवालाहरुको सुझावहरुलाई सम्बोधन गर्ने। |
| जम्मा | १३/२० | |

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| सहयोगी निकाय तथा साझेदारलाई दिइने प्रतिवेदनमा समावेश गरिने जानकारीरतथ्यांकहरु गुणस्तरिय हुन्छन् । | ४ | |
| प्रतिवेदनले साझेदार तथा सहयोगि निकायहरुको आवश्यकता लाई राम्रोसाग प्रतिविम्वित गर्ने गर्दछ । | ३ | अनुगमन प्रतिवेदन फारम तथा जांचसूचि तयार गरी कार्यक्रमहरुको अनुगमन गर्ने । |
| हामी नियमित रुपमा सिकाइहरु र राम्रा अभ्याहरुलाई अभिलेखिकरण गर्दछौं | २ | Action reserch, process document, case study collection, भिडियो क्लिप्स प्रर्याप्त तयार गर्ने |
| संस्थामा प्रस्तावरप्रतिवेदन तयार गर्न र आवश्यक अभिलेखिकरण गर्न सक्ने प्रयाप्त संख्यामा क्षमतावान कर्मचारीहरू छन् । | २ | संस्थामा एक जना दक्ष अभिलेखीकरण तथा प्रस्ताव लेखन गर्ने कर्मचारीको व्यवस्था गर्ने । |
| जम्मा | ११/१६ | |
| **२.२.४. मूल्यांकन** | | |
| नियमित रुपमा आन्तरिक मूल्यांकनहरु गरिन्छ । | ३ | वार्षिकरुपमा संस्थाको स्व.लेखाजोखा गर्ने । |
| नियमित रुपमा बाहृय मूल्यांकनहरू गरिन्छ । | १ | आवधिक रणनीतिक योजना तयार गर्ने । |
| मूल्यांकनको सुझाहरुका आधारमा सुधारात्मक कमदहरु चालिने गर्दछ । | ३ | आवधिक रणनीतिक योजना तयार गर्ने । |
| जम्मा | ७/१२ | |

## ३. बाहृय सम्बन्ध

### ३.१. अधिकारवालाहरुसँगको सम्बन्ध

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **३.१.१. सम्बन्ध** | | |
| यस संस्थाको अधिकारवालाहरूको संस्थाहरूसाग राम्रो सम्बन्ध छ । | ३/४ | सम्बन्ध तथा सम्पर्क अझ बढाउनु पर्ने । |
| **३.१.२ सहभागिता** | | |
| परियोजना व्यवस्थापन पक्षका हरेक तहमा अधिकारवालाहरूको संलग्नता हुन्छ । | ३ | परियोजना सल्लाहकार गठन गर्ने र त्यसमा अधिकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने । |
| संस्थागत विकासको क्रममा पनि अधिकारवालाहरूलाई संलग्न गरिन्छ । | २ | सहभागिताको लागि सुनिश्चित गर्न लक्षित समूह छलफल तथा प्रश्नावलीहरु तयार गरी प्रयोगमा ल्याउने |
| जम्मा | ५/८ | |
| **३.१.२. सशक्तिकरण तथा हस्तान्तरण** | | |
| अधिकारवालाहरूलाई कार्यक्रम व्यवस्थापन तथा हस्तान्तरण गर्न क्रमिक रुपमा सशक्तिकरण गर्ने गरिएको छ । | ३ | अधिकारवाला संस्थाहरुको क्षमता विश्लेषण गर्ने र यसको आधारमा सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्ने । |
| अधिकारवालाहरूसंगको साझेदारि मार्फत उनिहरुको सवाललाई उनिहरुलेनै संबोधन गर्ने क्षमता अभिवृद्धि गरिएको छ । | ३ | सबै गाविसमा अधिकारवालाहरुको क्षमता बढाउने कार्यक्रम संचालन गर्ने । |
| जम्मा | ११/१६ | |

### ३.२. समान प्रकृतिका संस्थाहरू

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **३.२.१. सम्बन्ध** | | |
| संस्था समान प्रकृतीका संस्थाहरूसाग सम्बन्ध स्थापना गर्न अग्रसर रहन्छ। | ४ | |
| संस्थाका एक वा सो भन्दा वढी कमर्चचारीहरूले संजाल सम्वधि दायित्व निर्वाह गर्दछन्। | ३ | संस्थाका प्रमुख व्यक्तिहरुलाई निश्चित जिम्मेवारी दिने। कसले कहाँ प्रतिनिधित्व गर्ने ? साथै समयसमयमा प्रतिवेदन संस्थामा पेश गर्ने व्यवस्था मिलाउने। |
| जम्मा | ७/८ | |
| **३.२.२. सहकार्य** | | |
| हामी नियमित तथा खुला रुपमा समान प्रकृती भएका संस्थाहरूलाई जानकारी प्रदान गर्ने गर्दछौं। | ३ | पत्रिकामा संस्थागत जानकारीहरु प्रकाशन गर्ने। संस्थाहरुबीच अनौपचारिक तथा औपचारिक छलफलहरु आयोजना गर्ने। |
| हामी औपचारिक रुपमा  समन्वय गर्दछौं जसले गर्दा कार्य सञ्चालन गर्न सरल तथा कार्यक्रम दोहोरिने संभावना कम हुन्छ। | ४ | |
| हामी यस संस्थाको सांगठनिक विकास तथा रणनिती पुर्नमूल्याङ्कन गर्ने क्रममा समान प्रकृती भएका संस्थाहरूबाट सहयोग लिने गर्दछौं | १ | संस्थाका आन्तरिक समीक्षा तथा योजना तर्जुमा गर्दा समान प्रकृति भएका संस्थाहरुलाई समेत आमन्त्रण गर्ने। |
| केही कार्यक्रम तथा परियोजनाहरू समान प्रकृती भएका संस्थाहरूसाग मिलेर सञ्चालन गरिएको छ। | ४ | |
| जम्मा | १२/१६ | |
| **३.२.३. मूलप्रवाहिकरण तथा हस्तान्तरण** | | |
| विभिन्न संस्थाहरूका कार्यक्रमहरूमा पछाडि पारिएका समुहहरुका सवालहरुलाइ मूलप्रवाहिकरण गर्ने श्रोत तथा अवसरको खोजी गरिन्छ। | २ | जिल्लामा अन्य संस्थाहरुलाई समेत संस्थाका क्रसकटिङ सवालहरुमा मूलप्रवाहीकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने। |
| विभिन्न समान प्रकृति भएका संस्थाहरूका कार्यक्रमहरूमा पछाडि पारिएका समुहहरुका सवालहरुलाई मूलप्रवाहिकरण गर्ने गरिएको गरिएको छ। | S२ | अनुगमन फारममा अपांगता तथा HIV सम्बन्धी सूचना आउने व्यवस्था गर्ने। |
| जम्मा | ४/८ | |

## ३.३. श्रोत संस्थाहरू तथा विशेष सेवा प्रदायक संस्थाहरू

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **३.३.१. सम्बन्ध** | | |
| हाम्रो संस्था श्रोत संस्थाहरूसाग सम्बन्ध स्थापना गर्न अग्रसर रहन्छ। | २/४ | स्रोत संस्थाहरुको लिष्ट तयार गर्ने। |
| **३.३.२. सहकार्य** | | |
| हामी निरन्तर रुपमा श्रोत संस्थाबाट अद्यावधिक सूचना /सुविधा /जानकारी पाउनको लागि संपर्क गर्ने गर्छौ। | २ | स्रोत संस्थाहरुको लिष्ट तयार गर्ने र निरन्तर सम्पर्क गर्ने। |
| हामी संस्थाको संस्थागत विकास तथा रणनितीको मूल्याङ्कन गर्ने क्रममा श्रोत संस्थाहरूलाई संलग्न गराउँछौं। | २ | |
| कार्यक्रम तथा परियोजनाहरू सम्बन्धित श्रोत संस्थाहरूको साझेदारीमा पनि गर्ने गरिएको छ। | ३ | साझेदारीलाई अझ बढाउने। |
| हामी हाम्रो प्राविधिक क्षमतामा विकास गर्न विशेष सेवा प्रदायक संस्थाहरूसाग सहकार्य गर्दछौं। | २ | सम्पर्क, समन्वय तथा सहकार्यका लागि संस्थागत योजना तयार गर्ने। |
| जम्मा | ९/१६ | |

## ३.४. सरकारी निकायहरू

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **३.४.१. सम्बन्ध** | | |
| हाम्रो संस्थाले सरकारी निकायहरूसाग राम्रो सम्बन्ध बनाएको छ। | ३ | सम्बन्ध बढाउन नियमित भेटघाट तथा छलफल बढाउने। |
| सम्बन्धित सरकारी निकायहरू हाम्रो संस्थाको कार्यप्रति जानकार छन् तथा हाम्रो कामलाई सराहना गर्दछन्। | ३ | गाविसहरुमा संस्थाले गरेका कार्यक्रमहरुको लिखित जानकारी दिने तथा कार्यक्रमको संयुक्त अनुगमन गर्ने। |
| हामि संस्था तथा कामलाई असर गर्ने नितिगत परिवर्तन तथा विकासको बारेमा जानकारी लिने र प्रयोग गर्ने गर्दछौं। | ३ | विषयगत नीतिहरु सम्बन्धित कार्यक्रम संयोजक, अधिकृत तथा टिम प्रमुखहरुले अपडेट गरिरहने। |
| जम्मा | ९/१२ | |
| **३.४.२. सहकार्य/पैरवी** | | |
| हामी सम्बन्धित सरकारी निकायहरूलाई पछाडि पारिएका वर्गहरू प्रति उत्तरदायी बनाउन तथा जिम्मेवार बनाउन अग्रसर रहन्छौं। | ४ | |
| सरकारी निकायहरू हाम्रो संस्थाप्रति सकारात्मक छन् र हामी सम्बन्धित कार्यक्रमहरू संयुक्त रुपमा सञ्चालन गर्ने गर्दछौं | ४ | आर्थिक सहयोग प्राप्त गर्ने वातावरण तयार गर्ने। |
| जम्मा | १०/१२ | |

### ३.५. सहयोगी संस्थाहरू

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **३.५.१. सम्बन्ध** | | |
| हाम्रो संस्था सहयोगी संस्थाहरूसँग सम्बन्ध स्थापना तथा त्यसलाई निरन्तरता दिन हरहमेशा तत्पर रहन्छ । | ३ | कार्यदललाई सक्रिय बनाउने । सहयोगी संस्थाहरुको लिष्ट तयार गर्ने र नियमित भेटघाट गर्ने । |
| सहयोगी संस्थाहरू हाम्रो संस्थाको कार्य क्षेत्र, काम गर्ने तरिका तथा संस्थाको बारेमा जानकार छन् । | २ | सञ्चार तथा सम्पर्क बढाउनु पर्ने । |
| जम्मा | ५/८ | |
| **३.५.२. सहकार्य** | | |
| हामी नयाँ सहयोगी संस्था खोज्न हमेशा तत्पर रहन्छौं । जुन संस्थाहरूसँग हामी सहकार्य गर्न तथा सहयोग पाउन सकौं । | ३ | कार्यदललाई सक्रिय बनाउने । सहयोगी संस्थाहरुको लिष्ट तयार गर्ने र नियमित भेटघाट गर्ने । |
| कुनै पनि सहयोगी संस्थाहरूले हाम्रो संस्थासाग गरेको साझेदारीलाई तोडेर कार्यक्रम विचमा छाडेका छैनन् । | ४ | |
| साझेदार संस्थाहरूसँग विभिन्न परियोजनाको कार्यकाल थप गरिएको तथा नयाँ परियोजनाको विकास गरिएको छ । | ४ | |
| हामीले विभिन्न संस्थाहरूसँग विकासका कार्य गर्न सहयोग पाइरहेका छौं र यसमा श्रोतको विविधता वढाएका छौं । | २ | कार्यदललाई सक्रिय बनाउने । सहयोगी संस्थाहरुको लिष्ट तयार गर्ने र नियमित भेटघाट गर्ने । |
| सहयोगी संस्थाहरूसँग गरेको साझेदारीबाट हामीले विभिन्न प्राविधिक ज्ञान तथा शिप पाएका छौं । | ३ | संस्थागत विकासको लागि साझेदार, नीजिक्षेत्र तथा सहयोगी संस्थाहरुलाई अनुरोध गर्ने । सहयोग लिने वातावरण तयार गर्ने । |
| जम्मा | १६/२० | |

## ४. अपाङ्गता सम्बन्धी प्राविधिक मुद्दा

### ४.१. अपाङ्गताको बारेमा संस्थागत जानकारी

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **३.१.१. सम्बन्ध** | | |
| संस्थाका सबै कर्मचारी तथा सदस्यहरू अपाङ्गताको बारेमा साधारण जानकारी राख्दछन् । | २ | संस्थाका सबै कर्मचारी तथा सदस्यहरुलाई अपाङ्गता सम्बन्धी अभिमुखीकरण, कार्यशाला संचालन गर्ने । |
| संस्थाका सबै कर्मचारी तथा सदस्यहरूलाई अपाङ्गता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निति नियमको बारेमा जानकारी छ र उनीहरू अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको बारेमा जानकार छन् । | २ | संस्थाका सबै कर्मचारी तथा सदस्यहरुलाई अपांगता सम्बन्धी अभिमुखीकरण, कार्यशाला संचालन गर्ने । |

### ३.५. सहयोगी संस्थाहरू

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
| --- | --- | --- |
| संस्थाले निरन्तर रुपमा आफ्ना सदस्य तथा कर्मचारीहरूलाई विभिन्न तालिम⁄ छलफल मार्फत अपाङ्गताको क्षेत्रमा भएका नयाँ विकास⁄ सुधार⁄ कार्यक्रमको बारेमा अद्यावधिक गराउने गर्दछ । | ३ | संस्थाका सबै कर्मचारी तथा सदस्यहरुलाई अपांगता सम्बन्धी अभिमुखीकरण, कार्यशाला संचालन गर्ने । |
| हाम्रो संस्था सबै प्रकारको अपाङ्गता भएका व्यक्ति तथा कम हिडडुल गर्न सक्ने व्यक्तिहरूका लागी उपयुक्त छ । | २ | संस्थाका कार्यालयहरु अपांगमैत्री बनाउने । |
| जम्मा | ८⁄१६ | |

### ४.२. अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सशक्तिकरण

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
| --- | --- | --- |
| **३.१.१. सम्बन्ध** | | |
| हाम्रो संस्थामा अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य सशक्तिकरण सम्बन्धी सुविधा पुऱ्याउन प्रयाप्त मानव श्रोत छ । | २ | स्टाफहरुको क्षमता विकास गर्ने, सक्षम कर्मचारीको व्यवस्था गर्ने । |
| सबै प्रकारका अपाङ्ग व्यक्तिहरूले स्वास्थ्य सम्बन्धी सुविधा पाइरहेका छन् । | २ | अपांगहरुलाई स्वास्थ्य सेवा पहुंच बढाउने । |
| हामीले काम गर्ने अपाङ्गता भएका व्यक्ति तथा उनीहरूको अभिभावकलाई कस्तो सेवा उपलब्ध गराउने भन्ने बारेमा संलग्न गराउछौं । | ३ | अनुगमन गर्नु पर्ने । |
| हामी परिवार तथा समुदायलाई सिप हस्तान्तरण तथा प्रेषण (Referal) सेवालाई विस्तार गर्न प्रयासरत छौं । | ३ | सीप हस्तान्तरण गर्ने रणनीति तयार गर्ने । |
| हामी हामीले गरेका स्वास्थ्य सशक्तिकरणको असरहरूको अनुगमन गर्दछौं र हामीले पुऱ्याएका सेवाबाट अपाङ्गता भएका व्यक्तिहरूको दैनिक क्रियाकलाप तथा गमनशिलतामा आएका परिवर्तनहरू देखाउन सक्छौं । | ४ | |
| जम्मा | ४⁄२० | |

## ४.४ अपाङ्गता पैरवी

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| हाम्रो संस्थासाग अपाङ्गता सवालमा पैरवी/वकालत गरेको अनुभव छ। | | |
| हाम्रो संस्थासाग अपाङ्गता भएका व्यक्तिहरूको अधिकार तथा पैरवी गर्न सक्ने प्रयाप्त मानवीय श्रोत छ। | २ | संस्थाका कर्मचारी तथा सदस्यहरुलाई पैरवी तालीमको आयोजना गर्ने। |
| यस संस्थाले योजनावद्ध तरिकाले र उपलव्धी हासिल नगरेसम्म पैरवी गर्ने गर्दछ। | २ | पैरवी योजनाबद्धरुपमा संचालन गर्नुपर्ने। |
| संपूर्ण पैरवी प्रकृयामा अधिकारवालाहरूको सहभागिता सुनिश्चित गरिन्छ। | ३ | अधिकारवालाहरुको सशक्तिकरण गर्ने खालको कार्यक्रम तर्जुमा गर्ने। |
| संपूर्ण पैरवी प्रकृया तथा उपलव्धीहरूको अभिलेख राखिन्छ र भविष्यमा प्रयोग पनि गरिन्छ। | २ | व्यवस्थित अभिलेखीकरण गर्ने। सहज फर्मेटहरु तयार गर्ने। |
| हामीले गरेका पैरवी कार्यक्रमको असरहरू हेर्न र यसले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षण गरेको देखाउन सक्दछौं। | ४ | |
| जम्मा | १७/२४ | |

## ४.४. अपाङ्गतामा सामाजिक परिवर्तन

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| **३.१.१. सम्बन्ध** | | |
| हामी अपाङ्गताको सवालमा व्यक्तिगत, पारिवारिक तथा समुदाय स्तरमा जनचेतना फैलाउने कार्य गर्दछौं। | ३ | संस्थाका सबै कर्मचारी तथा सदस्यहरुलाई अपांगता सम्बन्धी अभिमुखीकरण, कार्यशाला संचालन गर्ने। |
| हामीसाग जनचेतना फैलाउन सक्ने प्रयाप्त मानवीय श्रोत छ। | ३ | भिडिआरसि तथा संस्थाका कर्मचारीहरुको सीप बढाउने खालका कार्यक्रमहरु संचालन गर्ने। |
| जनचेतना फैलाउने संपूर्ण कार्यमा अधिकारवालाहरूको सहभागिता हुन्छ। | ३ | नमूनारुपमा अपांगता भएका व्यक्तिहरुलाई सहभागी बनाउने। |
| जनचेतना फैलाउने क्रममा स्थानिय व्यक्तिहरू/लक्षित वर्ग र परिवेशको ख्याल राखेर विधी तथा संयन्त्र प्रयोग गरिन्छ। | ३ | सामाजिक संचार सम्बन्धी सामग्रीहरु कसका लागि कसरी प्रयोग गर्ने भन्ने कुरा स्पष्ट गर्ने। |
| हामीले गरेका जनचेतनामूलक कार्यक्रमले समाजमा सकारात्मक परिवर्तन ल्याएका छन् र हाम्रो समाज अपाङ्गता भएका व्यक्तिहरू प्रति खुला तथा वढि समाहित भएको छ। | ३ | |
| जनचेतना फैलाउने क्रममा स्थानिय श्रोतको उच्चतम प्रयोग हुन्छ। | ३ | सचेतनामूलक सामग्रीहरु स्थानीय भाषामा समेत तयार गर्ने। |
| जम्मा | १८/२४ | |

### ४.५. अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सशक्तिकरण

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| हाम्रो संस्थाले अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सशक्तिकरण गर्ने कार्यक्रमहरू गर्दछ। | २ | व्यापार योजना तयार गर्ने। आयआर्जन गर्ने अपांगतामा रहेका व्यक्तिहरुको लिष्ट तयार गर्ने। |
| आर्थिक सशक्तिकरण कार्यक्रम गर्न बजारको विश्लेषण तथा अपाङ्गता भएका व्यक्तिहरूको इच्छा तथा क्षमतालाई ध्यान दिइन्छ। | २ | बजार विश्लेषण गर्ने। |
| अपाङ्गता भएका व्यक्तिहरूको स्थानीय आर्थिक संस्थाहरू (सहकारी, लघुवित्तिय, वचत समुह) मा पहुँच छ। | २ | अपाङ्गता भएका व्यक्तिहरुलाई सहकारी, बैकका सेवाहरुमा पहुंच बढाउने। |
| अपाङ्गता भएका व्यक्तिहरूले शिपमूलक तालिम, व्यवसायिक शिक्षाको प्रयोग गरी आफ्नो आर्थिक अवस्था सुधार गरेका छन्। | २ | कुन अपांगता भएका व्यक्तिहरु के व्यवसाय गर्न चाहन्छन् ? के गर्न सक्छन् ? विश्लेषण गर्ने र सोही अनुसार स्रोत खोजी कार्यक्रम संचालन गर्ने। |
| जम्मा | ८/१६ | |

### ४.६. अपाङ्गता भएका व्यक्तिहरूको शैक्षिक सशक्तिकरण

| शीर्षक | उपलब्धी स्तर | कैफियत |
|---|---|---|
| हाम्रो संस्थाले अपाङ्गता भएका वालवालिकालाई शिक्षामा समावेश गर्ने वातावरण बनाउन प्रयाप्त कृयाकलाप गरेको छ। | ३ | अपांगता भएका बालबालिकाहरुलाई निशुल्क शिक्षा सम्बन्धि भएका नीतिहरुको आधारमा नीतिको कार्यान्वयनको लागि विद्यालयहरुमा पैरवी गर्ने। |
| अपाङ्गताको प्रकार तथा आवश्यकता अनुसार सहयोग गरिन्छ जसले गर्दा उनिहरूको शिक्षामा पहूच सुनिश्चित हुन सकोस्। | ३ | विद्यालय व्यवस्थापन समिति तथा पिटिएलाई अपांगताको शिक्षाको अधिकार तथा अपांगमैत्री वातावरण निर्माण गर्न अभिमुखीकरण गर्ने। |
| शैक्षिक संस्थाहरूलाई अपाङ्गता भएका वालवालिकालाई स्विकार्न सक्ने गरी क्षमता विकास गरिएको छ। | ३ | विद्यालयहरुको अवस्था विश्लेषण गर्ने। प्रतिवेदन तयार गर्ने र यसको आधारमा विद्यालयका भौतिक पूर्वाधार अपांगमैत्री बनाउन विद्यालयलाई योजना बनाउन लगाउने। |
| अपाङ्गता भएका बालबालिकाको गुणात्मक समावेशीकरणलाई सुनिश्चित गर्न प्रयाप्त अनुगमनको व्यवस्था गरिएको छ। | २ | गुणात्मक समावेशीकरणको सूचकहरु तयार गर्ने। |
| धेरै अपाङ्गता भएका वालवालिकाहरू मुलधारका शिक्षा, अनौपचारिक शिक्षा तथा विशेष शिक्षामा भर्ना भएका छन्। | ३ | बहिरा तथा नेत्रहीनहरुलाई पहिचान गरी रेफर गर्ने। यसका लागि सहयोगी संस्थाहरुसंग लिंक गर्ने। |
| जम्मा | १४/२० | |

# संस्थाको स्व-लेखाजोखा प्रक्रियाबाट आएका सुधार्नु पर्ने पक्षहरू

| क्र.स. | सुधार गर्नुपर्ने क्षेत्रहरु | क्रियाकलापहरु |
|---|---|---|
| १.१.१ | ध्यय परिकल्पना तथा मूल्य मान्यता | ➲ संस्थाको वोर्ड समिति सदस्यहरुलाई समितिको नियमित बैठक VMGO सम्बन्धि Agenda मा छलफल गराउने ।<br>➲ हरेक परियोजनाको कर्मचारी बैठकमा सबै कर्मचारीले VMGO स्पष्ट नबुझ्दा सम्म छलफल चलाउने ।<br>➲ समिति र कर्मचारीले VMGO बुझे नबुझेको अनुगनम गर्ने ।<br>➲ VMGO Flesh paper मा छापी सबै अफिसमा देखिने गरि टाँस्ने ।<br>➲ All Staff Meeting मा VMGO सम्बन्धि छलफल गर्ने (नबुझेससम्म) ।<br>➲ संस्थाको परिचय सहितको VMGO को Leaflet बनाई प्रकाशन गरि वितरण गर्ने ।<br>➲ संस्थाले प्रकाशन गर्ने सामाग्रीहरुमा VMGO लाई समेत समावेश गर्ने ।<br>➲ नयाँ कर्मचारी तथा नयाँ सदस्यहरुमा सम्बन्धित टिम लिडर वा अध्यक्षले VMGO को बारेमा बुझाउने,स्पष्ट पार्ने । |
| १.१.२ | संस्थाको विधान | ➲ संस्थाको अध्यक्षले समितिका सबै सदस्यहरुलाई उनिहरुको काम, कर्तव्य र अधिकारको विवरण लिखित रुपमा छुट्टाछुट्टै दिने । |
| १.१.३ | कार्य समिति/वार्ड | ➲ विधान संशोधन गरी कम्तिमा ३३ प्रतिशत महिलालाई समितिको सदस्यको लागि अनिवार्य गर्ने ।<br>➲ कम्तिमा विधानमा एकजना अपाङ्गता र एकजना दलित समुदायको सदस्यलाई समिति सदस्य अनिवार्य गर्ने । |
| १.२.१ | उत्तरदायित्वहरुको विभाजन तथा तहगत संरचना | ➲ संस्थाको समग्र संरचनागत चार्ट बनाई झिरुबास, तानसेन र नवलपरासीको कार्यालयमा टाँस्ने ।<br>➲ कार्यक्रम, स्टाफ, बोर्डहरुको चार्ट छुट्टाछुट्टै बनाई ३ वटै कार्यालयमा टाँस्ने । |
| १.२.२ | नेतृत्व शैली | ➲ आन्तरिक बढुवाको संरचना तयार गरी कार्यान्वयन गर्ने ।<br>➲ मानवीय श्रोत विकासका कार्यक्रमहरु नियमित गर्ने ।<br>➲ विषयगत छलफल प्रक्रियामा सहभागितात्मक निर्णय गराउने ।<br>➲ हरेक कर्मचारीको प्रोफाइल तयार गरी प्रोफाइलका आधारमा राम्रो संभावना भएका कर्मचारी छनौट गरी सोही अनुसार जिम्वेवारी दिदै जाने । |
| १.२.३ | समुह कार्य तथा बैठकहरु | ➲ हरेक बैठक हुनु भन्दा अगाडी बैठकको प्रस्तावनाहरु पनि जानकारी |


| क्र.स. | सुधार गर्नुपर्ने क्षेत्रहरु | क्रियाकलापहरु |
|---|---|---|
| | | गर्दै बैठकमा बोलाउने ।<br>➲ बैठकमा निर्णय गर्दा जिम्मेवारी तोक्ने र आगामी बैठकमा सो अनुसार काम भए नभएको छलफल गरेर मात्र विषय वस्तु बारे छलफल गर्ने । |
| १.३.१ | कर्मचारी नियुक्ति प्रक्रिया | ➲ दलित/जनजाति/सीमान्तकृत/अल्पसंख्यक/तेस्रो लिङ्गी/महिला/अपाङ्गता समावेशीको लागि विषेश जोड दिने जसको लागि एक वर्ग भए अंक ५/दुई वर्ग अंक ८, तीन वर्ग भए अंक १०, स्वत :नम्बर थप गर्ने ।<br>➲ कार्यक्रम पिच्छे कर्मचारीहरुको जिम्मेवारी पद र कार्य प्रकृति अनुसार कार्य गर्ने । उचित वातावरण र सामाग्रीको व्यवस्था गर्ने । |
| १.३.२ | नीतिनियम क्षतिपूर्ति तथा मूल्याङ्कन | ➲ संस्थाको कर्मचारीहरुको सेवा तथा श्रेणी निर्धारण गर्ने । साझेदार संस्थाहरुको सम्झौता गर्दा यसैलाई आधार मान्ने/बनाउने ।<br>➲ कार्य सम्पादन, मुल्याङ्कनको लागि Standard Format तयार गरि लागु गर्ने । (JD समेत समावेश गरिएको format) |
| १.३.३ | पदोन्नति तथा क्षमता अभिवृद्धि | ➲ आन्तरिक विज्ञापन गर्ने । आवश्यकता र योग्यता स्पष्ट रुपमा खुलाउने, पद अनुसारको योग्य व्यक्ति भए आन्तरिक कर्मचारीलाई प्राथमिकता दिने । |
| १.३.४ | कर्मचारी सम्बन्भमा | ➲ संस्थाको लक्ष्य उद्देश्यसँग मेल खाने प्रस्तावना तयार गरि प्रतिर्स्पधामा जाने ।<br>➲ Proposal तयार गर्न सक्षम कर्मचारीको व्यवस्था गर्ने वा त्यस्ता व्यक्तिको पटके (करार) लिने । |
| १.४.१ | आर्थिक तथा Logistic सम्बन्धि निति र अभ्यासहरु | ➲ खर्च भएर जाने र खर्च नभएर जाने सामाग्रीहरुको खाता अद्यावधिक तत्कालै गर्ने ।<br>➲ लजिस्टिक व्यवस्थाको लागि शाखाको कर्मचारीहरुको क्षमता अभिवृद्धि गरि जिम्मेवारी दिने ।<br>➲ कोटेशनलाई अझै व्यवहारिक र पारदर्शी बनाउन के गर्नु पर्छ सो अध्ययन गरि सोहि अनुरुप गर्ने । |
| १.४.२ | पारदर्शिता | ➲ लेखा शाखाले संस्थाको कोषाध्यक्षलाई लेखा सम्बन्धि आधारभुत लेखा सम्बन्धि ज्ञान दिने र कोषाध्यक्षले हरेक ३ महिनामा लेखा प्रतिवेदन अध्ययन गरि पृष्ठपोषण सहित प्रतिवेदन |
| १.४.४ | श्रोत संकलन तथा आर्थिक दिगोपन | ➲ आगामी ३ वर्षमा I.S.K ले कम्तीमा थप ३ वटा साझदार संस्थासँग नयाँ कार्यक्रम संचालन गर्ने ।<br>➲ सोको लागि I.S.K ले VMGO सँग मेल खाने सबै प्रकारका प्रस्तावना आव्हानमा प्रतिस्पर्धा गर्ने ।<br>➲ सम्बन्ध विस्तारको लागि नेपालमा कार्यरत INGO's जसको कार्यक्षेत्र |

| क्र.स. | सुधार गर्नुपर्ने क्षेत्रहरु | क्रियाकलापहरु |
|---|---|---|
| | | I.S.K को VNGO सँग मेल खान्छ। त्यस्ता संस्थाहरुसँग सम्बन्ध विस्तार गर्न ठोस योजना बनाई कार्यान्वय गर्ने।<br>➲ जिल्ला स्थित विभिन्न सरकारी निकायसँग सम्बन्ध विस्तार गरि साझेदारीका नयाँ अवसरहरु खोजी गर्ने। सोको लागि योजना बनाई लागु गर्ने।<br>➲ प्रतिस्पर्धी प्रस्तावना तयार गर्न सक्ने जनशक्तिको व्यवस्था गर्ने। यदि कर्मचारीको रुपमा व्यवस्था गर्न नसक्ने अवस्थामा करारमा व्यवस्था गर्ने। |
| २.१.१ | ध्यय तथा परिकल्पना | ➲ नयाँ कार्यक्रम/प्रस्तावना तयार गर्दा त्यस्तो कार्यक्रमले संस्थाको लक्ष्य तथा उद्देश्यमा कसरी योगदान गर्न सक्छ भन्नेबारे स्पष्ट हुने अभिलेख तथा सुचकहरु तयार गर्ने।<br>➲ संस्थाका कर्मचारी तथा पदाधिकारीहरुले संस्थाको VMGO तथा मूल्य मान्यता अनुसार व्यवहार तथा कार्य गर्नका लागि आचार संहिता बनाई कार्यान्वयन गर्ने। |
| २.१.२ | रणनिति | **अब बन्ने रणनैतिक निम्न कुरामा समिटिने छ :-**<br>➲ VMGO को आवश्यकता अनुसार परिमार्जन।<br>➲ रणनैतिक योजनाको अवधि भित्रमा कार्यान्वयन गरिने।<br>➲ मुख्य क्षेत्रहरु-कार्यक्रम,भौगोलिकको स्पष्ट किटान गर्ने।<br>➲ लक्षित वर्गको किटान गर्ने।<br>➲ सो अवधिमा अपनाइने कार्यविधिहरु उल्लेख हुनुपर्ने।<br>➲ रणनैतिक योजनाहरु बनाउदा अधिकारवाला, जिल्ला स्थित सरोकारवाला, विज्ञ व्यक्ति तथा संस्था साथै विभिन्न INGO's को सुझावहरु समेट्ने। |
| २.१.४ | अधिकारमुखि विकासको आधारमा र अधिकारवालाहरुको सहभागिता | ➲ विशेष गरि कुनै पनि योजना तर्जुमा गर्ने प्रक्रियामा अधिकारवालाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चत गर्ने।<br>➲ संस्थाका सबै कर्मचारी तथा पदाधिकारीहरुलाई अधिकारमुखी विकासको अवधारणमा तथा पैरवी तालिम प्रदान गर्ने। |
| २.२.१ | अनुगमन | ➲ संस्थाको लागि एउटा निश्चित अनुगमन प्रणाली तयार गर्ने र सो अनुरुप सबै कर्मचारीको अनुगमन गरि प्रभावकारी/व्यवस्थित अभिलेख गर्ने।<br>➲ संस्थाका सबै कर्मचारीलाई सम्बन्धित कार्यक्रमको अनुगमन प्रणाली तथा औजारहरुको बारेमा कार्यक्रमको शुरुमा नै अभिमुखिकरण गर्नेपर्ने। वर्तमान कार्यक्रमहरुमा सम्बन्धित कार्यक्रमका टिम लिडरहरुले कर्मचारीहरुले बुझे नबुझेको एकिन गरी नबुझेको अवस्थामा बुझाउने।<br>➲ अनुगमन कार्यमा अधिकारवालालाई समेत निश्चित समयावधिमा |

| क्र.स. | सुधार गर्नुपर्ने क्षेत्रहरु | क्रियाकलापहरु |
|---|---|---|
| | | समावेश गराउने र हरेक कायक्रमको लागि अधिकारवालाको सन्तुष्टिमा गर्न सुचकहरु तयार गरि लागु गर्ने। |
| २.२.४ | मूल्याङ्कन | ➲ हरेक वर्षमा SOAP गर्ने।<br>➲ हरेक वर्ष हरेक कार्यक्रमको मूल्याङ्कन गर्न अहिलेको SOAP मा भएको सुचाङ्क प्रयोग गरि SOAP गर्ने।<br>➲ साझेदार निकायहरुलाई कार्यक्रमहरुको मध्यावधिक/अन्तिम मूल्याङ्कन गर्नुको लागि अनुरोध गर्ने। |
| ३.१ | अधिकारवालाहरुसगाको सम्बन्ध | ➲ ISK ले काम गर्ने स्थानिय समुह तथा संस्थाको वार्षिक कार्ययोजना तयार गर्नका लागि सहयोग तथा सहजिकरण गर्ने तथा कार्यान्वयनको लागि समेत संस्थाले आ.व२०६७/०६८ देखि आफ्नो वार्षिक कार्ययोजना गर्ने।<br>➲ हरेक त्यस्ता समुहहरुको पैरवी गर्ने क्षमतामा वृद्धि गर्न औपचारिक तरिकाले अभिमुखिकरण गर्ने सोको लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने। |
| ३.३ | स्रोत संस्थाहरु तथा विशेष सेवा प्रदायक संस्थाहरुसगाको सम्बन्ध। | ➲ नेपालमा कार्यरत श्रोत तथा विज्ञ संस्था पहिचान गर्ने सो मध्येबाट सस्थाको VMGO सँग मेल खाने साझेदारी तथा प्राविधिक सहयोग लिने। |
| ३.४ | सरकारी निकायहरु | ➲ विभिन्न सहकारी निकायहरुसँग नियमित भेटघाट गर्न कार्ययोजना बनाउर्ने। |

# Matrix of the Indreni Samaj Kendra

| Area | No of Indicators in Flex | No of Indicators | Max. Score | Total Score | Given Score | Total Score | % of Scores |
|---|---|---|---|---|---|---|---|
| Internal Organization | 45 | 43 | 4 | 172 | 138 | 100 | 80 |
| Operations | 23 | 23 | 4 | 92 | 70 | 100 | 76 |
| External Relations | 31 | 31 | 4 | 124 | 95 | 100 | 77 |
| Technical Issues | 31 | 30 | 4 | 120 | 72 | 100 | 60 |
| Participation | 14 | 13 | 4 | 52 | 39 | 100 | 75 |
| Sustainability | 22 | 21 | 4 | 84 | 61 | 100 | 73 |
| | | 161 | 4 | 644 | 475 | 600 | 441 |




सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र भिरुवास, पाल्पाको आठौ अधिवेशन तथा १८ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।साथै भिरुबासकै काउलेडांडा कवुलियत वन अन्तर समूहले यस वर्षको पर्वतिय बिकास पुरस्कार रु दुई लाखबाट पुरस्कृत भएकोमा बधाई ज्ञापन गर्दछौं ।



# जिल्ला वन कार्यालय, पाल्पा

तपाईको घर वरिपरि रहेका निजी र खाली,पर्ति जग्गामा अम्रिसो,तेजपात,घाास लयायतका आम्दानी दिने प्रजाती आफू पनि लगाऔं अरुलाई पनि लगाउन प्रोत्साहन गरौं ।

YAMAHA

YAMAHA

# शुभकामना




सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं।

प्रो. वीरेन्द्र काजी श्रेष्ठ

## ज्ञानेन्द्र अटो वर्क्स

भीमसेनटोल तानसेन, पाल्पा, फोन : ०७५-५२०४४५
मो. ९८४७०२९९३८

हामी कहाँ
१) यामाहाका सबै मोडलका वाईकहरु उपलब्ध।
२) उचित ब्याजदरमा सुलभ एंव झनझट रहित फाइनान्स सुविधा।
३) तपाईको कुनैपनि पुरानो मोटरसाइकलको उचित मूल्याङ्कन सहित Exchang को सुविधा ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं।



प्रो. राजन कुमार श्रेष्ठ
९७४७४३९१४२/९७४७०१२३३६

## प्रविन किराना पसल

गल्धा- ६, ढुङ्गानावेशी, पाल्पा
फोन : ०७१६९६१४०

यहाँ थोक तथा खुद्रा माल सामान सुपथ मूल्यमा पाइनुका साथै अदुवा, सोठी, बेसार, कुरीलो, दालचिनी, तरुल, कुचो, सीमी, मह, घ्यू आदि खरिद बिक्रि गरिन्छ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं।



प्रो. अनित श्रेष्ठ/अमित श्रेष्ठ

## दया कलर ल्याब

तथा मखनटोल, पाल्पा, फोनः ०७५-५२२१९७

## दया फोटो एण्ड गिफ्ट सेन्टर

भगवतीटोल, तानसेन पाल्पा
फोनः ०७५-५२२०२९८

सम्पूर्ण किसिमको फोटो खिच्नुका साथै सिघ्र धुलाई गर्न, फोटो फ्रेमिङ्ग, लेमिनेशन, प्रमाण पत्र ,भिजिटिङ्ग कार्ड, विवाह ब्रतवन्ध सम्बवन्धी कार्ड डिजाइनको लागि साथै सम्पूर्ण गिफ्टका आइटमहरु सुपथ मूल्यमा पाइन्छ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



अध्यक्ष
मेघराज भण्डारी

सचिव
किरण गौतम

तथा

# बाल कल्याण बाल मञ्च परिवार

सोमादी, पाल्पा

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. खेमबहादुर मल्ल
मो. ९८४७३४८८८४/९६१७५०६७१५

# दुर्गा होटेल

झिरुबास- ६, घर्केसिं, पाल्पा

यहाँ स्वादिष्ट खाना, नास्ता तथा बास बस्नको राम्रो व्यवस्था हुनुको साथै अर्डर बमोजिम विभिन्न परिकारहरु तयार गरिन्छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. पिराम रास मगर
मो. ९८४७०८०५२४

# रेशम भाँडा पसल

मित्याल-३ रुक्सेभञ्ज्याङ्, पाल्पा

यहाँ सिल्टि, फलाम, स्टील, प्लाष्टिकका घरायसी तथा भवन निर्माणका सम्पूर्ण सामानहरु सुपथ मूल्यमा पाइनुका साथै पत्रु भाँडा खरिद बिक्रि गरिन्छ ।

# सन्दर्भ इन्द्रेणी स्मारिकाको : प्रसंग संस्थागत विकास र सुशासनका



... शालिकराम पाण्डे
कार्यक्रम निर्देशक, बेस नेपाल

यसपटक रुद्रजीले एउटा लेखका लागि अनुरोध गर्नुभयो । इन्द्रेणी समाज केन्द्रको स्मारिका प्रकाशन हुने र त्यसमा मेरो लेखले स्थान पाउनु मेरा लागि पनि कम गौरवको कुरा होइन । लेख लेख्न बस्दा मलाई एउटा अनुभूतिले सताइरह्यो । त्यो के भने कुनै क्रियापछि प्रतिक्रिया हुनु प्रकृतिको साश्वत नियम हो । विज्ञानको नियम समेत यही हो । तर पाल्पाका चल्दापूर्जा पत्रपत्रिका र संस्थाका प्रकाशनहरुमा लेखहरु प्रकाशन गर्दा कमै मात्र प्रतिक्रिया आउने गरेको मेरो अनुभव रहेको छ । लेखकलाई सबै भन्दा प्रिय कुरा पाठकको प्रतिक्रिया हो । तर पाठकले लेख पढे पनि प्रतिक्रियाविहिन (लेखेर वा लेखकसंग भेट्दा मौखिक प्रतिक्रिया नदिनु) वा निस्क्रिय रहे भने त्यो भन्दा नमिठो क्षण लेखकलाई अरु हुँदैन । नेपाली संस्कारमा क्रियाको प्रतिक्रिया गर्ने (चाहे त्यो आलोचनात्मक नै किन नहोस्) चलन धेरै कम मात्र छ । यतिसम्म कि पत्रपत्रिका कै सम्पादकले समेत आफ्नो प्रतिक्रिया दिएन भने त्यो भन्दा दुखदायी विषय लेखकलाई अरु केही हुन्न । पोखरीमा ढुंगा फालेपछि त्यसमा तरंग आएन भने मजा नै के भयो र ?

तर लेख्न लागेपछि कसैले पढ्छ कि भन्नेतिर भन्दा पनि आफ्नो विचारको प्रवाहतिर बढी ध्यान जानु स्वभाविक हो । मेरो यस लेखमा पाल्पा जिल्लाको विकासमा सामाजिक विकास संस्थाहरु, त्यसमा इन्द्रेणी समाज केन्द्र तथा यसले ल्याएका परिवर्तनका विषयमा व्यक्तिगत अनभूतिहरुलाई उल्लेख गर्ने जमर्को गरेको छु । यी अनुभूतिहरु मेरा निजि अनुभवहरु हुन् ।

सन् १९८४ मा पूर्वीपाल्पामा नर्वेजियन संस्था रेडबार्नाले काम गर्न सुरु गरेपछि त्यसक्षेत्रका समुदायका जीवनमा नयां भाग्यरेखा कोरिन सुरु भएको हो । त्यसबेला विकास त जिल्लाका दूरदराजमा कहाँ थिए र ? जिल्लाका आसेपासेहरुको पोल्टामा राज्यका सबै स्रोतहरु खनिन्थे । रेडबार्नाले करिव करिव १८ वर्ष पूर्वीपाल्पाका १५ गाविसमा सामुदायिक विकासका कामहरु गर्‍यो । केही भौतिक पूर्वाधारहरु सहित मानव चेतनाको स्तर उठायो । त्यसैक्रममा मुलुकमा जनआन्दोलनबाट बहुदलिय व्यवस्थाको पुनर्स्थापना भएपछिको खुकुलो वातावरणसंगै गाउंगाउंमा युवाक्लबहरु गठन हुन थाले । यही क्रममै पूर्वीपाल्पामा बेस, इन्द्रेणी समाज केन्द्र तथा समाज उत्थान सहयोग केन्द्रजस्ता संस्थाहरु जन्मेका हुन् । सबै गाविसमा युवाक्लबहरु भए पनि अन्तत्वगत्वा यी संस्थाहरुले नेतृत्व समाल्दै गए । रेडबार्नाले यी संस्थाहरुको संस्थागत विकासमा ठूलो मद्दत पनि गर्‍यो । फलस्वरुप यी संस्थाहरु अहिले जिल्लाकै बालअधिकारकर्मी प्रतिष्ठित संस्थाकोरुपमा उभिएका छन् ।

इन्द्रेणी समाज केन्द्र नभएको भए झिरुबास कस्तो हुन्थ्यो होला ? यो प्रश्नको उत्तर खोज्दा इन्द्रेणी समाजको महत्व प्रष्ट हुन्छ । जिल्लामा करोडभन्दा बढी बजेटको काम गर्ने इन्द्रेणी समाज केन्द्र झिरुवासका युवाहरुको संस्था हो भनेर चिन्नेहरुले केही पहिले जिब्रो टोक्थे । जिल्लाको विकासको मूलप्रवाहबाट पछि पारिएको मगरहरुको बस्ती रहेको झिरुबासले जिल्लाकै विकासको लागि काम गर्न सक्ने संस्था निर्माण गर्नु आंफैमा महत्वको विषय हो । त्यस गाविसका करिव ५५० भन्दा बढी समुदायका सदस्यहरु यस संस्थामा आवद्ध छन् । संस्थाको महत्वलाई दुई ढंगले हेर्नुपर्छ । एक संस्थाले समुदायका लागि गरेका कामहरु र अर्को संस्थाका सदस्यहरुको क्षमता विकास र त्यसको सामाजिक विकासमा अगुवाई । इन्द्रेणी समाज केन्द्रबाट प्रशिक्षित युवाहरु अहिले गाउंको सामुदायिक विकासमा नेतृत्व गरिरहेका छन् । जिल्लामै झिरुबास गाविसलाई अम्रिसो खेतीबाट चिनाउने प्रयास भइरहेको छ । काउलेडांडा, खादरलाई पर्यटनसंग जोडेर विकास गर्न थालिएको छ । विद्यालयहरुमा बालमैत्री अवधारणा अनुसार पढाई हुन थालेको छ । बालबालिकाहरुको विद्यालयमा पहुंच बढ्दै गएको छ । गाविसमै दुई वटा मा.वि. संचालन भएको छ । मोटरबाटो पुगेको छ । पुलपुलेसाहरु बनेका छन् । सहकारी

प्रवर्द्धन गरिएको छ। यी सबै विकासका कामहरुमा इन्द्रेणी समाज केन्द्रको प्रत्यक्ष तथा अप्रत्यक्ष हात रहेको छ। यो लेखमा इन्द्रेणी समाज केन्द्रले त्यस क्षेत्रमा ल्याएका परिवर्तनहरुको लेखाजोखा गर्न असंभव छ र त्यसका लागि फेरि अर्को मेहनत जरुरी रहन सक्छ।

सामाजिक विकास संस्थाहरु समुदायका अगुवा हुन्। परिवर्तनका संवाहक हुन्। राज्यको विकासका साझेदार हुन्। तर पनि सामाजिक विकास संस्थाहरुप्रतिको दृष्टिकोण सकारात्मक बन्न सकिरहेको छैन। सबै संस्थालाई एउटै डालोमा हालेर हेर्ने प्रबृत्ति अहिले पनि उत्तिकै रहेको छ। पाल्पा जिल्लामै सुशासनको गफ हांकेर नथाक्ने केही व्यक्तिका संस्था हेर्ने हो भने सुशासनको अगाडि कु थपिने अवस्था छ। जिल्लामा नै यिनैहरुको हालीमुहाली चर्को छ। यिनैहरुको सुशासनमा अगाडि रहेको मूल्यांकन भइरहेका छन्।

अर्कोतिर इन्द्रेणी समाज, बेस लगायतका संस्थाहरु सुशासनका लागि उदाहरणीय अभ्यास गरिरहेका छन्। हाम्रा संस्थाहरुमा अरुको जस्तो कर्मचारी र संस्था प्रमुख एउटै हुने प्रणाली छैन। सुरुका दिन देखिकै नीति निर्माण गर्ने संस्थाको कार्यसमिति तथा त्यसलाई कार्यान्वयन गर्ने कर्मचारीतन्त्र फरक रहेको छ। हरेक वर्ष साधारणसभा तथा निश्चित अवधिमा अधिवेशन नियमित हुने गर्दछ। सदस्यतामा आधारित हाम्रा संस्थाहरुमा अधिवेशन संस्थाको एउटा ठूलो चाडकारुपमा लिने गरिन्छ। हाम्रा संस्थाहरुमा खुल्ला प्रतिस्पर्धाका आधारमा कर्मचारीहरु लिने प्रावधान र अभ्यासहरु छन्। संस्थालाई पूर्ण समावेशी बनाउंदै लगिएको छ। चार्टड एकाउन्टेन्ट संस्थाबाट संस्थाको वर्षमा दुईपटक लेखापरीक्षण गर्ने तथा आम्दानी खर्चहरु सार्वजनिक गर्ने गरिएको छ। जिल्लामा सरोकारवालाहरुसंग वर्षको दुईपटक कार्यक्रम सार्वजनिक गर्ने संस्था बेस, इन्द्रेणी तथा समाज उत्थान अग्रस्थानमा छन्। आफ्नो दीर्घकालीन रणनीतिक योजनाको आधारमा कार्यक्रम संचालन गर्ने मध्ये पनि यी तीनवटा संस्थाहरु हुन्। जिल्लामा बालअधिकारकर्मीकोरुपमा आफ्नो राम्रो पहिचान बनाएका यी संस्थाहरुमध्ये बेस र इन्द्रेणी समाज केन्द्रले नवलपरासी जिल्लामा समेत आफ्नो कार्यक्रम संचालन गरिरहेको छ। गैससहरु मिलेर काम गरेको राम्रो उदाहरण खोज्न यिनै संस्थाहरुमा पाइन्छ।

पाल्पा जिल्लामा मात्रै बालबालिकाको शिक्षाको अधिकार सुनिश्चत गर्न यी संस्थाहरुले करिब सात करोड भन्दा बढी बजेट खर्च गरिसकेका छन्। बालमैत्री विद्यालयको अवधारणा यिनै संस्थाहरुले पाल्पामा सुरु गरेका हुन्। बालसहभागिताको प्रवर्द्धनका लागि बालक्लबको विकास गर्ने काम यिनै संस्थाहरुले गरेका हुन् अहिले पाल्पा जिल्लामा मात्रै करिव सातसयको हाराहारीमा बालक्लबहरु समुदाय तथा विद्यालयमा कार्यरत छन्। यिनै कामहरुको लागि शिक्षा मन्त्रालयबाट यी संस्थाका अगुवाहरु सम्मानित भईसकेका छन्।

जिल्लाको विकासमा अहं भूमिका खेलेका यी संस्थाहरु विकासमा साझेदारी मात्र नभई पारदर्शी, समावेशी र लोकतान्त्रिक पद्दतिलाई संस्थागत विकास गर्न पनि प्रयासरत पनि छन्। यी पक्षहरुको उचित मुल्यांकन गर्नका लागि सबै गैससहरुलाई एकै ठाउं राखेर हेर्नु भन्दा कुन गैसस के कति पारदर्शी, समावेशी र लोकतान्त्रिक छन् भनेर विश्लेषण गर्न आवश्यक छ। अब हाम्रो प्रयास पनि यसै दिशातिर केन्द्रित हुनु जरुरी छ। गैससको सामान्य आचारसंहिता पनि पुरा नगर्ने तर जिल्लामा हैकम छांट्ने संस्थाहरुलाई नांगेझार पारी गैससहरुको अस्मिता जोगाउन पनि यसो गर्नु आवश्यक देखिन्छ। जिल्ला विकास समितिले पनि गैसस आचारसंहितालाई ख्याल राखेर साझेदारी गर्न थाल्ने बेला आएको छ। आशा गरौं अबका दिनमा अपेक्षित सुधार हुनेछ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं।



प्रो. शेरबहादुर सोती

**झिरूबास होटेल**

**बसपार्क तानसेन, पाल्पा**

फोन: ०७५-५२१८९५

यहाँ स्वादिष्ट खाना,नास्ता तथा बास बस्नको लागि राम्रो प्रबन्ध छ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



Pro. Kishor Man Shrestha
Manager : Dharmendra Shrestha
9847029083

**GAUTAM SIDDHARTHA HOTEL**

Bishal Bazar,Silkhan Tole
Tansen, Palpa
Pho. 075-520280

Our Services: Lodging, Fooding, Restaurant, Cattering, Laundry Service etc.

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. विजयकुमार गुप्ता
९८४७०११४१२/९८५७०२६०६९

**ऋद्दि सिद्धि मिष्ठान भण्डार**

**रामग्राम- ५, नवलपरासी**

फोन : ०७८-५२०५८४

यहाँ भेज, म.म.चाउमिन, आइसक्रीम, बर्थडे केक, नास्ताको साथै शुद्ध घिउबाट बनेको मिठाइहरु पाइन्छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



अध्यक्ष
लक्ष्मण हिताङ्ग

सचिव
चन्द्रकान्त पोखरेल

तथा

**सिर्जनशिल युवा मञ्च तथा**
**सिर्जनशिल युवा सूचना केन्द्र परिवार**

सोमादी, पाल्पा

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



अध्यक्ष
सुरासिं सोती

सचिव
विष्णु प्रसाद आचार्य

तथा

**श्री लक्ष्मी प्राथमिक विद्यालय परिवार**

**झिरुबास- ४, झिरुबास, पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. बिरबहादुर पाटा
मो. ९८४७१७६४५७/९६१७५०४५३१

**धना किराना पसल एण्ड मुना होटेल**

**झिरुबास- ६, धर्केसिं, पाल्पा**

यहाँ स्वादिष्ट खाना, नास्ता तथा बास बस्नको राम्रो व्यवस्था हुनुको साथै अर्डर बमोजिम विभिन्न परिकारहरु तयार गरिनुका साथै अदुवा, सोठी, कुचो, गेडागुडी खरिद बिक्री गरिन्छ ।

**सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुवास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**



संयोजक
पदमबहादुर सोती

**झिरुबास गाउँ बाल संरक्षण तथा संवर्द्धन उप-समिति**

**झिरुबास, पाल्पा**

अध्यक्ष
कुल बहादुर मल्ल

**झिरुबास गाउँ अपाङ्गता पुनर्स्थापना समिति**

**झिरुबास, पाल्पा**

# अपाङ्गता समाबेशीकरणः हाम्रो दायित्व



... देव थापा मगर

पृथ्वीका प्रत्येक मानव एक अर्काबाट फरक छन् । उमेर, उचाइ, अनुहार उस्तै उस्तै देखिन सक्छ ! उस्तै देखिदैमा, के सबै एकै किसिमका छन् भन्न सकिदैन ? हामी सबै फरक छौं र पनि हामी मानव हौं । त्यसैले हामी सबैले मानव कल्याणकारी काम गर्नुपदर्छ । आफ्नो मात्र नभई अरुको पनि भलो होस् भन्ने उद्देश्यले गर्नुपर्छ । एक्लै संचालन र सम्पन्न गर्न नसक्ने काम मिलेर गर्नु पर्दछ । दीर्घकालीन कामहरु संस्थागत भएर गर्नुपर्दछ । त्यसैले त समुह संघ संस्थाहरुको विकास भयो । हामीले गठन गरेका संरचनाहरु विविध फरक प्रकृतिका विषयमा काम गर्नका लागि सक्रिय छन् । विषय फरक, कार्यक्षेत्र फरक, लाभान्वित नागरिकहरुको लिंग, उमेर, जातजाति फरक । अहिलेको अवस्थासम्म आइपुग्दा काम गर्ने समुहका नागरिकहरु समेत फरक प्रकृति । सरसर्ती केलाएर हेर्ने हो भने कार्यरत सबै संघसंस्थाहरु कार्यालयहरु फरक छन् । एकै किसिमका छैनन् । विषयको आधारमा हामी कसरी एक अर्काबाट फरक छौं ? कोही महिला, त कोही युवाको विषयमा काम गर्ने । कोही बालबालिका, त कोही दलित विषयमा काम गर्ने । कोहि भ्यालुबेसमा काम गर्छौ, त कोहि सेवा र धर्मको आधारमा । कोही अधिकारमा आधारित अवधारणामा । समग्रमा हामी पछाडि पारिएका वर्गको हितको लागि काम गर्दछौं । उनीहरुको परिवर्तनका लागि । सम्मानित जीवनका लागि ।

आखिरको पछाडि पारिएका बर्ग ? सरसर्ती हेर्दा महिला, दलित, आदिबासी जनजाति भनेर भनेको सुनिन्छ । के साँच्चि नै यिनै हुन् पछाडि पारिएका बर्गहरु ? मानिसको न्यूनतम आवश्यकता भनेको बोलीचाली गर्न सक्नु, देख्न सुन्न सक्नु, उठबस हिडडुल गर्न सक्नु प्रमुख हुन् ? के यिनै हुन् सहयोग आवश्यक भएका वर्ग ? के यिनीहरुलाई दैनिक जीवनयापन गर्न समस्या छ ? खानपिन गर्न, हिडडुल गर्न, साथीभाइहरुसंग बोलचाल र खेल्न समेत गाह्रो छ त ? आफ्नो समस्या राख्न सक्तैनन्? के आफ्नो समस्या समाधान गर्न समेत सक्तैनन् ? हामीलाई के लाग्छ भने यदि यी समस्या भएकै हो भने सहयोग गर्न अति आवश्यक छ । पहिलो प्राथमिकता नै उनीहरुलाई दिनु उपयुक्त हुन्छ । यस्ता प्रकारका समस्यामा भएका नागरिकहरुलाई नै हामी अपांगता भएका नागरिक भनेर भन्दछौं । सबै भन्दा समस्यामा रहेका अनि सबै भन्दा बढि सहयोग आवश्यक भएका नागरिकहरु । विश्वमा यस्ता प्रकारका नागरिकहरुको लागि सेवा नै अत्यन्त कम छ । यिनै वर्गका नागरिकहरुको चौतर्फी पहुँच कम छ । शिक्षामा, स्वास्थ्यमा, जीवयापनमा, सशक्तिकरण सम्बन्धी अवसरहरुमा थुप्रै सेवा अनि सुविधाहरुमा । यसैकारण पनि हाम्रो विकास कार्य पूर्ण छैन । हामीले यी वर्गका नागरिकहरुलाई समाहित गर्न सकेका छैनौं विकास निर्माणमा । विकासको महसुस यि नागरिकहरुले गर्न पाइएको कम उदाहरण पाइन्छ । थुप्रै अध्ययनहरुले के देखाउँदछ भने यस्ता प्रकारका नागरिकहरुलाई सम्बोधन नगरेकै कारण हामीले तयार पारेको जुनसुकै लक्ष्य पनि हासिल हुन सकेको छैन । स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय सबै विकास लक्ष्य पूर्ण सफल हुन नसक्नुका कारण नै यी र यस्ता प्रकारका समस्यामा रहेका नागरिकहरुको सुनुवाई नहुनु हो ।

सरकारले लागु गरेको सहस्राब्दि विकास लक्ष्य भन्छ चरम गरिबी र भोकमरी उन्मुलन गर्ने । विश्वब्यापी रुपमा प्राथमिक शिक्षा हासिल गर्ने । लैंगिक समानता तथा महिला शसक्तिकरण गर्ने । बाल मृत्युदर घटाउने । मातृ स्वास्थ्यमा सुधार ल्याउने । एच आइ भि एड्ससंग लड्ने । वातावरणीय दिगोपना सुनिश्चितता गर्ने । विकासका लागि विश्वब्यापी साझेदारी विकास गर्ने आदि आदि । तर के यी सबै विकास लक्ष्य पुरा होला सन् २०१५ सम्ममा ? किनकी हामी सबै मानव जातीका लागि तयार पारिएको विकास लक्ष्य हो यो । जसभित्र धनी गरिब, आदिवासी जनजाति, महिला पुरुष, बालबालिका युवा बृद्ध, दलित, मधेसी सबै पर्दछन् । "सहस्राब्दी विकासको परिणामबाट सबै तह, वर्ग, क्षेत्र र समुदायका मानिसहरु लाभान्वित हुनुपर्दछ" भनी राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरुले स्वीकार गरिरहेको अवस्था छ । पछिल्लो जानकारी अनुसार अझ पनि विश्वमा डेढ अरब जनता चरम गरिबीको रेखामुनी बाँच्न बाध्य छन् । अबको पाँच वर्ष भित्रमा यो संख्या आधा घटाउने लक्ष्य राखिएको छ । हाम्रो जस्तो अविकसित देशलाई यो संख्या घटाउन कम

चुनौतीपूर्ण छैन । यस्ता खालका समस्याहरुलाई छिटो र सहज रुपले न्यूनीकरण गर्न स्वय् लक्षित वर्गकै सक्रिय प्रतिनिधित्व हुनु आवश्यक छ । हाम्रो जानकारी अनुसार गरिबी र अपाङ्गता बीच घनिष्ट सम्बन्ध छ । विश्व स्वास्थ्य संगठनको अध्ययन अनुसार पनि अति गरिब मानिसहरुको कूल जनसंख्याको २० प्रतिशत अपाङ्गता भएका नागरिकहरु रहेका छन् । जबसम्म अपाङ्गता भएका नागरिकहरुको लागि सम्बोधन गरिदैन तबसम्म गरिबी न्यूनीकरण गर्न सम्भब पनि छैन ।

त्यसैले त संयुक्त राष्ट्र संघका महासचिवको प्रतिवेदनले अपाङ्गताको सवाललाई सहस्राब्दि विकास लक्ष्यमा समाबेशीकरण गर्न र सो अनुसार काम गर्न गराउन केहि महत्वपूर्ण बूँदाहरु सहित सदस्य राष्ट्रहरुलाई सिफरिस गरिएको छ । भनिएको छ सहस्राब्दि विकास लक्ष्यलाई अपाङ्गता सम्बन्धी महासंन्धिको भावना  र मर्म अनुसार निर्माण गर्ने । विकास सम्बन्धी सबै नितिहरुमा अपाङ्गता भएका सबै व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, भौतिक सेवा सुविधा र संरचना, संचार  सुचना, अन्य सेवा, सुविधा र अवसरहरु आदिमा पहुँच सुनिश्चित गराउने । अपाङ्गता भएका व्यक्तिको विकास र सशक्तिकरणमा योगदान पुऱ्याउन अन्तराष्ट्रिय साझेदारी र सहकार्य बढाउने । नीति निर्माण र निर्णय प्रक्रियामा हरेक तहमा अपाङ्गता भएका व्यक्तिलाई प्रतिनिधित्व गराउने । उल्लेखित सिफारिसको आधारमा के भन्न सकिन्छ भने तपाई हामी जे जति कार्यक्रमहरु गर्दछौं सहस्राब्दि विकास लक्ष्य पुरा गर्नको लागि गर्दछौ । जुनसुकै कार्यक्रम पनि एकअर्कामा सरोकार राख्दछ । त्यसैले अझ समावेशी गराएर गर्न सक्छौं । अपाङ्गता भएका नागरिकहरुलाई समावेश गरेर सम्पन्न गर्न सक्छौं । अपाङ्गता भएका नागरिकहरुको आवश्यकता, क्षमता र रुचि अनुसार सहयोग गर्न सक्छौ । सुरुवाती समयमा केहि समस्या आउन सक्छन् । सुक्ष्म रुपले बुझ्ने कोशिस गरेमा सहज ढंगले समाधान गर्न सकिन्छ ।

हुनत व्यक्तिमा आउने अपाङ्गता, प्रभाब र उसको भबिष्यको संभावना उसको स्वास्थ्यजन्य स्थिति, व्यक्तिगत बुझाई, तत्परता र उसको वरिपरिको सामाजिक र वातावरणीय पक्षहरुद्वारा निर्धारण हुन्छन् । तसर्थ अपाङ्गतालाई सम्बोधन गर्दा व्यक्ति वा स्वास्थ्यजन्य कुरामात्र हेरेर पुग्दैन, उसको वरिपरिको समग्र स्थिति र परिबेशलाई सम्बोधन गर्न आवश्यक देखिन्छ । नेपालमा व्यक्ति, परिवार, समुदाय र राज्यले अपाङ्गता भएका व्यक्तिहरुलाई हेर्ने, बुझ्ने, ब्यवहार गर्ने र सम्बोधन गर्ने तौर तरिकाहरु समयसँगै निरन्तर परिवर्तनउन्मूख देखिन्छन् ।
नेपालमा बिभिन्न तह र तप्कामा अपाङ्गतालाई हेर्ने दृष्टिकोण र व्यवहार अनभिज्ञता, उपेक्षा, बिभेद, उपकार, कल्याणकारी सोचका चरणहरुबाट अगाडि बढ्दै अधिकारमुखी अवधारणासम्म आइपुगेको देख्न सकिन्छ । यसै क्रममा पछिल्लो समयमा नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको समग्र सवालहरुलाई सम्बोधन गर्न नेपाल सरकार एवं गैर सरकारी क्षेत्रहरुबाट समुदायमा आधारित पुर्नस्थापना सम्बन्धी अवधारणा र अभ्यासहरु अगाडि बढेको छ । हाल नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत आ.ब. २०६६/६७ सम्म आइपुग्दा ७५ वटै जिल्लामा यो कार्यक्रम बिस्तार भएको छ भने अन्य गैर सरकारी संघ(संस्थाहरुले पनि यो कार्यक्रम कार्यान्वयन गर्दै आएका छन । नेपालको इतिहासमा औपचारिकरुपमा अपाङ्गताका सवालहरुलाई सम्बोधन भएका उदाहरणको रुपमा बि.सं. १९१० मा तात्कालिन राजा सुरेन्द्र विक्रम शाह र प्रधानमन्त्री जंगबहादुर राणाले लागु गरेको मुलुकी ऐनलाई लिन सकिन्छ । तत्पश्चात सन् १९६९ मा नेपाल अन्धा तथा अपाङ्ग संघ, १९७७ मा समाजकल्याण परिषद र बि.सं.२०५० सालमा सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको छाता संस्थाको रुपमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको पनि स्थापना हुन पुग्यो । त्यस्तै अपाङ्गता भएका व्यक्तिको शिक्षातर्फ हेर्दा २०२१ सालमा दृष्टिविहिनहरुका लागि कीर्तिपुरमा लेबोरेटरी स्कूल, २०२३ सालमा बहिरा र सुस्तश्रवणहरुको बिद्यालय, २०२८ सालमा बिशेष शिक्षा परिषद र २०३८ सालतिर सुस्तमनस्थिति भएका बालबालिकाका लागि बिद्यालय शुरु भएको देखिन्छ । ऐन नियम मार्फत अपाङ्गतालाई सम्वोधन गर्ने क्रमलाई हेर्ने हो भने २०३९ सालमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, यस सँग सम्वन्धित नियमावली २०५२ मा र २०४७ सालको संबिधानमा अपाङ्गता भएका व्यक्तिहरु बिशेष प्राथमिकता प्राप्त वर्गको रुपमा स्थापित भएको देखिन्छ । तत्पश्चात अपाङ्गता क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरु स्वयंले स्थापना गरेका संस्थाहरु लगायत अन्य थुप्रै संघ संस्था, महासंघ र संजालहरु कार्यरत रहेको देखिन्छ । औपचारिक र दस्तावेज सहितको सि.बि.आर. कार्यक्रम सन् १९८५ मा पहिलो पटक सबै वर्गका अपाङ्गता भएका वालबालिकालाई समुदायमा नै पुर्नस्थापना गर्ने उद्देश्यले युनिसेफको प्राविधिक र आर्थिक सहयोग र सामुदायिक संस्था भक्तपुर जेसिजको पहलमा भक्तपुरमा शुरु भएको देखिन्छ । सन् १९९५मा जेसीजले पाल्पामा शुरुवात गरेको हो ।

पछिल्लो नयाँ सि.बि.आर. निर्देशिका अनुसार सि.बि.आर.को लक्ष्य अपाङ्गता भएका व्यक्तिहरुको गरिबी उन्मूलन र मानवअधिकार सुनिश्चित गर्ने समावेशी बिकास र समावेशी समाज निर्माणको रणनितीको रुपमा बिकास भएको छ । साथै नयाँ सि.बि.आर. निर्देशिकाले अपांगता

भएका व्यक्तिहरुको सहभागिता, कार्यक्रमको दिगोपन, समावेशी विकास प्रकृया, आफना सवालहरुको स्वयम् पैरवी, अपाङ्गता भएका व्यक्तिहरुको लागि अबरोध मुक्त वातावरण र सशक्तिकरणलाई मुलभूत सिद्धान्त र मान्यताको रुपमा अंगिकार गरिएको छ। त्यस्तै सि.बि.आर. को कार्यक्षेत्रलाई मुख्य ५ वटा क्षेत्रहरुमा विभाजन गरी हरेक कार्यक्षेत्रलाई पनि अरु ५ वटा उपक्षेत्रहरुमा बिभाजन गरि बिस्तृत पारिएको छ।

१. स्वास्थ्यः कार्यक्षेत्र अन्तर्गत स्वास्थ्यको प्रवर्धन, अपाङ्गताको रोकथाम, अपाङ्गताको उपचार, अपाङ्गता भएका ब्यक्तिहरुको पुनर्स्थापना र सहायक सामाग्रीहरुको ब्यवस्थालाई समाबेश गरिएको छ।
२. शिक्षा कार्यक्षेत्र अन्तर्गत अपांगता भएका ब्यक्तिहरुको प्रारम्भिक बाल विकास, अनौपचारिक, प्राथमिक, माध्यमिक र उच्च शिक्षा र जिवनपर्यन्त शिक्षालाई समाबेश गरिएको छ।
३. जीवन निर्वाहः अन्तर्गत अपाङ्गता भएका ब्यक्तिहरुको सीप विकास, स्वआयआर्जन क्रियाकलाप, आर्थिक सेवामा पहुँच, तलवी वा ज्यलादारी रोजगारी र सामाजिक सुरक्षाका बिषयहरु समाबेश छन
४. सशक्तिकरणः अन्तर्गत अपाङ्गता भएका ब्यक्तिहरुको स्वावलम्बी समूहहरु गठन, अपाङ्गता भएका ब्यक्तिहरुको संगठन, ब्यापक सामाजिक परिचालन, राजनीतिक सशक्तिकरण र संचारमा पहुँचका बिषयहरु समाबेश छन ।
५. सामाजिक बिकासः अन्तर्गत अपाङ्गता भएका ब्यक्तिहरुको न्यायमा पहुँच, कला, संस्कृति र धर्ममा पहुँच, खेलकूद र मनोरञ्जनमा सहभागिता, सम्वन्ध, विवाह र परिवारमा सहभागिता तथा व्यक्तिगत सहयोगीको ब्यवस्था सम्मका सवालहरु समाबेश गरिएकाछन्।

अपाङ्गता सम्बन्धि विश्वब्यापी सर्बमान्य कार्यक्रमका क्षेत्रहरुलाई सम्बोधन गर्न हाम्रो मुख्य चुनौती भनेको बिस्तृत तथ्याङ्क र सूचनाको अभाब थियो तर हाल यो समस्या अपेक्षित रुपमा समाधान भइसकेको छैन। नेपालमा सबै जिल्लाका तथ्यांकहरु प्राय संकलन भइसकेका छन् जुन कम्प्यूटर कपिमा तयार छन्। स्वयम् अपाङ्गता सम्बन्धी काम गर्ने संस्थाहरुले अपाङ्गता सम्बन्धी एकीकृत कार्यक्रम ल्याउन स्रोतको अभाव छ। भने बिद्यमान सेवा सुबिधा सम्वन्धी प्रावधानहरुको यथोचित कार्यान्वयन तथा मानवीय स्रोतको ब्यवस्थापनमा समेत समस्या भइरहेको छ। अब हामी सबै जो जहा जसरी सेवारत छौं। उल्लेखित मुख्य पाँच सवालहरुलाई आंशिक रुपमा मात्र भए पनि सम्बोधन गरी समाबेश गर्न सक्यौं भने विकास लक्ष्यलाई सहयोग पुऱ्याएको हुनेछ।

उदाहरणको लागि दलित सम्बन्धि काम गर्ने संस्थाले दलित अपाङ्ग नछुटाउने, महिला सम्बन्धि काम गर्ने संस्थाले महिला अपाङ्ग समावेश गर्ने, जनजाति सम्बन्धी काम गर्नेले अपाङ्ग जनजाति समावेश गर्ने, त्यस्तै बालवालिका, युवा, बृद्ध सबैलाई समेटेर कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ। यो हाम्रो दायित्व हो। किनभने छुट्टाछुट्टै रुपमा कार्यक्रम संचालन गर्दा आफूले समेटेका बर्गको मात्रै प्रतिनिधित्व र समावेशीकरण हुनसक्छ। एकीकृत विकाश कार्यक्रमले मात्रै सबैको प्रतिनिधित्व गर्न सक्छ र सबैका समस्या क्रमशः समाधान हुदै जानेछन्।

ब्यक्तिगत होस वा संस्थागत हामीले गरेको सानो सहयोगले अपाङ्गता भएका नागरिकहरुको जीवनमा ठूलो परिवर्तन आउन सहयोग मिल्नेछ। तपाई हामीले चाहेको समावेशीको नारा सफल हुनेछ। हामी हाम्रो घरपरिवार गाउटोल छरछिमेक देश मात्र नभई विश्व समृद्ध बन्नेछ।

*(लेखनः पाल्पा CBR का संयोजक हुनुहुन्छ।)*

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील
**इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं।



प्रो. टिकाजीत फाल
**गणेश किराना तथा सुर्योदय एग्रो भेट सेन्टर**
**गल्धा- ८, बेलडाँडा, पाल्पा**
फोन : ०७५६९१२१४

सुपथ मूल्यमा किराना सामान थोक तथा पुटकर बिक्री गरिन्छ। उन्नत जातका बाख्रा र बंगुरको पाठा पाठी बिक्रि गरिनुका साथै दाना, भुस, औषधी उपचार तथा परिक्षणको लागि हामीलाई सम्झनुहोस्।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



प्रो.नविन्द्र थापा (सोती)

मो.९६१७५०६७१२/९६१७५०६७१३/९८४७११३२४७

नविन मेडिकल हल एण्ड रविन कस्मेटिक सेन्टर

झिरुवास- ६, धर्केसिं, पाल्पा

२४सै घण्टा विरामी जांच तथा हरेक प्रकारका रोगको उपचार सेवा अनुभवी स्वास्थ्य कर्मीद्वारा सामान्य चिरफार र गर्भ परिक्षण गरिन्छ । साथै यो सम्पुर्ण सेवाहरु झिरुवास-४ देउरालीमा पनि उपलब्ध छ सम्पर्क राख्नुहोला ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. विजया पुन मगर

सिजन कम्यूनिकेसन एण्ड स्टेशनर्स सेन्टर

तानसेन- ४, विशालबजार, पाल्पा

फोन : ०७५-५२१८५४

इन्टरनेट, सस्तो फोन सेवा Locall/ STD, फोटोकपी, लेमिनेसन, फ्याक्स, कम्प्युटर टाइप, प्रिन्ट, स्क्यान तथा स्टेशनरीका सम्पूर्ण सामानहरु सुपथ मूल्यमा पाउनुका साथै Recharge Card उपलब्ध छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. टेक प्रसाद श्रेष्ठ

श्रेष्ठ किराना पसल

गल्धा- ८, बेलडाँडा, पाल्पा

फोन : ०७१६९११८५

यहाँ थोक तथा खुद्रा माल सामान सुपथ मूल्यमा पाइनुका साथै अदुवा, सोठी, बेसार, कुरीलो, दालचिनी, तरुल, कुचो, सीमी, मह, घ्यू आदि खरिद बिक्रि गरिन्छ ।

# समाज विकासमा संघ संस्थाको भूमिका



... अस्बीर सारु मगर
समाज उत्थान सहयोग केन्द्र, पाल्पा

पाल्पा जिल्लाको पुर्वमा जनजातिहरुको घना बस्ती छ । त्यसमा पनि लेक तिर मगरहरुको बस्ती छ भने काली गण्डकीको किनारमा बोटे र माझीहरु । टार तथा बेसीमा कुमाल र दराईको आदिम बस्ती छ । लेक होस् वा बेँसी सबै गा.बि.स.हरुमा दलित बस्ती छ । झिरुबास, मित्याल, गल्धा, अर्चले, ज्यामिरे, सहलकोट आदि गा.बि.स.हरु लेकमा पर्छ । त्यसैले बेँसी र टारतिर झर्दा भन्ने गर्छन् लौ लेकालीहरु के लिएर आए ।

दुई दशक अघिको यस भेगका मगर र दलितहरुको अवस्था र अहिलेको अवस्थालाई तुलना गर्ने हो भने ठूलो परिवर्तन पाइन्छ । त्यो बेला दिनहुँ जसो मादलको आवाज बज्थ्यो । मादलको आवाज सुन्न साथ नयाँ पाहुना जो कोहीले अनुमान गर्थे, लौ मगर गाउँ पो आइएछ । साँझ परेपछि झ्याउरे र रोदी । उस्तैपरे त्यही रोधीबाट १२/१३ वर्षकी किशोरीलाई १४/१५ वर्षे किशोरले दुलही भित्र्याउने प्रचलन व्याप्त थियो । यद्यपि कम उमेरमा विवाह गर्ने प्रचलनको अन्त्य भने अझै भइसकेको छैन । अभिभावकको रुचि पनि त्यसैमा थियो । सानै उमेरमा विवाह गरिदिन पाए कर्तव्य पुरा भएको अभिभावकहरु सम्झन्थे । भागी विवाह होस् वा मागी विवाह, भोज भतेर गरेरै खर्च गर्ने । दुलाही भित्र्याएको दिन सुंगुरको काँचो मासु, त्यो पनि सांप्रा बोकेर केटा पक्षबाट केटी पक्षको घर जानु पर्ने प्रचलन । त्यतिले मात्रै हुँदैनथ्यो । ढोगभेट् धुमधामले गर्नु पर्ने । केटी पक्षकाले खुबै म्याख मारेर खान्की माग्ने चलन व्याप्त थियो । छ(सात हजार वटा बटुक, २५/३० धार्नी सुंगुरको मासु, एक दुई मुरी रक्सी मागेर केटालाई कंगाल बनाउने चलन थियो । केटी पक्षको माग जसरी पनि पुरा गर्नु पर्छ भन्ने मान्यता थियो । ऋण गरेर होस् वा जग्गा बारी धितो राखेर हुन्छ, जिन्दगी भर उठ्न नसक्ने गरी खर्च गर्ने रिती विद्यमान थियो ।

त्यति बेला प्रयाप्त विद्यालय खुलेका थिएन । एकाध स्कुल भए पनि छोरीलाई स्कुल पठाउने चलन थिएन । बिस्तारै गाउँ गाउँमा विद्यालयहरु खुल्न थाल्यो । तर अभिभावकहरुमा शिक्षा प्रतिको जागरण आएको थिएन । छोरो कक्षा ८ पास पछि पढाई पूरा भयो भन्थे । उनीहरुको व्याख्या थियो, मगरको मिजा हो, भर्ती हुनका लागि आठ पास भए भइहाल्छ । अरु के का लागि पढनु पर्छ र ? छोरी त झन अर्काको घर जाने जात, किन पढाउनु पर्‍यो भन्ने सोच । स्कुल पठाई हालेपनि सामान्य नेपाली लेख पढ गर्न सक्ने भए पछि बुढा पाकाहरु भन्ने गर्थे, “लौ बुढा लाहुरे नै भए पनि चिट्ठी फोर्न सक्ने भयौं । अब स्कुल जान पर्दैन । हामी स्कुल नगइकन निर्वाह चलेकै छ ।”

यता मर्दा पर्दाको पिडा अलग्गै थियो । मरेको लास स्याहर्न अघि खोरमा सुँगुर कत्रो छ भनेर नियाल्थे । मृत व्यक्ति चोख्याउने (गहुँत खाने) दिन धुमधामका साथ भोज गर्थे । जो कोही बिरामी परे धामी झाँक्रीमा बढी विश्वास गर्ने । बिरामी सुंगुर सञ्चो गराउनका लागि बासेको भाले पुजा गर्ने अचम्मको चलन थियो । ढुंगालाई देवताको प्रतिक मानेर ठूला ठूला जनावरको बलि चढाउने अनि वर्षभरि खाना पुग्ने अन्न एकै दिन सिध्याउने । चर्पीको कुरा त धेरै टाढाको कुरा । “गुहु आयो त गाउँ आयो”, को उखान ठयाक्कै मिल्ने । कामको कुरा गर्ने हो भने साह्रै मेहनती र इमान्दार पनि । दुःख गर्ने, पसिना बगाउने, तर रंग रमाईलो गरेर घरबारी गएको थाहा नपाउने । खर्चको कुनै प्रवाह नगर्ने ।

करिब २५/३० वर्ष अघिको मगर समुदायको अवस्था हो यो । मगर समुदाय भित्र रहेको यस्ता कुरुतिहरु पनि समाज परिवर्तनका लागि बाधक थियो । अचेल धेरै परिवर्तन देख्न सकिन्छ । आज भोलि बा आमाहरु नै भन्न थालेकाछन्, “आफ्नै खुट्टामा उभिन सक्ने भएपछि विवाह गरेस् है ।” यता विवाहमा पाहुर माग्ने चलन हराउँदै गएको छ । मान्छे चोख्याउँदा सुंगुर काट्ने चलन त्याग्दै दाल भातले उतार्न थालेका छन् । एकाधका घरमा बाहेक चर्पी बनेको छन् । नानी बाबुलाई स्कुल पठाउने संस्कारको बिकास भएको छ । गाउँ गाउँमा उच्च माध्यमिक विद्यालय

खुलेको छ । बिरामी पर्दा स्वास्थ्य चौकी जाने क्रम बढेको छ । टोलटोलमा बालक्लवले सृजनात्मक क्रियाकलापहरु सञ्चालन गर्छन् । आमासमूह, युवाक्लव जस्ता स्थानीय संघसंस्थाहरु क्रियाशिल छन् । त्यस भेगका युवाहरु बी.ए., एम, ए. तहमा अध्ययनरत छन् । एस.एल.सी. पास गर्नेको संख्या ह्वाटै बढेको छ । यो समाजमा देखिएको बिकास हो ।

समुदायमा देखिएको यो सकरात्मक परिवर्तन कुनै एउटा संस्थाले संभव भएको भने होइन । यो अवस्थासम्म आईपुग्न, सरकारी निकाय, स्थानीय स्तरका संघ संस्थाहरु, अन्तरराष्ट्रिय स्तरका संघ संस्थाहरुको प्रयासले ठूलो भूमिका खेलेकोछ । यी मध्ये बि.सं. २०४१ साल (सन १९८४) ताका काम गरेको सेभ द चिल्ड्रेन (तत्कालिन रेडवार्ना) नेपालको नाम छुटाउनु अन्याय हुन्छ । यो अन्तराष्ट्रिय संस्थाले पूर्वी पाल्पाको झिरुबासको खादर, ज्यामिरे र झडेवामा कार्यालय स्थापना गरी समुदायमा व्याप्त कुरुति र अशिक्षा हटाउनका लागि काम शुरु गरेको थियो । ऊ बेला, बालबालिकालाई विद्यालय पठाउने र अभिभावकहरुलाई टोल टोलमा रात्री कक्षा सञ्चालन गरेर चेतनाको बिकास गरेको दस्तावेजहरुमा पाइन्छ ।

यता सन् २००० पछि सेभ द चिल्ड्रेनसँगको साझेदारीमा पूर्वी पाल्पाको झिरुबासमा स्थापना भएको इन्द्रेणी समाज केन्द्र पाल्पाले बालक्लव सहयोग तथा गुणस्तरीय शिक्षा कार्यक्रम सञ्चालन गर्न थाल्यो । पाल्पाको दुर्गम तथा बिकट क्षेत्र जहाँ राज्यको पहुँच न्यून छ । संस्थाले आफ्नो कर्म थलो बनायो । आफ्नो कार्यक्षेत्रमा शैक्षिक जागरण र सचेतनाका लागि सडक नाटक, तालिम, अन्तरक्रिया, व्यक्तिगत भेटघाट, शैक्षिक सामाग्री सहयोग, छात्रवृत्ति सहयोग जस्ता कामहरु संस्थाले गरेको पाइन्छ । अहिले गाउँमा सचेतनाको स्तर बढेको छ । छोरा वा छोरी, बालबालिका विद्यालय जाने संस्कारको बिकास भएको छ । शौचालयमा दिसा पिसाव गर्ने बानी बसेको छ । बालबालिका बालक्लवमा क्रियाशिल छन् । युवाहरु युवाक्लवमा । आफ्नो अधिकार प्रति सजग भएका छन्

यति हुंदाहुँदै पनि हामीसंग समस्याहरु नभएका भने होइन । शिक्षित युवाको जमात बढ्दो छ । रोजगारीका अवसरहरु सिमीत छन् । शिक्षित व्यक्तिले हलो र कुटो कोदालोको काम गर्न हुँदैन भन्ने परिपाटि हामीबाट हटि सकेको छैन । युवाहरु गाउँ छाडेर रोजगारीका खोजीमा विदेश पलायन भएका छन् । गाउँघरमा कोही मरे मलामी जाने र कसैको बिहे भए जन्त जाने युवाको अभाव छ । यो नै आत्मनिर्भर र स्वरोजगारीका लागि बाधक तत्वको रुपमा हामी माझ देखिएको छ । यस्तै किशोर किशोरीबीच अपरिपक्क प्रेम सम्बन्ध भई बाबु आमाको चाहना र अनुमति बेगर बालविवाह गर्ने काम यदाकदा देखिएकोछ । युवाहरुमा दुर्व्यसनी बढेको छ । यी यस्ता सवालहरुलाई अवको दिनमा संस्थाले सम्बोधन गर्नु पर्ने आवश्यकता देखिएको छ ।

वैदेशिक रोजगारमा भएको युवाको बिदेश प्रवाह कसैले चाहेर पनि रोक्न सक्दैन । सूचना र प्रबिधिको बिकासले यो संसारलाई सांगुरो बनाएको छ । धेरै नेपाली युवाहरु दक्ष तथा सीपयुक्त ज्ञान र सीपको अवसरमा पहुँच पुगेको छैन । परिणाम स्वरुप वैदेशिक रोजगारको क्रममा शारीरिक श्रम बढी गर्नु पर्ने तर ज्याला कम पाउने समस्या छ । चाहे बैदेशिक होस वा स्वदेशी रोजगार, हरेक नेपाली युवा कुनै न कुनै, एक बिषयमा दक्षता राख्नु अहिलेको आवश्यकता हो । यता तिर हामी सवैको ध्यान जान जरुरी छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. चतुर्धन सारु

**अस्मिता मेडिकल हल**

**गल्धा-८, बेलडांडा, पाल्पा**

**फोनः ०७५६९०७१७**

हामी कहाँ अनुभवी स्वास्थ्यकर्मीद्वारा विरामीको जांच तथा सुपथ मूल्यमा औषधी उपलब्ध । औषधीको थोक तथा खुद्रा बिक्रि गर्नुका साथै गर्भ परीक्षण,रगत,दिशा,पिसाव जाँच तथा डा.गोपाल खनालद्वारा शिविरको दिन विरामीको जाँच पनि गरिन्छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



अध्यक्ष
चेत बहादुर कुँवर

कार्यकारी निर्देशक
लिला बहादुर कार्की

# ग्रामीण आर्थिक बिकास संघ (रेडा)

**बिशाल बजार- ४,पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



# सि.वि.आर. पाल्पा

समावेसी समाज निर्माणको लागि अपाङ्गता भएका
व्यक्तिहरुलाई अवसर प्रदान गरी सहयोग गरौं

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुवास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



संयोजक
नरबहादर सुनारी
तथा

**मित्याल गाउँ बाल संरक्षण तथा संवर्द्धन उप-समिति**

**मित्याल,पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. इश्वरी प्रसाद बि.सी.
मो.९८०७४६३६८१/९७४७०१०५४३

**भैरव मेडिकल हल**

**झिरुबास- १, सिमलभञ्ज्याङ, पाल्पा**

२४ सै घण्टा बिरामी जाँच तथा उपचार सेवा अनुभवी स्वास्थ्यकर्मी द्वारा सामान्य चिरफार र गर्भ परिक्षण गरिन्छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



**श्रेष्ठ न्यूज एजेन्सी**

**तानसेन, पाल्पा**

'उचित दाम, स्तरीय सामान'

नर्सरीदेखि M.A./M.B.S. सम्मका पाठ्य पुस्तकहरु, धार्मिक, कर्मकाण्ड तथा पुराणका पुस्तकहरु, विभिन्न दैनिक, साप्ताहिक तथा मासिक पत्रपत्रिकाहरु, क्यालकुलेटर, डिसेक्टिङ बक्स White Board लगायत अन्य उपकरणहरु तथा विभिन्न किसिमका खेलकूदका सामाग्रीहरुका लागि हामीलाई सम्झनुहोस् ।

# खण्ड "ग"

## इन्द्रेणी समाज केन्द्रको आवधिक रणनीतिक योजना
## आ.व.२०६७/०६८ देखि २०७१/०७२

तततत

# रणनीतिक योजनाको पृष्ठभूमि अथवा औचित्यता

**पृष्ठभूमि**

नेपाली ग्रामिण समुदायमा बसोबास गर्ने विभिन्न लक्षित समुदायको उचित जीवनयापन तथा दीगो एवं सकारात्मक परिवर्तनका लागि स्थानीय सामाजिक संस्थाहरुले विविध ढंगले भुमिका निर्वाह गर्दै आएको छ । हाल आएर यसको प्रभावकारीता समेत बढदै गएको छ । हरेक सामाजिक संस्थाहरु समाजमा सकारात्मक परिवर्तनको उद्देश्य लिएर स्थापना भएको हुन्छ । यसैक्रममा संस्थाले आफुले चाहेको परिवर्तन कसरी प्राप्त गर्न सकिन्छ भनेर बनाउने योजनागत मार्ग चित्र नै आवाधिक योजना हो । लक्षित समुदायका लागि योजना बनाउने कुरालाई प्रायःजसो यान्त्रिक र प्राविधिक रुपमा मात्र हेर्ने गरेको सन्दर्भमा योजना प्रक्रिया भनेको के काम गर्ने र कहिले गर्ने भन्नेमा मात्र सिमित नरही सरोकारवाला तथा लाभन्वित समुहहरुको उचित पहिचान गरी तिनीहरुको जिवनयापनमा सकारात्मक परिवर्तनका लागि निर्धारीत लक्ष्य तयो गरी उनीहरुकै भूमिका र सहभागितामा बृद्धि गरी उनीहरुकै संवादको मर्मलाई समेटी योजना निर्माण गर्ने प्रक्रिया नै आवधिक रणनैतिक योजना हो । यो आवाधिक योजनाको महत्वपूर्ण अंश पनि हो ।

निरन्तर परिवर्तनशील परिवेश र चुनौतीपुर्ण सामाजिक अवस्था एवं सरोकारवालाहरुको फरक फरक दृष्टिकोण र भूमिकालाई पादर्शी र जवाफदेही ढंगले समायोजन गर्न त्यति सहज छैन । यी असहजतामा सामाजिक संस्थाहरुले सहभागितामुलक ढंगबाट आवाधिक योजना वनाई व्यवस्थित र संगठित योजनावद्ध कार्यन्वयनमा अघि बढ्नु आजको आवश्यकतासंगै चुनौती पनि छ । रणनीतिक योजनाको आधारमा कामबाट अनुभव, अनुभवबाट सिकाई र सिकाईबाट परिवर्तनलाई आत्मसाथ गरी स्थानीय परिवेश, दातृ निकायहरुको प्राथमिकता तथा स्रोतको उपलव्धता, संस्थागत जनशक्ति तथा क्षमताको विश्लेषण गरी लक्षित समुदायको सवालहरुको उचित पहिचान गरी संस्थाको रणनीतिक ढांचा तयार गरी योजना बनाउने कुरा समुदाय र संस्था दुवैको दीगो परिवर्तनको हिसावले महत्वपुर्ण छ । संस्थाको क्षमता बिकास र लक्षित समुदायमा आउने दीगो परिवर्तन एकअर्काका परिपुरक तत्वहरु पनि हुन । इन्द्रेणी समाज केन्द्रले यिनै कुराहरुलाई प्रमुख आधार सहित यिनै कुराको आत्मसाथ गर्दै स्थापना काल देखि नै आफनो संस्थागत लक्ष्य, उद्देश्य अनुसार योजनाबद्ध कार्यक्रम तर्जुमा तथा सफल कार्यन्वयन गर्दै आएको छ । यसैक्रममा आ.व.२०६१/०६२ देखि ०६५/०६६ सम्ममा दोस्रो आवधिक कार्ययोजनाको सफल कार्यन्वयनबाट थप उत्प्रेरणा र संस्थालाई संस्थागत मजवुट र दिशानिर्देश दिन सफल पनि भएको छ । संस्थालाई व्यवस्थित रुपले अगाडि बढ्न संस्थाको संगठनात्मक एवं संस्थागत विकास गर्न जरुरी छ । संस्थाहरुले संचालन गरिने कार्यक्रमहरुहरुलाई योजनावद्ध तथा प्रभावकारी कार्यन्वयनमा आवाधिक योजनाको ठूलो भूमिका हुने गर्दछन । यसै अनुरुप नै संस्थाले आ.व.२०६७/०६८ देखि ०७१/०७२ का लागि तेस्रो पञ्चवर्षीय आवाधिक कार्ययोजना निर्माण गरी कार्यन्वयनका लागि रणनीतिक दस्तावेज तयार गरिएको छ ।

**रणनितिक योजनाको उद्देश्यहरु**


- समय सापेक्ष सहभागीतमूलक योजना तर्जुमा र कार्यन्वयन गर्ने ।
- सरल र सहज ढंगले लक्षित समुदायका आवश्यकता र चाहना परिपूर्ति गर्ने ।
- संस्थागत रुपमा योजनाबद्ध कार्यसञ्चालन र चौतर्फी व्यवस्थापन गर्ने ।
- दिगो बिकास तथा समुचित विकासका लागि उचित स्रोतको पहिचान र पहुँच अभिबृद्धि तथा परिचालन गर्ने ।
- सरोकारवालाहरुको पहिचान र भुमिकामा स्पष्ट हुन र उचित समन्वय सम्बन्ध निर्माणमा सहज गर्ने ।
- सही समयमा सही योजना निर्माण र उचित वजेटको खोजी र व्यवस्थापन गर्ने ।

**रणनीतिक योजना निर्माण प्रकृया**

रणनीतिक योजनाको निर्माण गर्ने पहिलो र महत्वपूर्ण खुडकिला भनेको सामाजिक परिवेशको विश्लेषण नै हो । सामाजिक विश्लेषण गर्नको लागि संस्थाको कार्यक्षेत्रको भौगोलिक, सामाजिक, संस्कृतिक, राजनैतिक परिवेश कस्तो छ, त्यस परिवेशले लक्षित समुदायको जीवनयापन वा जीवकोपार्जनमा कस्तो प्रभाव पारेको छ, लक्षित समुदायको सवाल/समस्याहरू के के छन् भन्ने कुरा पत्ता लगाउन मद्दत पुग्दछ । लक्षित समुदायका सवालको आधारमा संस्थाले आफ्ना रणनीतिक लक्ष्यहरु (परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यहरू) किटान गर्नु पर्दछ । लक्ष्यहरू किटान गरि सकेपछि संस्थाको रणनीति बनाउनको लागि संस्थाको क्षमता विश्लेषण र सरोकारवालाहरूको अपेक्षा र सहभागिताको विश्लेषण गर्न आवश्यक छ । रणनीतिले संस्थालाई कस्तो किसिमको सेवा, कार्यक्रम वा काम गर्ने तरिका अपनाएमा

संस्थाको लक्ष्य प्रभावकारी रूपमा प्राप्त गर्न सकिन्छ भन्ने बाटो देखाउदछ। संस्थाको रणनीति तयार गरिसकेपछि लक्ष्यलाई ध्यानमा राखेर कार्यक्रमहरू, उद्देश्यहरू, गतिविधि र अपेक्षित नतिजाहरू किटान गर्न आवश्यक छ। यसबाट संस्थाको भावी कार्ययोजना निर्माण गर्न मद्दत पुग्दछ। संस्था विकासको कार्ययोजना बनाउनको लागि आवधिक योजनाको रणनीति र कार्यक्रमलाई ध्यानमा राखी संस्थाको वर्तमान संरचनाको मूल्याङ्कन गर्नु पर्दछ र संस्थाको नयाँ संरचना, पद्धती र प्रक्रियाहरू तय गरिनु पर्दछ। आवधिक योजना कार्यान्वयनबाट लक्षित समुदायमा कस्तो परिवर्तन आएको छ भन्ने कुरा पत्ता लगाउन संस्थाले अनुगमन तथा मूल्याङ्कनको योजना समेत बनाउनु आवश्यक हुन्छ। यिनै कुरालाई अनुशरण गर्दै यो आवद्यिक रणनीतिक योजना तर्जुमा गरिएको छ।

**रणनीतिक योजनाका प्रमुख पक्षहरू**




## संस्थाबाट सञ्चालित कार्यक्रम कार्यक्षेत्र तथा वस्तुगत विवरण

**सस्थाको सेवा क्षेत्र**

➢ पाल्पा तथा नवलपरासी जिल्ला भरि।

**संस्थाको कार्यक्षेत्रको** PESTLE **विश्लेषण**

**क) रानैतिक विश्लेषण**

- संगठनका आधारमा १ दर्जन राजनैतिक दलहरुको क्रियाशिलता।
- निर्वाचनको क्षेत्रको आधारमा नेकपा माओवादी, एकिकृत, एमाले काँग्रेस र तमलोपा जित।
- पहाडी भागमा नेकपा एमाले र ने.का.को प्रभाव बढि। माओवादी शिविरको वरपर ए.माओवादीको प्रभाव बढी र न.प.को दक्षिणी भागमा मधेशी जनधिकार. फोरमको प्रभाव बढि देखिएता पनि अन्ये पार्टीहरु जस्तै त.म.लो.पा., जनमोर्चा, जनमुक्ति, सदभावना क्रियाशिल।
- राजनैतिक संगठनिक हिंसावले फरक फरक नीति सिद्धान्त भए पनि सामाजिक विकासको लागी सवैको सकारात्मक सहयोगको प्रतिवद्धता।
- निर्वाचन क्षेत्रको आधारमा न.प. ६ र पाल्पा निर्वाचन क्षेत्रमा विभाजित।

**ख) आर्थिक विश्लेषण**

- प्रमुख रुपमा कृर्षि रोजगार व्यापार व्यवसाय पर्यटन र उद्योग धन्दा आदिलाई प्रमुख श्रोतको रुपमा लिएको पाईन्छ ।
- पर्यटनमा :- मौलाकाली त्रिवेणी, दाउन्ने, रानीघाट, तानसेन श्रीनगर, पाल्पा दरवार, प्रवास तथा सत्यवतीताल, भैरवथान तथा भगवती मन्दिर आदिको साथै विभिन्न लेक, खोलानाला र पिकनीक स्थल र हिमालय तथा अन्य सुर्योदय तथा सुर्यास्त अवलोकन स्थल ।
- उद्योगः- लुम्विनी चिनी मिल, भृकुटी कागज, दण्डा त्रिवेणी डिस्टलरी, चौधरी ग्रुपको उद्योगहरु, सिमेन्ट फ्याक्ट्रीहरु र ढाका तथा करुवा उद्योगहरु आदि ।
- लगभग ५० वटा बैंक तथा सहकारी बैंकको बढ्दो प्रभाव र पहुँचमा विस्तार ।
- हालका युवाहरु बढिमात्रमा बैदेशिक रोजगारका लागि पलायन भएको देखिन्छ । झण्डै ५०% गाउँवासीहरु सेवा तथा सुविधाहरुको खोजीमा शहर उन्मुख घरेलु तथा साना उद्योग र व्यवसायिक तालिम तर्फ उन्मुख ।

**ग) सामासिजक विश्लेषण**

- सामाजिक, धार्मिक जातिगत र मुल्य र मान्यतामा विविधता ।
- भौगोलिक आधारमा नै जातिय वसोवास रहेको छ । पहाडी भागमा मगर, गुरुङ, मधेशी तराईमा ब्रहमण क्षेत्री साथै भित्रि मधेस तिर थारुहरुको वसोबास ।
- धार्मिक आधारमा ९ वटा धर्महरु मानिएको भएतापनि ४ वटा हिन्दु, वौद्ध, इस्लाम र क्रिस्चियन प्रमुख रहेको ।
- शैक्षिक आधारमा हेर्दा औषत ६८% जनसंख्या साक्षर रहेको ।
- प्राय सवै गाउँमा विद्यालयहरु सहित जिल्लाको सदरमुकाम देखि केहि प्रमुख बजारहरुमा र ५ वटा स्नातकोक्तर तहसम्म पढाई हुने कलेजहरु रहेको ।
- जनघनत्व औषतमा २६२ प्रति वर्ग कि.मि रहेको र संस्थाको कार्यक्रमले लगभग १७७७३४ घरधुरीलाई समेटेको ।
- स्वास्थ्य सुविधाको लागि विभिन्न निजि क्लिनिक, हस्पिटल र मेडीकल कलेजको व्यवस्था उपलब्धता (UMH, LMG, PHC, HP, SHP,DHO)
- संस्कृतिक, धार्मिक, ऐतिहासिक रुपमा विभिन्न मुल्य मान्यता, मठमन्दिर, धामहरु रहेको ।
- कार्यक्षेत्रको जनसंख्याको सर्वाङ्गीण विकासको लागि GOs साथै अन्य INGOs क्रियाशिल । (UNDP, UNICEF, FHI, EU, SC)
- नयाँ प्रविधिको विकाससँगै पश्चिमा संस्कृतिको प्रभाव वढ्दो ।
- विभिन्न सुविधाको लागि पहाडी भेग देखि तराईको भेगमा वसाई सराईको क्रममा वृद्धि ।
- सामाजिक संगठनको लागी विभिन्न वालक्लव, यूवा क्लव, आमा समूह, गुठी, सहकारी, स्थानीय संरचनाको गठन र विकास ।

**घ) प्राविधिक विश्लेषण**

- प्राय सवै ठाउँमा टलीफोन तथा मोवाइल सेवा सुविधा पुगेको ।
- संचारको क्षेत्रमा ८ वटा एफ एम रेडियो स्टेशनहरु संचालित रहेको ।
- विभिन्न प्राविधिक शिक्षालयहरु संचालन हुने क्रममा तिव्रतासँगै डक्टर, ओभरसियर अध्ययनको सुविधा
- सौर्यउर्जा, लघुजलविद्युत तथा ग्रामिण विद्युतिकरण विस्तारमा चासो र तिव्रता ।
- ईमेल, इन्टरनेटहरुको प्रभाव शहर देखि ग्रामिण भेगसम्म चासोपूर्वक बढ्दो अवस्था ।

**ङ) कानुनी विश्लेषण**

- न्यायपालिका अन्तर्गत बाल ईजलास सहित जिल्ला अदालत क्रियाशिल ।
- सेलड तथा परालिगल जस्ता निकायहरुले ग्रामिण क्षेत्रमा कानुनी परामर्श तथा सेवामा भूमिका खेलेको
- समूदाय कानुनी हक अधिकार प्रति सचेत र सजगता तिर उन्मूख ।
- कानुनी हक अधिकारका लागि लक्षित समूदायहरु समूहगत एकतालाई महत्व दिन थालेको ।

# सरोकारवालाहरुबीचको सम्बन्ध, अपेक्षा, रणनीति

| क्र.सं. | सरोकारवालको नाम | हालको सम्बन्ध | सरोकारवालको अपेक्षा | संस्थामा प्रभाव (+/-) | सरोकारवालको अपेक्षा बढाउन अब के गर्ने ? |
|---|---|---|---|---|---|
| १ | Save the children International | धेरै राम्रो (आर्थिक/ भौतिक/क्षमता अभिबृद्धि तालिम) | " ISK ले पाल्पा तथा अन्य जिल्लामा बाल अधिकार प्रवर्धन गरोस् भन्ने अपेक्षा । | + | हाल भई राखेको कामको गुणस्तरमा बृद्धि |
| २ | TBSU | आर्थिक सहयोग तथा प्राविधिक सहयोग | स्थानिय स्तरमा स्थानीय स्रोतसाधनको परिचालन गरी झो.पु. निर्माण कार्यको सीप अभिबृद्धि गर्दै झो.पु. निर्माण कार्यमा आत्म निर्भर बनाउनु | + | हाल भई राखेको कार्यलाई दिगो निरन्तरता दिई सम्बन्धित निकायहरु बिचको समन्वयमा बढि जोड दिने । |
| ३ | DDC | समन्वय, आर्थिक सहयोग | ISK ले पाल्पा जि.वि.स. को कार्य आदेश बमोजिमको झो.पु. तथा सडक निर्माण कार्यमा सहयोग गरी समुदायको आयआर्जनमा बृद्धि गरी जिवन स्तर उकास्ने । | + | समन्वयमा बृद्धि गर्ने दोहोरो भुमिका निभाउनु पर्ने । |
| ४ | जि.प.से का पाल्पा | आर्थिक प्रविधिक सहयोग | स्थानिय स्तरमा भएको समस्याको समाधान स्थानीय स्तर बाट नै होस् भन्ने अपेक्षा | + | पशु सेवा कार्यालयलाई ISK तिर बढि ध्यान आर्कषण गराउने ।आर्थिक पदको साथै भौगोलिक पक्षमा पनि जोड दिने |
| ५ | Handicap International | आर्थिक तालिम सहयोग | थानीय समुदायलाई आर्थिक पक्षमा बृद्धि गरी जिवन स्तर उकास्ने अपाङ्गहरुले सहभागीतामा अबसर | + | आय आर्जनमा बृद्धि ल्याउनको लागी तालिम/ भ्रमण आदिमा जोड । |
| ६ | गा.वि.स. | सूचना समन्वय | लक्षित समुदायको घुम्तिकोषमा बचत | + | सहकार्यमा जोड । |
| ७ | जिल्ला जनस्वास्थ्य | सूचना समन्वय तालिम | सरसफाईमा जोड दिई स्वस्थ समाज निर्माण गर्न । | + | तालिम/गोष्ठी/भ्रमण चेतना/अवसर |
| ८ | जिल्ला स्वास्थ्य | सूचना समन्वय तालिम | सर्वसुलभ तथा गुणस्तरीय शिक्षा | + | अवसर प्रदान गर्ने |
| ९ | स्थानीय CBOs तथा NGOs | सहकार्य | - आर्थिक पक्ष मजबुत/ महिला सहभागीता<br>- बालअधिकारको संरक्षण, अवसर र सहभागिता | + | सम्पर्क |
| १० | स्थानीय संचार माध्महरु | सूचना आदान प्रदान | दुबै पक्षको प्रचार । | + | सम्पर्क |

नोट :- += राम्रो प्रभाव, - = नकारात्मक प्रभाव

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



संयोजक
यम बहादुर राउत

सचिव
थानेश्वर भण्डारी

# सोमादी गाउँ बाल संरक्षण तथा संवर्द्धन उप-समिति

**सोमादी, पाल्पा**

---

आठौं अधिवेशन तथा १६ औं बार्षिक साधारण सभाको यस पाण्डेय विविध सेवा, पुस्तक पसलले इन्द्रेणी समाज केन्द्रले प्रगति गर्दै जाओस् कुनै किसिमको अवरोधहरु सिर्जना नहोस् साथै बाल अधिकारको क्षेत्रमा सदैव प्रगति गरोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।



प्रो.श्याम प्रसाद पाण्डेय तथा भिमा पाण्डेय
सुनवल, नलवपरासी
मो.९८४७०८१६३१/९८४७०७९५६७
Email :- panday_sunwal@yahoo.com

साथै हामी स्टेशनरी सामान स्कूलदेखि क्याम्पससम्मका सम्पूर्ण पाठ्यपुस्तकहरु थोक तथा फुटकर रुपमा पाइन्छ । नेट फोन, फोटो कपी, फ्याक्स देशविदेशमा डकुमेन्ट पठाउने व्यवस्था साथै कम्प्यूटर कक्षाको कोर्षहरु पनि गराइन्छ ।

---

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



सभापति
होमबहादुर राना

सचिव
तिलबहादुर सारु

तथा

## नेपाली कांग्रेस झिरुबास गाउँ कार्य समिति

**झिरुबास, पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र भिरुवास, पाल्पाको आठौं अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।





प्रो.दुर्गा सोमै
फोन नं. ०७५-६९०७५३

बेलडांडा जनरल स्टोर्स

गल्धा-८, बेलडांडा, पाल्पा

हाम्रो सेवाहरु : सस्तो तथा सुलभ दर भाउमा किराना तथा थोक सामाग्री स्थानीय उत्पादन जन्य गेडा गुडी, अदुवा, घ्यू, मह आदि खरिद बिक्रि र टयाक्टर ढुवानी सेवाको लागि हामीलाई सम्झनुहोस् ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** भिरुवास, पाल्पाको **आठौं अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. ओमबहादुर मस्राङ्गी
९८४७१७०३०८

दुंगानाबेसी स्टेशनरी तथा मस्राङ्गी एग्रो भेट सेन्टर

गल्धा- ६, दुङ्गानाबेशी, पाल्पा
फोन: ०७५६९१४८९

हामी कहाँ स्टेशनरीका सम्पुर्ण सामानहरु, स्कूल क्याम्पसका गेस पेपर, पाठ्यपुस्तकहरु पाइनुका साथै कृषि सम्बन्धी उन्नत वीउविजन, पशुपंक्षीको औषधी, किटनाशक विषादी, रासायनिक मल पाइनुको साथै गोवर परिक्षण गरिन्छ र घरघरमा गई प्राविधिक सेवा दिने व्यवस्था छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** भिरुवास, पाल्पाको **आठौं अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



अध्यक्ष
शेरबहादुर सोती

प्रधानाध्यापक
पूर्णकुमार सोती

तथा

श्री नवदुर्गा प्राथमिक विद्यालय परिवार

भिरुबास- ५, भलुवा, पाल्पा

# संस्थागत विवरण

**परिचय**

इन्द्रेणी समाज केन्द्र समुदायमा आधारित सामाजिक विकास संस्था हो । यो संस्था वि.सं. २०५२ मा संस्था दर्ता ऐन २०३४ अनुसार नेपाल सरकारबाट मान्यता प्राप्त गरी वि.सं. २०५३ मा इन्द्रेणी समाज केन्द्रको नाममा रुपान्तरित भएको हो । यो संस्था स्थापना कालदेखि नै विकट क्षेत्र एवं विपन्न समुदायमा बसोबास गर्ने महिला युवा, बालबालिका, जनजाति, दलित र विपन्नको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनका लागि निरन्तर प्रयासरत छ । यस संस्थाले समुदायको आर्थिक, नैतिक, सामाजिक र भौतिक विकास र सुदृढीकरणमा उचित सहयोग पुऱ्याउँदै आएको छ ।

**परिकल्पनाः-** "न्यायोचित तथा समतामुलक समाज"

**ध्येय :-**

- लक्षित वर्गको अधिकार प्रवर्धनका लागि सामाजिक सचेतना र सशक्तिकरण गर्ने ।
- समुदायका आर्थिक तथा सामाजिक स्तरमा सुधार तथा सकारात्मक परिवर्तन गर्ने ।
- जनकेन्द्रित विकासको मूल्य मान्यतालाई स्थापीत गराउदै संस्थागत विकास गर्ने ।

**लक्ष्य :-**

- लक्षित समूहको  अधिकारको सचेतना, वकालत र कर्तव्यको बोध गराउने ।
- लक्षित समूहको आर्थिक रुपमा आत्मनिर्भरता गराउने
- विद्यमान सकारात्मक मूल्य मान्यतालाई कदर गर्दै आवश्यक संरक्षण र प्रर्वधन गर्ने ।
- सबैको समान सहभागिताको अवसर सृजना र संस्थागत विकासमा जोड दिने ।

**संस्थाको उद्देश्यः-**

- स्थानीय जनसमुदायलाई एकिकृत गर्दै विकासको मुलप्रवाहमा अघि बढ्न उत्प्रेरित गर्ने गराउने ।
- स्थानीय सिमित स्रोत साधनलाई परिचालन गर्दै पिछडिएको वर्गहरुको जीवनस्तर सुधार गर्न आवश्यक सामाजिक, आर्थिक र सांस्कृतिक कार्यक्रम संचालन गर्ने ।
- समुदायका लक्षित वर्गहरुको निमित्त आफ्नो समस्या र आवश्यता समाधान गर्न आफैमा सशक्तिकरण गरि समस्या समाधानको अभ्यास समुदाय तहबाटै गर्न गराउन उत्प्रेरित गर्ने ।
- महिला, बालबालिका, युवा, दलित, जनजाति, अपाङ्गता र विपन्नलाई प्राथमिकता दिई तिनीहरुको जीवनयापनमा सकारात्मक परिवर्तनका लागि आधारभूत अधिकार प्रर्वधन र आर्थिक, सामाजिक र संस्थागत बिकास गर्ने ।
- संस्थाले ब्यक्तिगत नाफा नवाँडने र कुनै पनि राजनैतिक पक्षमा सहभागीता नजनाएता पनि नेपाल सरकारको नीति नियम र परिधि भित्र रहि नेपालको सहकारी ऐन अनुसार सहकारीताको विकासमा जोड दिँदै सदस्यहरुलाई सहकारीताको भावना प्रति उत्प्रेरित गर्ने ।
- स्थानीय तहमा कार्यक्रम कार्यन्वयन गर्ने क्रममा नेपाल सरकारको स्वयत्तशासन ऐन र नियमावलीको परिधि भित्र रहि सम्बन्धित निकायसंग परामर्श र सम्झौतामा कार्यक्रम गर्ने ।
- स्थानीय जनसमुदायलाई वातावरणीय पर्यावरणको महत्व र संरक्षण कार्यमा सहभागी गराई कार्यन्वयन पक्षमा प्राथमिकताको साथ सहभागीता गर्न प्रयत्न गर्ने

**लक्षित समुदाय**

- बालबालिका/युवा, महिला, जेष्ठनागरीक, अपाङ्गता, जनजाति, दलित र विपन्न समुदाय ।

**संस्थाको मूल्य/मान्यता/निर्देशक सिद्धान्तहरु**

- आत्मनिर्भरता र विकासका लागि लक्षित समुदायको अग्रसरता र अर्थपुर्ण सहभागिता ।
- स्थानीय श्रोतसाधनको सही परिचालन र समुचित प्रयोग सहित जनकेन्द्रित विकासमा जोड ।
- सकारात्मक सस्कृतिको संरक्षण, संवद्धर्न सहित आत्मनिर्णयको अधिकार प्रति वफादार ।
- अनुभवबाट सिकाई सिकाईबाट परिवर्तनको मान्यतामा कार्यसञ्चालन ।
- तटस्थता, पादर्शीता, जवाफदेहीता र उत्तरदायित्वको संस्कार प्रति पुर्ण प्रतिवद्ध ।
- अधिकार बारे सचेतना, सशक्तिरण, वकालत र कर्तव्य बोधको उचित समायोजनमा जोड ।
- अग्रसरता, साझेदारीता र बहु समन्वयको कार्यपद्दतिमा कार्य सञ्चालन ।

# इन्द्रेणी समाज केन्द्रको संक्षिप्त विवरण

**अ) संस्थागत बिवरण**

संस्थाको नामः- इन्द्रेणी समाज केन्द्र
मुख्य कार्यालयः- झिरुबास ८ खादर पाल्पा
फोनः ०७१६९४४६७
सम्पर्क कार्यालयः- ता.न.पा. ४ बिशालबजार, पाल्पा, फोनः ०७५- ५२००९१
ईमेलः- iskpalpa@yahoo.com
फिल्ड कार्यालय :- रामग्राम न.पा. १ रामग्राम नवलपरासी
फोनः-०७५६९१४४२
ईमेलः- isksunwal@yahoo.com

**आ) संस्था दर्ता/आबद्धता**

क) पाल्पा जिल्ला प्रशासन कार्यालयको दर्ता नं. १३४/२०५२
ख) बालक्लव कन्सोर्टियम नेपालमा आवद्धता
ग) समाज कल्याण परिषदको आवद्धता नं. १३३०७/२०५८
घ) गै.स.स.महासंघ पाल्पा शाखामा आवद्धता न.WGD ३६/०५६
ङ) राजश्व कार्यालय भैरहवा पान नं. ३०१२६४०८२/०५९ तथा कर छुट प्रमाणपत्र २०५९
च) सि.वि.आ.राष्ट्रिय नेटवर्क ०००/०६७
छ) एच.आई.भी.र एड्स विरुद्धको राष्ट्रिय अभियान ०००/०६७
ज) लैङ्गिक तथा बालअधिकार मूलप्रवाहीकरणका लागि महिला तथा बालबालिका कार्यालय पाल्पामा सूचिकृत

**इ. सदस्यता**

| सदस्यताको प्रकार | महिला | पुरुष | दलित | जनजाति | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| कार्यकारिणी सदस्य | ३ | ८ | २ | ८ | १ | ११ |
| साधारण सदस्य | १५७ | ४१७ | ६४ | ४५५ | ५५ | ५७४ |

**ई) संस्थाका संचालित कार्यक्रमहरु :**

- वालबालिका/युवाका लागि शिक्षा, शान्ति र बिकासका लागि वालबालिका/युवा कार्यक्रम
- महिला पेवा विकासका लागि आयआर्जन सहयोग तथा संस्थागत बिकास कार्यक्रम ।
- झो.पु. निर्माणमा प्राबिधिक सहयोग तथा सामाजिक परिचालन कार्यक्रम ।
- सुधारीएको चुलो निर्माणमा सामाजिक परिचालन सहयोग कार्यक्रम ।
- स्थानीय सांस्कृति रितीरीवाज संरक्षण तथा प्रवर्द्धन कार्यक्रम ।
- अपाङ्गता समाहिताका लागि सामाजिक परिवर्तन र सशक्तिकरण कार्यक्रम ।
- सशस्त्र फौज तथा समूहमा संलग्न बालबलिकाका पुर्नरएकिकरण कार्यक्रम ।
- एच.आई.भी. र एड्स रोकथाम कार्यक्रम ।

**उ) संस्थाको कार्य क्षेत्रः-** पाल्पा तथा नवलपरासी जिल्ला

**ऊ) कार्यरत कर्मचारी संख्याः-** २१ जना

**इन्द्रेणीको कार्य शैली विवरण वा आधारभूत आचारसहिता**

इन्द्रेणी समाज केन्द्र समुदाय स्तरमा प्रस्तुत हुंदा र संस्थागत कार्य संचालन गर्ने/गराउने क्रममा निम्न मार्ग दर्शनलाई पालना गर्न प्रतिबद्धता जाहेर गर्दछौं ।

१. हामी समुदाय स्तरमा दिगो विकास, जनसहभागिता, मानव अधिकार, सामाजिक मूल्यमान्यता प्रति पूर्ण प्रतिवद्ध रही हाम्रा कृयाकलापहरू तथा गतिविधिहरू संचालन गर्नेछौं ।
२. हाम्रा कार्यक्रमहरू साना किसान, भूमिहिन, उत्पीडित, महिला, बालबालिका गरीब तथा विपन्न र दलित समुदाय केन्द्रित गर्न प्रयत्नशील रहनेछन् ।
३. हामी हाम्रा कार्यक्रमहरू संचालन गर्ने क्रममा समुदायको माग र तत्परतामा आधारित रहि स्थानीय श्रोत र साधानको सही पहिचान र परिचालन सहित दिगो र संस्थागत विकासमा टेवा पुऱ्याउने मुल्यमान्यताका साथ समन्वयत्मक र साझेदारी पद्दतिमा कार्य गर्न जोड दिनेछौं ।
४. हामी लक्षित समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तनका लागि सामाजिक सचेतना र सशक्तिकरण

सहितको अधिकार प्रर्वद्धन, आर्थिक रुपले सवल र लक्षित समुदाय कै सहभागीतामा दिगो संस्थागत विकास प्रति विश्वास राख्दछौ ।

५. हामीले संचालन गरेका कार्यक्रम तथा गतिविधिहरू सामाजिक लेखा परिक्षण तथा सार्वजनिक लेखा परिक्षणको माध्यमबाट सम्बन्धित सरोकारवाला एंव लक्षित वर्ग सबै समक्ष पारदर्शी गराउन कटीवद्ध रहनेछौ ।

६. हामी हाम्रो कार्यक्रमसंग सम्बन्धित कर्मचारी, स्वयंसेवक, सदस्य र पदाधिकारीहरू उपर र तिनीहरुबाट समुदायका लक्षित वर्ग माथि हुने हिंसा, अपहरण, हैरानी, त्रास र अन्य कुनै किसिमको अमानवीय व्यवहार प्रति पुर्ण सचेत र सतर्क छौं भने त्यस्ता व्यवहार नगर्न र नगराउन सम्बन्धित सबै पक्षसंग अपिल गर्दछौ ।

७. हाम्रा सम्पूर्ण प्रयास तथा क्रियाकलापहरू लक्षित समुदायको जिवनस्तरमा सकारात्मक सुधार ल्याउनमा समर्पित रहेकाले हाम्रा गतिविधि र कार्यक्रमलाई कुनै पनि राजनैतिक पक्ष वा पार्टीको स्वार्थ पुरा हुने गरि कार्य संचालन गर्ने छैनौं ।

८. हामी दातृ संस्था सहयोगी निकायहरूबाट प्राप्त सहयोग र सेवा होसियारी पूर्वक गह्रण गर्दै लक्षित समुदायमा पुऱ्याउने कुरामा जोड दिनेछौं ।

९. हामी जात, धर्म, वर्ग, लिङ्ग र राजनैतिक आस्थाका आधारमा भेदभाव नगरी आफना गतिविधिहरू तटस्थता, मानवीयता र निष्पक्षताका आधारमा संचालन गर्नेछौ ।

१०. हामी कुनै पनि राजनैतिक, नातावाद, कृपावाद र अन्य कुनै स्वार्थका आधारमा नभई स्थानीय परिवेश र कामका लागि आवश्यक योग्य एवं काम सुहाउदो कर्मचारी मात्र भर्ना गर्दछौ ।

११. इन्द्रेणी समाज केन्द्र सम्बन्धित सबै पक्षहरुको उचित सल्लाह, सुझाव र पृष्ठपोषणको सदा स्वागत गर्न तत्परता जाहेर गर्दै कामको गराईबाट अनुभव, अनुभवबाट सिकाई र सिकाईबाट परिवर्तनलाई आत्मसाथ गर्दै तदनुरुपको सहयोगको अपेक्षा राख्दछौं ।

१२. यसका अतिरीक्त नेपालको विद्यमान ऐन कानुनको परिधी भित्र विकास भएका नीति नियम तथा कार्यसंचालन निर्देशिकाहरुलाई मार्गनिर्देशनको रुपमा अवलम्वन गर्दै उचित कार्यन्वयनमा सहयोग गर्न प्रतिवद्ध रहनेछौं ।

## ऐतिहासिक पृष्ठभूमि तथा समय रेखा

- २०५२ जनकल्याण युवाक्लव संस्था स्थापना र दर्ता (जि.प्र.का.) मिनि बाल मेला/देउराली पत्रिकासाग ग्राहक बनेको,  बाास निगालो सामाग्री उत्पादन तालिम/रेडबार्नासँग समन्वय र जिल्ला प्रशासन कार्यालय मा दर्ता ।
- २०५३ जनकल्याणबाट इन्द्रेणी समाज केन्द्रमा नाम परिवर्तन/विधान संसोधन, लिस्पसँग प्रारम्भिक समन्वय ।
- २०५४ लिस्पसँग विधिवत सम्झौता, कार्यप्रारम्भ, ISK को आफ्नै तथा केहि उपसमूहहरुको अफिस स्थापना र संञ्चालन, धेरै मात्रामा संस्कृतिक तथा अन्य कार्यक्रमहरु संञ्चालन ।
- २०५५ संस्थामा पहिलो कर्मचारी भर्ना (१ जना), संस्थामा आवश्यक नीतिनियमको तर्जुमा ।
- २०५६ BBLL, जि.वि.स.सँग सम्बन्धी विकास र सम्झौता (झोलुङ्गे पुल निर्माण), N.G.O. Network, NGO Fed मा आवद्धता नियमित सदस्य श्रमशिविर सञ्चालन ।
- २०५७ SC-N सँग सम्झौता प्रारम्भ, एक्कासी ठूलो सख्यामा कर्मचारी भर्ना ।
- २०५८ आर्थिक र प्रशासनिक नियमावली निर्माण/लागु,समाजकल्याण परिषदमा आवद्धता ।
- २०५९ PAN नं. प्राप्त, कर्मचारी हेरफेर ।
- २०६० हरित सडकमा सामाजिक परिचालन, HIV AIDS र CAHD कार्यक्रमको मुप्रवाहीकरण प्रारम्भ
- २०६१ मा संस्थागत पहिलो आवधिक कार्ययोजना बनेको, समग्रमा कार्यक्रमको मुल्याङ्कन भएको र यसै वर्ष देखि Opperational Mannual को


आधारमा कार्य गरेको ।

- २०६२ साल ISK को बैधानिकतामा JMC Cluster कार्य गर्न थालनी ।
- २०६३ CBR सँगको सहकार्य थालनी
- २०६३ द्वन्द्वको चरम रुपमा प्रभावित हुन पुगेको
- २०६३ देखि सवैका लागि शिक्षा कार्यक्रम अर्न्तगत विद्यालय भौतिक पुर्वाधार बिकास कार्यक्रम सञ्चालन ।
- २०६४ मा पाल्पा र नवलपरासीमा कार्यक्षेत्र विस्तार गरि कार्य गराएको । साथै कफाग पुर्नएकिकरण कार्यक्रम र पाल्पामा ESCI कार्यक्रम कार्यन्वयन गरेको ।
- ०६५ देखि सुधारीएको चुलो निर्माणमा सामाजिक परिचालन तथा प्राविधिक सहयोग ।
- ०६६ देखि नवलपरासी जिल्लामा एच.आई.भी.र एड्स रोकथाम कार्यक्रम सञ्चालन ।
- ०६६ मा जे.एम.सी कर्मचारी हटाई अलगअलग संस्था व्यवस्थापनमा कार्य सञ्चालन र कार्यक्रम विषयगत साझेदारी ।
- ०६७ मा कफाग र एच.आई.भी.र एड्स कार्यक्रम अलग अलग व्यवस्था र ७ जना कर्मचारी संख्या भर्ना ।
- ०६७ मा EFA अर्न्तगत विद्यालय भौतिक पूर्वाधार सहयोग कार्यक्रम तथा ESCI परियोजना फेजआउट ।

**सस्थाको भौतिक पुर्वाधार बिकास (भवनकोठा, शौचालय)**

- पाल्पाका झिरुबास स्थित केन्द्रिय कार्यालय अर्न्तगत तालिमहल सहितको ४ कोठे अफिस भवन पाहुना कोठा तथा क्यन्टिनको व्यवस्था ।
- तालिम हल सहित तानसेन सम्पर्क कार्यालय तथा दैनिक कार्य सञ्चालन व्यवस्था ।
- नवलपरासी रामग्राममा फिल्ड अफिसको व्यवस्था ।
- संस्थाको दैनिक कार्य सञ्चालनका लागि आवश्यक फोन, फोटोकपी, कम्प्युटर, मल्टिमिडीया आवश्यक फर्निचर आदिको व्यवस्था आदि ।
- अन्य

**मानवीय सोत व्यवस्थापन (सस्थागत प्रशासनिक संरचना)**




**भौतिक विकासको प्रक्रिया वा प्रबृति**

- २०५६ साल देखि जि.बि.स.तथा स्थानीय पुल कार्यक्रम हेल्भेटासको साझेदारीमा पाल्पा जिल्लामा झो.पु.निर्माण कार्य थालनी ।
- २०५७ देखि सेभ द चिल्ड्रेन नर्वेको साझेदारीमा विद्यालय भवन तथा चर्पी लगायत कक्षा कोठा व्यवस्थापन र फर्निचर निर्माण र सहयोगमा कार्य संचालन ।
- २०६३ देखि पाल्पा जिल्ला भरि सवैका लागि शिक्षा सहयोग कार्यक्रम अर्न्तगत विद्यालयय पुर्वाधार सहयोगमा ब्लक भवन, चर्पी, निर्माण, फर्निचर सहयोग खानेपानी सहयोग, विद्यालय भवन मर्मत आदिमा वृहत सहयोग ।
- २०६१ देखि जि.वि.स.तथा लिस्पको साझेदारीमा पुर्विपाल्पाको २८ कि.मी.हरितसडकको अवधारणामा ग्रामीण शाखा सडक निर्माणमा सामाजिक परिचालन
- स्थानीय संस्था र सरकारी निकायहरुसंगको समन्वयमा सुधारीएको चुलो निर्माण कार्यमा समाजिक परिचालन तथा प्राविधिक सहयोग आदि

## संस्थागत अवस्था बिश्लेषण

**संस्थागत सवल पक्षहरु :**

१. संस्थागत सदस्य संरचना तथा स्थानीय सदस्य हुनु ।
२. संस्थातग आधारभूत नीति तथा भौतिक व्यवस्थापन ।
३. सहमति र विश्वासको प्रचलन वा संस्कारको विकास ।
४. समय सापेक्ष कार्यक्रम कार्यान्वयन र साझेदारी ।
५. लेखा परिक्षण,साधारण सभा अधिवेशन र नविकरण आदिमा नियमितता ।

**संस्थागत कमजोर पक्षहरु :**

१. सचेत र प्रतिवद्ध सदस्यहरुको अभाव ।
२. विषयतग दक्ष (सदस्य तथा कर्मचारी)व्यक्ति/जनशक्तिको कमी ।
३. दिगो र आफ्नै श्रोत साधनको अभाव तथा परिचालनमा कमी ।
४. दोश्रो पुस्ता नेतृत्व हस्तान्त्ररण तयारी योजना निर्माणमा ध्यान जान कमी ।
५. अनुगमन,मूल्याङ्कन नियमितता नहुनु ।
६. अभिलेखन तथा प्रचार प्रसारमा कमी ।

**संस्थागत अवसरहरु :**

१. समुदायको संस्था प्रति बढ्दो विश्वासनियता ।
२. संस्थाले लिएको नीति तथा कार्यक्रममा राज्यले लिएको नीतिसंग मेल खानु ।
३. स्वायत्तरुपमा कार्य सञ्चालन गर्न पाउनु ।
४. कार्य गर्ने क्षेत्र आधारहरु प्रशस्त हुनु ।

**संस्थागत चुनौतीहरु :**

१. राज्य/सरकारको बदलिदो नीति र परिस्थिति ।
२. दातृ निकायको साझेदारी र फेजआउट हुने नीति ।
३. समुदायको बढ्दो महत्वकांक्षी ।
४. राजनीतिक बिल्लाको आरोप ।
५. संस्थागत बुढयौलीपना ।
६. अस्वच्छ प्रतिस्पर्धा ।


**सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**



**पश्चिमाञ्चल डेभलपमेण्ट बैंक लिमिटेड**

**शाखा कार्यालय, तानसेन पाल्पा**

**फोन : ०७५-५२२४००, फ्याक्स: ०७५-५२२४०१**



# रणनीतिक योजनाको क्षेत्र, लक्ष्य, उद्धेश्यहरू, क्रियाकलाप, सुचकहरू, रणनितिहरू, बार्षिक कार्ययोजना

**कार्यक्रम १.** संस्थागत आन्तरिक बिकास र दिगोपना कार्यक्रम ।

**लक्ष्य :**

- स्रोत साधानले सम्पन्न तथा समय सापेक्ष प्रष्ट नीतिनियमले अद्यावधिक बनाउने ।

**उद्देश्य :**

- कार्यसमिति तथा कर्मचारी तहबाट कम्तिमा १० जना (व्यवसायिक) दक्ष व्यक्ति तयार गर्ने ।
- कम्तिमा ३५ जनाको लागि आवश्यक उपकरण सहित आवसीय तालिमहल तथा कार्यालय व्यवस्थापन गर्ने ।
- हालको सदस्य सहित कम्तिमा जम्मा ७०० जना सदस्यता विस्तार भई क्षमताको आधारमा विविधीकरण समावेशी गर्ने ।
- रणनैतिक योजना अवधीमा कम्तिमा हालको बाहेक ५ वटा दातृ निकायको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।
- समय सापेक्ष नीति नियमको सशोधन भई सुशासन कायम गर्ने ।
- समन्वय, अभिलेखीकरण र वजारीकरणलाई प्रभावकारी गर्ने ।

| क्र. सं. | क्रियाकलाप | सुचक वा उपलब्धी | रणनीति |
|---|---|---|---|
| १ | संस्थागत आन्तरिक श्रोत संकलन र व्यवस्थापन | ♦ कम्तीमा ४० जनाका लागि सुबिधा सम्पन्न आवसीय तालिम केन्द्रको व्यवस्था हुनेछ<br>♦ कम्तीमा संस्थाको आन्तरिक कोषमा बार्षिक ५ लाख रुपयाँ जम्मा हुनेछ | ♦ संस्थामा भएका भौतिक सामग्रीहरु जस्तै हल, मल्टिमिडिया, फोटोकपी, क्यामरा आदी संस्थाको नियमानुसार भाडामा उपलब्ध गराउने ।<br>♦ संस्थाले सेवामुलक Business अवधारणलाई अगाडि सार्दै कार्यन्वयन गर्नेछ ।<br>♦ संस्थामा उपलब्ध जनशक्तिहरुलाई परामर्शदाताको रुपमा प्रयोग तथा परिचालन गर्ने ।<br>♦ संस्थामा उपलब्ध हल तथा भवनलाई आवसीय तालिम केन्द्रको रुपमा विकास गर्दै परिचालन गर्ने । |
| २ | ♦ प्रस्तावना लेखन तालिम<br>♦ अनुगमन तथा मुल्यांकन तालिम प्रशिक्षक प्रशिक्षण तालिम<br>♦ सुशासन र बिकास तालिम<br>♦ संस्थागत बिकास तालिम दृष्टिकोण र व्यवहार तालिम | ♦ संस्थाको कर्मचारी र का.स.का सदस्यहरुको तहमा कम्तिमा १० जना क्षेत्रगत तालिम सहजकर्ता वा परामर्शकर्ताको रुपमा विकास भई परिचालित भएको हुनेछन् । | ♦ कार्यसमिती र कर्मचारीको तहगत अवस्था मुल्यांकन गरी तालिमको व्यावस्था गर्ने ।<br>♦ तालिमको लागि स्रोतहरुको खोजी र सहकार्यको अवधारणालाई अगाडि बढाउने ।<br>♦ समय सापेक्ष का.स.सदस्य र कर्मचारीको कार्य सम्पादन मुल्यांकन गरी पुरस्कृत गर्ने व्यवस्था गर्ने ।<br>♦ दक्ष र सफल कर्मचारी भर्ना र क्रियशील सदस्यहरुको विस्तार र व्यवस्थापनमा जोड दिने |

| क्र. सं. | क्रियाकलाप | सुचक वा उपलब्धी | रणनीति |
|---|---|---|---|
| ३ | ♦ संस्थागत सदस्यता क्षेत्र बिस्तार । | ♦ हाल भएको साधारण सदस्यको संख्या ५७४ बाट बढेर १००० जना हुनेछ । | ♦ विधानमा तोकिए अनुसारको नेपाल अधिराज्य भरी वा अन्य देशहरुमा नागरिकको लागि सदस्यताको लागि खुल्ला गर्ने ।<br>♦ संस्थागत प्रचारप्रसार संयन्त्र/प्रणालीको पुनरावलोकन र विकास गर्ने |
| ४ | ♦ नियमित प्रकाशन | ♦ बार्षिक रुपमा मुखपत्र, कार्यक्रमगत बुलेटीन ब्रोसर आदि प्रकाशन गरिने छ | ♦ नियमित संस्थागत चिनारी अद्यावधिक र प्रकाशन गर्ने ।<br>♦ कार्यक्रमगत बुलेटीन र ब्रोसर आदि प्रकाशनलाई जोड दिदै नियमित गर्दै जाने । |
| ५ | ♦ नियमित रणनैतिक कार्ययोजना निर्माण तथा समिक्षा र कार्यक्रम तथा संस्थागत अवस्था बिश्लेषण | ♦ बिभिन्न बिश्लेषणले संस्थागत र कार्यक्रमगत कार्यदिशा मार्गनिर्देशबाट मात्र संस्था संचालित भएको हुनेछ । | ♦ रणनैतिक कार्ययोजनाको बार्षिक समिक्षा गर्ने । संस्थागत अवस्था बिश्लेषण कम्तिमा पनि बार्षिक रुपमा गरिने छ ।<br>♦ परियोजना तहमा त्रैमासिक रुपमा र संस्थागत तहमा अर्धबार्षिक रुपमा कार्यक्रमको विश्लेषण गरिने छ । |

**कार्यक्रम २** : प्रारम्भिक बालबिकास केन्द्र प्रबर्द्धन तथा सहयोग कार्यक्रम

**लक्ष्यः**

- सन् २०१५ सम्ममा कार्यक्षेत्रका सवै बिद्यालय तथा समुदायमा बालकिास केन्द्र सञ्चालन सहयोग गर्ने ।
- बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाईको स्थिति सुधार सहित बालबिकास केन्द्रको कम्तिमा ७० प्रतिशत मापदण्ड पुरा गराउने ।
- ३ देखि ५ बर्ष उमेर पुगेका बालबालिकाहरुको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गरी प्राथमिक शिक्षाको लागि तयार गर्ने, ।

**उद्देश्यः**

- कम्तिमा २५० वटा बालबिकास केन्द्रका ५००० बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकास गर्ने ।
- कम्तिमा ५००० जना बालबालिकालाई प्राथमिक शिक्षा हासिलका लागि तयार गर्ने ।
- केन्द्रका बालबालिकाहरुको स्वास्थ्य, पोषण र सरसफाई स्थितिमा सुधार ल्याउने ।
- केन्द्रका २५० जना सहयोगी कार्यकर्ता तथा व्यवस्थापन समिति सदस्यहरुको क्षमता बिकास गर्ने ।
- २५० केन्द्रका लागि शैक्षिक तथा भौतिक निर्माणमा सहयोग गर्ने ।

## कार्यक्रमहरुः

| क्र. सं. | क्रियाकलाप | सुचक | रणनीति |
|---|---|---|---|
| १ | सहयोगी कार्यकर्ताहरुलाई बालबिकास केन्द्र सम्बन्धी तालिम | २५० जना स.का.हरु सक्रिय भएको हुनेछ । | ♦ सरोकारीत निकायहरुसंग समन्वय र साझेदारी गर्ने ।<br>♦ वित्तिय सहयोग तथा जनशक्तिका लागि दातृ निकायमा अनुरोध गर्ने । |

| क्र. सं. | क्रियाकलाप | सुचक | रणनीति |
|---|---|---|---|
| २ | केन्द्र व्यवस्थापनका लागि भौतिक निर्माण तथा शैक्षिक सहयोग | केन्द्रहरुले कम्तिमा ७० प्रतिशत मापदण्ड पुरा गरेको । | ♦ सरोकारीत निकायहरुसंग समन्वय र साझेदारीमा भौतिक तथा शैक्षिक सहयोग गर्ने ।<br>♦ स्थानीय स्तरमा शैक्षिक सामाग्री निर्माण र परिचालनलाई जोड दिने । |
| ३ | समुदाय तथा अभिभावकबीच अन्तरक्रिया | केन्द्रमा समुदाय तथा अभिभावकको सहभागीता बढेको | ♦ समुदायको सहभागीता र सहयोगलाई जोड दिने<br>♦ आन्तरीक अनुभव आदन प्रदान तथा नमुनागत बिकास तथा प्रदर्शनीलाई जोड दिने । |

**कार्यक्रम ३:** युवाका लागि शिक्षा तथा शान्ति र बिकासका लागि युवा

**लक्ष्य:**

- युवाहरुको चौतर्फी बिकास र अवसरको सृजना सहित शान्ति र सदभावका लागि सामाजिक कार्यमा कृयाशिल गर्ने

**उद्देश्य:**

- सन् २०१५ सम्ममा कार्यक्षेत्रका ५०० जना युवाहरुलाई गुणस्तरीय तथा उच्च शिक्षा हासिलका लागि पहुँच अभिवृद्धि गर्ने ।
- बर्षेनी २० जनाका दरले युवाहरुका लागि सीप विकास तथा व्यवसायिक तालिम सहित आयआर्जन सहयोग गर्ने ।
- कम्तिमा एक गा.वि.स.१ युवा सुचना केन्द्र संचालन गरी ५००० युवाहरुमा सुचनाको पहुँच अभिबृद्धि गरी एच.आई.भी. र एड्स तथा दुर्व्यसनी बारे सचेत गर्ने ।
- कम्तिमा २५० जना युवाहरुलाई जीवन उपयोगी सीपमा वृद्धि सहित सामाजिक सदभाव र शान्ति प्रवर्द्धनमा संस्थागत विकास सहित सहभागी गराउने ।

## कार्यक्रमहरु:

| क्र. सं. | क्रियाकलाप | सुचक | रणनीति |
|---|---|---|---|
| १ | युवा सुचना केन्द्र स्थापना र सञ्चालन | कम्तिमा एक गा. बि.स. एक केन्द्र सञ्चालन । | ♦ स्थानीय युवाक्लव तथा निकायहरुको साझेदारीमा कार्य सञ्चालन गर्न पहल हुनेछ ।<br>♦ सुचना केन्द्रको माध्यमबाट समुदाय तहमा सामाजिक सदभाव तथा बिकासका लागि कार्य सञ्चालन गर्न अग्रसर गर्ने छ । |
| २ | युवा अग्रसरता सहयोग | प्रति गा.बि.स. एक स्थानीय क्रियशील संस्थाहरुसंग साझेदारी | ♦ स्थानीय तहमा क्रियशिल संस्थासंग कार्यक्रमगत साझेदारी र समन्यवयमा कार्य सञ्चालन भएको हुनेछ ।<br>♦ स्थानीय तहमा धेरै युवाहरु सामुदायिक बिकासका कार्यमा संलग्न भई क्रियशील भएको हुनेछ । |
| ३ | उच्च शिक्षा सहयोग | उच्च शिक्षामा संलग्न युवाहरु | ♦ कार्यक्षेत्रका कम्तिमा पनि बार्षिक रुपले ३० जना उच्च शिक्षाको लागि अवसर प्राप्त भई अध्ययनलाई नियमितता दिन सक्षम हुनेछ |

| क्र. सं. | क्रियाकलाप | सुचक | रणनीति |
|---|---|---|---|
| ४ | अध्ययन अवलोकन भ्रमण | आन्तरीक तथा बाह्य अध्ययन भ्रमणमा बृद्धि | ♦ कम्तिमा ७ समुहले बार्षिक रुपमा आन्तरीक तथा बाह्य रुपमा अध्ययन अवलोकन भ्रमण गरि संस्थागत क्षमता विकासमा नयाँपन विकास गर्ने छ । |
| ५ | व्यवासायिक तालिम तथा आयआर्जन सहयोग | कार्यक्षेत्रका स्वरोजगार युवाहरु | ♦ कार्यक्षेत्रका युवाहरुको आवश्यकता र चाहना अनुरुप तालिम प्रदायक संस्थाहरुमा समन्वय र साझेदारीमा तालिम दिलाई आयआर्जनमा सरिक गराउनेछ । |
| ६ | जीवनोपयोगी शिक्षा बिकास तालिम | कार्यक्षेत्रका ८० प्रतिशत तालिम प्राप्त युवाहरु | ♦ कार्यक्षेत्रका ८० प्रतिशत युवाहरुलाई जीवनोपयोगी शिक्षाको माध्यमबाट सचेत गराई किशोरावस्थामा हुने समस्याको सहि पहिचान र समाधानको लागि सरिक हुन सक्नेछ । |
| ७ | बिद्यालय शैक्षिक सामाग्री सहयोग तथा शिक्षण तालिम | गुणस्तरीय शिक्षाका लागि विद्यालयको अग्रसरता बढनेछ । | ♦ कार्यक्षेत्रका सवै विद्यालयलाई बार्षिक रुपमा कुनै न कुनै आवश्यक भौतिकपुर्वाधार, शिक्षण सामाग्री, तालिमको उपलव्धता र सहयोग गरी गुणस्तरीय शिक्षाका लागि जि.शि.का. लगायत बिद्यालयसंग समन्वयत्मक सहकार्य गरिनेछ । |
| ८ | विद्यालय शान्ति क्षेत्र स्थापना | शान्ति क्षेत्र घोषित बिद्यालय संख्या | ♦ विद्यालयमा कार्यनिर्देशिकाको आधारमा आवश्यक पुर्वाधार तयार गर्दै जानेछ । आवश्यक मापदण्ड पुगे पछि विभिन्न अर्न्तरक्रिया सहित शान्ति क्षेत्र घोषणा गर्ने छ । |
| ९ | विद्यालय बालमञ्च संचालन र सहयोग | विद्यालयमा गठित बालमञ्चहरुको संख्या | ♦ कार्यक्षेत्र अर्न्तगतका कम्तिमा पनि कक्षा ५ देखि १२ कक्षासम्म सञ्चालित विद्यालयहरुमा विद्यालयसंगको सहकार्यमा बालमञ्च गठन र परिचालन गरिने छ । यसै मञ्चको बार्षिक कार्ययोजनालाई पुरा गर्न आवश्यक सहकार्य र समन्वय बढाउनेछ । |

**कार्यक्रम ४:** सामुदायिक भौतिक पूर्वाधार बिकास तथा पर्यावरणीय सचेतना एवं बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम

**लक्ष्य:**

- समुदायलाई भौतिक पुर्वाधार तथा पर्यावरणीय एवं बैकल्पिक उर्जाको महत्व बारे सचेतना गर्ने ।

**उद्देश्य:**

- ग्रामिण क्षेत्र तथा पुर्वाधार बिकास अर्न्तगत झो.पु.,ग्रामीणसडक तथा भवन निर्माणमा सामाजिक परिचालन र प्राविधिक सहयोग गर्ने ।

- कम्तिमा १० गा.बि.स.का २० समुदाय अर्न्तगत २००० जनालाई पर्यावरणीय तथा बैकल्पिक उर्जाको महत्व बारे सचेतना गर्ने ।
- बर्षेनी ५० घर गोवर ग्याँस जडान र चर्पी निर्माण गर्न बैकल्पिक उर्जा वा गोवर ग्यास कम्पनीसंग समन्वय र साझेदारीमा कार्य गर्ने ।
- ५० वटा सामुदायिक वन उपभोक्ता समितिहरुसंग समन्वयत्मक तथा साझेदारीमा कार्य सञ्चालन र क्षमता विकास गर्ने ।
- कवुलियती बनको अवधारणालाई विस्तार गर्दै २५० हेक्टर भु-भागमा आयमुलक अमृसो तथा पशु र घाँस खेतीलाई विस्तार गर्ने ।

**कार्यक्रमहरुः**

| क्र. सं. | क्रियाकलाप | सुचक | रणनीति |
|---|---|---|---|
| १ | झो.पु तथा भवन निर्माणमा प्राविधिक र सामाजिक परिचालन सहयोग । | पुल तथा झो.पु संख्या | ♦ जिल्ला तहमा निर्माण हुने झो.पु.,ग्रामीण सडक तथा भवन निर्माणमा आवश्यक प्राविधिक सहयोग तथा सामाजिक परिचालनका लागि आवश्यक सहकार्य र साझेदारीमा कार्य सञ्चालन गर्न क्रियशिल र अग्रसर रहने । |
| २ | पर्यावरणीय सचेतनामुलक गोष्ठी तथा तालिम | पर्यावरणीय संरक्षणमा समुदायको सहभागीता | ♦ सचेतनाका लागि गोष्ठी, तालिम,सडक नाटक, अध्ययन भ्रमण र अर्न्तक्रियात्मक र डकुमेन्ट्रीहरु आदिबाट सचेत र जागरुक गर्नेछ । |
| ३ | गोवर ग्यास जडान तथा चर्पी निर्माण | चर्पी तथा जडित गोवरग्याँसको संख्या | ♦ समुदायलाई वातारणीय सचेतना र भौतिक निर्माण चर्पी तथा ग्यास प्रयोजनको महत्व र फाइदा बारे जानकारी गर्दै समन्वयत्मक सहकार्यमा कार्य अघि सार्ने । |
| ४ | सौर्य विस्तार कार्यक्रम | सोलारको संख्या | ♦ सोलर कम्पनीसंग सहकार्यमा कार्य गर्न आवश्यक भुमिका खेल्ने । |
| ५ | कवुलियती तथा सामुदायिक वन प्रवर्द्धन र विस्तार | हस्तान्त्रित बनको समुह र संख्या | ♦ सामुदायिक बन उपभोक्तासंग तिनीहरुको क्षमता विकास तथा जिल्ला बन कार्यालयको सहकार्यमा स्थानीय सामाजिक परिचालन र एकिकृत कार्य गर्ने । |
| ९ | सुधारीएको चुलो जडान र सहयोग | जडान भएको चुलाहरुको संख्या | ♦ स्थानीय गा.बि.स.तथा गैर सरकारी संस्थाको सहकार्यमा कार्य गर्ने । सुधारिएको चुलो सम्बन्धी युवाहरुलाई आवश्यक दक्षता विकास गर्दै लैजाने |

**कार्यक्रम ५**. बालअधिकार संरक्षण तथा प्रवर्द्धन कार्यक्रम

**लक्ष्य** :

- बाल अधिकार प्रति सचेत समाजको निर्माण गर्ने ।

**उद्देश्य** :

- हाल भइरहेको बालबिबाहको अवस्थामा कम्तिमा १० प्रतिशतले न्युनिकरण गर्ने ।

- कम्तिमा ५०० बालबालिका तथा सरोकारीत निकायका पदाधिकारी एवं अभिभावकहरुलाई बालअधिकार बारे सचेतना गर्ने ।
- कम्तिमा १०० वटा बालसमुहहरु गठन र परिचालन गरी स्थानीय सरोकारीत निकायहरुमा बालसहभागीताको बृद्धि गर्ने ।
- कम्तिमा ३५० जना द्वन्द्धमा संलग्न, प्रभावित, असाहय र तथा विपन्न बालबालिकाको पुर्नस्थापन र पुर्नएकिकरण गर्ने ।

**कार्यक्रमहरुः**

| क्र. सं. | क्रियाकलाप | सुचक | रणनीति |
|---|---|---|---|
| १ | ♦ तथ्यांक संकलन | ♦ बालबिबाहको संख्या थाहा हुने छ ।<br>♦ कति बालबालिका श्रम शोषणमा परेका छन् पत्ता लाग्ने छ । | ♦ समुदाय तथा जिल्ला तहका सरोकारवालाहरुसंग समन्वय गरेर<br>♦ तथ्यांक संकलन गर्ने ।<br>♦ कार्यक्रमगत परिचयात्मक कार्यक्रम गर्ने । |
| २ | ♦ सचेतीकरण कार्यक्रम | ♦ कम्तिमा पनि प्रत्येक जिल्लातह र गा.बि.स.तह २००० जनालाई सचेत गराईने छ ।<br>♦ कार्यक्षेत्रमा कम्तिमा पनि बाल श्रम तथा बाल विवाह ७५ प्रतिशतले घटेको हुने छ | ♦ कार्यक्रमकको अयोजना गर्ने ।<br>♦ सरकारी निकायलाई पनि समन्वय र साझेदारीमा कार्य गर्ने |
| ३ | ♦ बाल संरक्षण र बाल क्लव गठन | ♦ ५ जिल्ला बाल संरक्षण समिति पुनर्गठन हुने छ<br>♦ ६० वटा गाँउ बाल संरक्षण समिति गठन हुने छ<br>♦ १५० वटा बालक्लब गठन भएको हुने छ ।<br>♦ १५० वटा बालक्लब जिल्ला बालकल्याण समि- तीमा सुचिकृत हुनेछ । | ♦ जिल्ला प्रशासन, जिल्ला विकास समिति, महिला विकास समिति,जि.बा.का. र जि.बा.स. सहकार्य गर्ने ।<br>♦ समुह कार्य जिम्मेवारी बारेमा अभिमूखिकरण गर्ने ।<br>♦ स्थानीय स्रोत साधनको खोजी गर्ने । गठित बाल क्लब जिल्ला बाल कल्याण समितीमा सुचिकृत गर्न सहयोग गर्ने । |
| ४ | ♦ समन्वय बैठक र समीक्षा | ♦ द्वैमासिक रुपमा समन्वय बैठक हुने छ ।<br>♦ त्रैमासिकरुपमा कार्यक्रमको समिक्षा हुने | ♦ अन्य सरकारी तथा गैससंग समन्वय गरेर कार्यक्रम गर्ने |

| क्र. सं. | क्रियाकलाप | सुचक | रणनीति |
|---|---|---|---|
| ५ | ♦ बालअधिकार, नेतृत्व बिकास, समुह व्यवस्थापन तालिम | ♦ संस्थाद्धारा गठित बालक्लबका सदस्यहरुले बालअधिकार, नेतृत्व बिकास र समुह व्यवस्थापन तालिम प्रदान गर्ने | ♦ बालअधिकार तालिम संचालन र व्यवस्थापन गर्ने<br>♦ नेतृत्व विकास तालिमको व्यवस्था गर्ने ।<br>♦ समुह व्यवस्थापन तालिम संचालनको व्यवस्था गर्ने । |
| ६ | ♦ बालबालिका, बालश्रमसंग सम्बन्धीत दिवसहरु मनाउने । | ♦ फरक फरक ठाँउमा र समयमा १० पटक बाल दिवस मनाइने छ ।<br>♦ फरक फरक ठाँउमा र समयमा १० पटक अन्तराष्ट्रिय बाल श्रम दिवस मनाइने छ । | ♦ जि.बा.क.स. संग समन्वय गरी कार्यक्रमको तय गर्ने<br>♦ गा.वा.स. समितिसंग समन्वय<br>♦ बालबालिकाको अग्रसरतामा कार्यक्रम संचालन गर्ने । |

**कार्यक्रम ६** : HIV र AIDS रोकथाम तथा सहयोग कार्यक्रम
**लक्ष्य**: एच.आई.भी.र एड्स प्रति सचेत र सहयोगी समाज निर्माण गर्ने ।

**उद्देश्य** :
- कार्यक्षेत्रका ५००० जना व्यक्तिहरुलाई एच.आई.भी. र एड्सको बारेमा सचेतना गर्ने ।
- कम्तिमा ५० जना संक्रमित व्यक्तिहलाई सीपमुलक तथा आयमुलक सहयोग प्रदान गर्ने ।
- ३००० एच.आई.भी. संक्रमणको जोखिममा रहेका बालबालिका, युवायुवती लगायत सबैले स्वेच्छिक परामर्श र परिक्षणको सुबिधा सहज र नियमित रुपमा पाउनेछन् ।
- संक्रमित मध्येका २०० जनाले CD4 Count, ART, PMTCT लगायतका सेवा पाउने छन् ।
- सक्रमितहरुको समुह तथा सञ्जालको संस्थागत क्षमता विकास गर्ने ।

| क्र. सं. | क्रियाकलाप | सुचक वा उपलब्धी | रणनीति |
|---|---|---|---|
| १ | ♦ फिल्ड सर्भे (तथ्यांक संकलन : घरधुरी, जनसंख्या, स्वास्थ्य सेवा प्रदायक संस्था) | ♦ जम्मा घरधुरीको साथै जनसंख्या आउने छ<br>♦ जम्मा स्वास्थ्य सेवा प्रदायक संस्थाको झलक आउने छ । | ♦ गा.बि.स. संग समन्वय गरेर तथ्यांक संकलन ।<br>♦ जि.बि.स. तथा जिल्ला निर्वाचन कार्यालयसँग तथ्यांक संकलन गरेर तथ्यांक भेरीफिकेसन । |
| २ | ♦ एच.आई.भी.को जोखिमताको बारेमा समुदाय तहमा सचेतना । | ♦ समुदायका ७५प्रतिशत मानिसमा एच.आई.भी.को जोखिमताको बारेमा ज्ञान हुनेछ | ♦ बालक्लब र युवाक्लव सचेतीकरण<br>♦ महिला समुह तथा विद्यालय सचेतीकरण कार्यक्रम<br>♦ Stigma Reduction Campaign<br>♦ सडक नाटक प्रर्दशन |

| क्र. सं. | क्रियाकलाप | सुचक वा उपलब्धी | रणनीति |
|---|---|---|---|
| ३ | ♦ समुदाय र जिल्ला तहका सरोकारवालाहरुसंग अन्तर्क्रिया | ♦ महिनामा कम्तिमा १ पटक गाँउ तथा समुदाय तहका सरोकारवालाहरुसंग अन्तर्क्रिया गरिनेछ | ♦ जिल्ला तथा समुदाय तहमा समन्यय<br>♦ जिल्ला तथा समुदाय तहमा अन्तर्क्रिया |
| ४ | ♦ भि.सी.टी सेवा संचालन | ♦ कम्तिमा २००० जनालाई भि.सी.टीमा प्रेषण गरिनेछ | ♦ जिल्ला जनस्वास्थ्य कार्यालय संगको समन्वयमा भि.सी.टी. केन्द्रको स्थापना । |
| ५ | ♦ CD4, ART, PMTCT सेवाको लागि प्रेषण | ♦ कम्तिमा २०० जनालाई CD4 count को लागि प्रेषण गरिनेछ<br>♦ कम्तिमा ७५ जनालाइ ART को लागि प्रेषण गरिनेछ<br>♦ कम्तिमा ४० जनालाई PMTCT को लागि प्रेषण गरिनेछ | ♦ CD4count सेवा भएका संस्थासँग समन्वय गरी सहयोग गर्ने ।<br>♦ ART सेवा भएका संस्थासँग समन्वय गर्ने ।<br>♦ PMTCT सेवा भएका संस्थासग समन्वय गर्ने |
| ६ | ♦ शैक्षिक सहयोग सहयोग | ♦ एच.आई.भी. संक्रमित ५० जनाले नियमित रुपमा मा.बि.तह सम्म शैक्षिक सहयोग प्राप्त गर्ने छन् । | ♦ एच.आई.भी. संक्रमित मा.बि. तह सम्मका बिद्यार्थीहरुको पहिचान ।<br>♦ बिद्यालयसंग समन्वय ।<br>♦ नियमित सहयोग |
| ७ | ♦ ब्यवसायिक सीप मुलक तालिम | ♦ एच.आई.भी. संक्रमित १०० जनाले ब्यावसायिक सीपमुलक तालिम प्राप्त गर्नेछन् । | ♦ एच.आई.भी. संक्रमितहरुको पहिचान<br>♦ उनीहरुको आवश्यकता र चाहनाको विश्लेषण<br>♦ व्यावसायिक तालिम केन्द्रहरुको समन्वय र सम्झौता<br>♦ व्यावसायिक तालिमको सहयोग |
| ८ | Post Training Support | ♦ १०० जना तालिम लिएका PLHA मध्ये ५० जनाले Post Training सहयोग पाउनेछन् । | ♦ तालिमको मुल्यांकन<br>♦ मुल्यांकन पछि सहयोग |

**कार्यक्रमको ७** : अपाङ्गता समाहिता र सशक्तिकरण कार्यक्रम

**लक्ष्यः**

- समुदायमा अपाङ्गतालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन गर्दै अपाङ्गताहरुको अधिकारको प्रवर्द्धन गर्ने ।

**उद्देश्यः**

- अपाङ्गतामा भएका ३०० जना नागरिकहरुलाई आफ्नो अधिकार खोज्न सक्षम गराउने ।
- अपाङ्गतामा भएका ५० जना नागरिकहरुलाई आर्थिक रुपमा आत्म निर्भर बनाउने ।
- समुदायको ६००० जनालाई अपाङ्गताको बारेमा सचेतना गर्ने ।
- १०० जना अपाङ्गतामा भएका व्यक्तिहरुलाई जीवनउपयोगी सिप प्रदान गर्ने ।
- समाहित शिक्षाको प्रवर्द्धन गर्दै ५०० जनालाई शिक्षाको अवसर प्रदान गर्ने ।

| क्र. सं. | क्रियाकलाप | सुचक/उपलब्धी | रणनीति |
|---|---|---|---|
| १ | अपाङ्गता सम्बन्धी अभिमुखिकरण (तालिम गोष्ठी) | ♦ कार्यक्षेत्रका १२०० जनाले अभिमुखीकरणको माध्यमबाट अपाङ्गता प्रति सचेतना पाउनेछन् । | ♦ स्थानीय स्तरमा स्रोत व्यक्तिहरुको उत्पादन र परिचलन ।<br>♦ सरोकारवालाहरुसँग समन्वयत्मक साझेदारीमा कार्य संचालन ।<br>♦ मिडिया परिचालनलाई जोड दिने । |
| २ | राज्यले व्यवस्था गरेको सेवा सुविधा तथा अधिकार बारेमा सरोकारवालाहरुसँग अर्न्तक्रिया | ♦ कार्यक्षेत्रका कम्तिमा २०० जना अपाङ्गतामा भएका व्यक्तिले सरकारी सुविधा प्राप्त गर्नेछन् ।<br>♦ सरोकारवालाहरुले सरकारको तर्फबाट उपलब्ध सेवा सुविधाहरु सहज उपलब्ध गराउन प्रतिबद्धता गर्नेछन | ♦ स्थानीय स्तरमा स्रोत व्यक्तिहरुको उत्पादन र परिचलन ।<br>♦ सरोकारवालाहरुसँग समन्वयत्मक साझेदारीमा कार्य संचालन ।<br>♦ मिडिया परिचालनलाई जोड दिने । |
| ३ | विभिन्न साहयक सामग्री तथा शैक्षिक छात्रवृत्ति वितरण | ♦ कम्तिमा १०० जना अपाङ्गता भएका व्यक्तिहरुले साहयक सामाग्री पाई सहज जीवन बिताईरहेका हुनेछन् ।<br>♦ कम्तिमा २०० जना अपाङ्गता भएका व्यक्तिहरुले शैक्षिक सहयोग प्राप्त गरी समाहित हुनेछन् । | ♦ अपाङ्गता व्यक्तिको पहिचान<br>♦ साहयक सामाग्रीको व्यवस्था<br>♦ सूचना<br>♦ सरोकारवालाहरुसँग समन्वय<br>♦ मिति, समय र स्थान निर्धारण |

| क्र. सं. | क्रियाकलाप | सुचक/उपलब्धी | रणनीति |
|---|---|---|---|
| ४ | व्यवसायिक सीप विकास तालिम तथा आयआर्जन सहयोग | ♦ ७० जनाले व्यवसायिक तालिम प्राप्त गरी ५० जनाले आयआर्जन गर्न थालेका हुनेछन् ।<br>♦ आयआर्जनमा संलग्न व्यक्तिहरुले बार्षिक रु.२०००० प्रतिव्यक्ति आम्दानी गर्नेछन् । | ♦ आर्थिक अवस्थाको सुधार गर्नु पर्ने अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गर्ने ।<br>♦ सूचना प्रदान गर्ने ।<br>♦ मिति, समय र स्थान निर्धारण<br>♦ अपाङ्गता व्यक्तिहरुसँग समन्वय |
| ५ | Information, Educational & Communication (IEC) सामाग्री उत्पादन तथा वितरण | ♦ समुदायका कम्तिमा ६००० जनाले अपाङ्गता बारे सचेतना पाएको हुनेछ । | ♦ आर्थिक अवस्थाको सुधार गर्नु पर्ने अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गर्ने ।<br>♦ सूचना प्रदान गर्ने ।<br>♦ मिति, समय र स्थान निर्धारण<br>♦ अपाङ्गता व्यक्तिहरुसँग समन्वय |

**कार्यक्रम ८**: महिला समाहिताका लागि सामाजिक परिर्वतन तथा सशक्तिकरण कार्यक्रम

**लक्ष्य**:

- महिलाहरुको सामाजिक तथा आर्थिक स्तरमा सकारात्मक सुधार गर्ने ।
- महिलाहरुको अधिकार प्रवर्द्धन सहित समावेशीकरण बृद्धि गर्ने ।

**उद्देश्य**:

- समूदायका ५०० जना महिलालाई समुहमा संगठित गर्ने ।
- ४०० जना महिलालाई महिला अधिकारबारे सचेत गर्ने ।
- समुहमा आवद्ध २०० जना महिलालाई आयआर्जन क्रियाकलापमा संलग्न गर्ने ,
- कम्तिमा १०० जना महिलालाई सामुदायिक बिकासको नेतृत्वमा ल्याउने ।
- अहिलेको महिला घरेलु तथा सामाजिक हिंसामा ५० प्रतिशतले न्युनिकरण गर्ने ।
- महिला साक्षरतामा हालको अवस्थाबाट २५ प्रतिशत बृद्धि गर्ने ।

| क्र. सं. | क्रियाकलाप | सुचक/उपलब्धी | रणनीति |
|---|---|---|---|
| १ | समुह गठन, समुह परिचालन र बिकास | ♦ समुदायमा २० वटा महिला समुह गठन भई नियमित सञ्चालन भएको हुनेछ । | ♦ सरोकारवालहरुको पहिचान, सरोकारवालाहरुसाग समन्वय<br>♦ सूचना तथा प्रचार प्रसार<br>♦ मिति, समय र स्थान निर्धारण |
| २ | वचत संचालन | ♦ २० वटा समुहमा आबद्ध भएका ४०० | ♦ सरोकारवालाहरुसँग समन्वय<br>♦ विपन्न वर्गको पहिचान |

| क्र. सं. | क्रियाकलाप | सुचक/उपलब्धी | रणनीति |
|---|---|---|---|
| | | महिलाहरुले बार्षिक न्यूनतम् रु २०० बचत गरेका हुनेछन् | ♦ बचत प्रक्रियाकोबारेमा समूदायलाई जानकारी गराइनेछ । |
| ३ | महिला अधिकार, घरेलु तथा सामाजिक हिंसा सम्बन्धि तालिम तथा अभिमुखिकरण | ♦ २० वटा महिला समुहका ४०० जना महिलाले आफनो अधिकार बारे बुझ्नेछन् । | ♦ अभ्यास तथा प्रशिक्षण<br>♦ मिति, समय र स्थान निर्धारण<br>♦ सूचना तथा प्रचार प्रसार |
| ४ | नेतृत्व बिकास तथा लैंगिक सचेतना तालिम | ♦ १०० जना महिलाहरु सामाजिक नेतृत्वमा आउनेछन् ।<br>♦ सरोकारीत निकायहरुमा महिलाहरुको कम्तिमा पनि ३३ प्रतिशत सहभागिता सुनिश्चत हुने छ । | ♦ सरोकारित निकायहरुमा वकालत |
| ५ | महिला शिक्षा सहयोग | ♦ बिभिन्न कारणले बिद्यालय पढ्न नपाएका महिलाहरु कम्तिमा १००० जनाले साक्षरतादेखि उच्च शिक्षा सम्मको अवसर लिने छन् ।<br>♦ शिक्षा पाएको महिलाहरुले अन्य शिक्षाबाट बञ्चित भएका महिलाहरुलाई शिक्षाका लागि उत्प्रेरित गर्ने छन् । | |
| ६ | आयआर्जन सहयोग | ♦ २०० जनाले आयआर्जन गर्न थाली संलग्न व्यक्तिहरुले बार्षिक रु.२०,००० प्रति व्यक्ति आम्दानी गर्नेछन् । | ♦ आर्थिक अवस्थाको सुधार गर्नु पर्ने अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गर्ने<br>♦ सूचना<br>♦ मिति, समय र स्थान निर्धारण<br>♦ अपाङ्गता व्यक्तिाहरुसँग समन्वय |

| क्र. सं. | क्रियाकलाप | सुचक/उपलब्धी | रणनिती |
|---|---|---|---|
| ७ | Information, Educational & Communication (IEC) सामाग्री उत्पादन तथा वितरण | ♦ समुदायका कम्तिमा १०००० जनाले महिला अधिकार, हिंसाका बारे सचेतना पाएको हुनेछ । | ♦ आर्थिक अवस्थाको सुधार गर्नु पर्ने अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गर्ने ।<br>♦ सूचना मिति, समय र स्थान निर्धारण<br>♦ अपाङ्गता व्यक्तिहरुसँग समन्वय |
| ८ | पेवा विकास कार्यक्रम | ♦ समुहमा आबद्ध भएका २०० महिलाको निर्णय क्षमतामा अभिबृद्धि हुनेछ । | ♦ सरोकारवालाहरुसँग समन्वय<br>♦ विपन्न वर्गको पहिचान |

**अनुगमन र मुल्याकन प्रणालीको बिकास**

संस्थाको आफ्नो गतिविधिहरुको समय सापेक्षिक रुपमा पृष्ठपोषण प्राप्त गर्न तथा संस्थाका कृयाकलापहरु सही ढङ्गले सम्पादन गराउन एक अनुगमन समितिको निर्माण कार्यसमितिले गर्नेछ । अनुगमन समितिमा निम्न पदाधिकारीहरु रहने व्यवस्था हुनेछ । तिनीहरुको कार्य जिम्मेवारी पनि तपशिल वमोजिम तोकिएको छ ।

| | |
|---|---|
| उपाध्यक्ष | संयोजक |
| सहसचिव | सदस्य |
| समिति वा संस्थाका सदस्यहरु वा कर्मचारी मध्येबाट ३ जना | सदस्य |

**अनुगमन समितिको कार्य**

अनुगमन समितिले निम्नबमोजिम कार्यहरु गर्नेछ :

१. संस्थाबाट संचालन भएका कार्यक्रमहरुले उपलब्ध गराउने सेवाहरु लक्षित वर्गसम्म पुऱ्याउने संयन्त्र, विधि र प्रकृयाहरुको अनुगमन ।
२. सेवाहरु लक्षित वर्गसम्म पुगेको/नपुगेको अनुगमन ।
३. सेवाहरु लक्षित वर्गसम्म नपुगेमा त्यसको छानविन ।
४. कार्यरत कर्मचारीहरुको कृयाकलाप र व्यवहारको अनुगमन ।
५. कार्यक्रमले निर्धारण गरेको कृयाकलापहरु समयमानै सम्पादन भए/नभएको अनुगमन ।
६. कार्यक्रमले स्विकृति पाए अनुसार बजेट प्रवाह तथा खर्चहरुको अनुगमन ।
७. प्रत्येक ३ महिनाको १ पटक अनुगमन गर्ने ।
८. अनुगमन प्रतिवेदन कार्य समितिमा पेश गर्ने ।

**अनुगमन गर्दा अनुगमन समितिले गर्नुपर्ने कार्यहरु**

अनुगमन समितिले अनुगमन कार्यको शिलशिलामा देहायबमोजिमको कार्यहरु गर्नुपर्नेछ :

१. बार्षिक योजना र तत्सम्बन्धी सामयिक योजनाहरुको पुनरावलोकन ।
२. प्रत्येक कृयाकलापहरुको अनुगमन सूचकको निर्माण ।

घ. खर्चको औचित्यताको सुचकको निर्माण ।
ङ. आर्थिक निर्देशिका तथा कर्मचारी निर्देशिकाको पुनरावलोकन ।
च. प्रचलित र प्रयोग भईरहेका अनुगमन सूचकहरुको अध्ययन, दातृनिकायसंगको सम्झौताहरुको पुनरावलोकन

**समुदायमा कार्यक्रम प्रवेश, बहिर्गमन** (Phase in and phase out strategy) दिगो बनाउने प्रकृया

संस्थाले पाल्पा जिल्ला लगायत अन्य जिल्लाहरुको विभिन्न ग्रामिण समुदायहरुमा गुणस्तरीय शिक्षा सहयोग कार्यक्रम, अपाङ्गता समाहिताका लागि सामाजिक परिवर्तन तथा सशक्तिकरण कार्यक्रम, सुधारीएको चुलो प्रवर्द्धन कार्यक्रम, कफाग बालबालिका पुनएकीकरण कार्यक्रम, झो.पु.सामाजिक परिचालन तथा प्राविधिक सहयोग कार्यक्रम, एच.आई. भी रोकथाम कार्यक्रम, बाख्रा पालन एवम् कृषि कार्यक्रम, खानेपानी तथा सरसफाई र साक्षरता कार्यक्रम आदि संचालन गर्दै आएको छ । विभिन्न समुदायहरुमा कार्यक्रम संचालन गर्न र अन्तमा उक्त कार्यक्रमहरुको दिगो रुपमा स्थापना गरी संस्था उक्त क्षेत्रबाट विस्थापित हुन निम्न प्रकृयाहरु अवलम्बन गर्नेछ ।

**कार्यक्षेत्रको छनौट**

संस्थाले विकास कार्यक्रम संचालन गर्न कार्यक्षेत्र निम्न कुरामा आधारित भई छनौट गर्नेछ ।

- युवा बालबालिका, महिला, दलित र अपाङ्गतामा भएका व्यक्तिहरुको अधिकारको अवस्था तथा पहुँचको विश्लेषण ।
- कृषि एवं पशुमा आधारित आय वृद्धिको संभाव्यता अध्ययन
- शिक्षा गुणस्तर र बिकासमा आधारीत
- युवा बालबालिका, महिला, दलित सहभागितात्मक समस्या विश्लेषण
- विपन्न तथा विकासको पहुंचबाट वहिस्कृत पिछडिएको समुदाय
- स्थानीय निकायले विकासको सुचाङ्कको आधारमा गरिएको पिछडा समुदाय

**आधारभूत सर्भेक्षण**

संस्थाले छनौटमा परेको कार्यक्षेत्रको आधारभूत सूचना (सामाजिक, शैक्षिक, आर्थिक, सांस्कृतिक ( विशिष्ठिकरण लिङ्ग, जनजाति, दलित) अनिवार्य रुपले संचालन गर्नेछ । यो आधारभूत सर्भेक्षणलाई कार्यक्रमको गति र प्रभाव विश्लेषण गर्ने मूल अंगको रुपमा लिइनेछ ।

**स्थानीय संगठन**

स्थानीय समुदायलाई सामाजिक चेतना जागरणको माध्यमबाट उत्प्रेरणा जगाई स्थानीय संगठन निर्माण गर्ने । सुरुको अवस्थामा यस प्रकारको संगठन अनौपचारिक रुपमा संचालन गरिनेछ । क्रमिक रुपमा यस संगठनलाई समुह वा सहकारी संस्थामा विकसित गरी लैजाने । यस संगठननै उक्त क्षेत्रमा संचालन हुने कार्यक्रमको निर्णयकर्ता तथा अनुगमनकर्ता हुनेछ ।

निश्चित उद्देश्य, सिमित आर्थिक बजेट र सिमित समयको लागि संचालन भएको कार्यक्रम उक्त अवधि पछि कुनै पनि संस्थाजस्तै आइएसके पनि कार्यक्रमबाट वहिर्गमन हुनु आवश्यक छ । कार्यक्रमबाट आइएसके बहिर्गमन भए पनि कार्यक्रमले पारेको सकारात्मक प्रभाव र प्रतिफल समयान्तर सम्म उक्त क्षेत्रमा रहनुपर्छ भन्ने मान्यता आइएसकेले राखेको छ । तसर्थ कार्यक्रमबाट वहिर्गमन तथा कार्यक्रमबाट निरन्तररुपमा दिर्घकाल सम्म समुदाय लाभान्वित होस् भन्ने उद्देश्यले निम्न रणनीति अवलम्वन गर्नेछ ।

१. कार्यक्रमको आर्थिक सामाजिक प्रभावलाई ध्यानमा राखी स्थानीय संगठन (सहकारी, स्थानीय सामाजिक संस्था वा उपभोक्ता समूह) स्थापना एवम् सुदृढिकरण गर्ने । आर्थिक प्रतिफलसँग आवद्ध भएका कार्यक्रम सहकारी, निरन्तररुपमा उपभोग गर्नु पर्ने कार्यक्रममा उपभोक्ता समूह तथा सामाजिक जनचेतना जागरणसंग सम्वन्धित कृयाकलापहरुको लागि स्थानीय सामाजिक संस्था स्थापना गर्ने र उनीहरुमा संस्थागत क्षमता विकास गरि सुदृढिकरण गर्ने ।
२. सहकारी संस्थामा निगम शासन (Corporate Governance) सम्बन्धी जानकारी सुरुको अवस्था देखिनै दिने । यसको साथ साथै व्यवसायका विविधपक्षहरु (वित्तिय, वजार, रणनीतिक व्यवस्थापन, संस्था व्यवस्थापन, उत्पादन

व्यवस्थापन) को जानकारी दिने ।

उपभोक्ता समुहलाई द्वन्द्व व्यवस्थापन, व्यवहार व्यवस्थापन, समुह गतिशिलता नेतृत्व, टोली व्यवस्थापन, श्रोत व्यवस्थापन, बचत तथा कोष व्यवस्थापन, लेखा प्रणाली जस्ता विषयवस्तुको जानकारी दिने ।

स्थानीय सामाजिक संस्थालाई सामाजिक परिचालन, सामाजिक श्रोत व्यवस्थापन, सामाजिक गतिशिलता, वकालतका तरिकाहरु, टोल व्यवस्थापन, दिगो विकास, मानव अधिकार आदि सम्बन्धी जानकारी दिने ।

३. कार्यक्रमको सुरु देखिनै स्थानिय संगठनहरुलाई विभिन्न भूमिकाहरुमा समावेश गर्दै लैजाने । विशेष गरि नीति निर्माण, निर्णय तथा अनुगमन कार्यमा संलग्न गराउँदै लैजाने ।

४. जब नीति तथा अनुगमन कार्यमा सफलता देखिन्छ (यसको लागि मापण मापदण्डहरु निर्माण गर्नुपर्दछ) उनीहरुलाई योजना तथा कार्यान्वयनमा संलग्न गराउँदै लाने । यस तहमा उनीहरुलाई सक्रिय सहभागि बनाउदै लगिनेछ ।

५. स्थानीय संगठनको सहभागिताबाट तयार गरिएको योजना र त्यसको कार्यान्वयनबाट सफल नतिजा प्राप्त भए पछि तेश्रो चरणमा स्थानीय संगठनको नेतृत्वमा योजना तर्जुमा गरि व्यवस्थापनको प्रमुख जिम्मा दिइंदै जानेछ । यस अवस्थामा आइएसकेले उक्त कार्यक्रमको सहजकर्ता तथा अनुगमनकर्ताको भूमिका खेल्नेछ ।

६. योजना तर्जुमा नेतृत्व तथा कार्यान्वयनमा प्रमुख जिम्मा लिएर संचालन गर्न स्थानीय संगठन सफल भएको मापण गर्न मापदण्ड तयार गरिन्छ । उक्त मापदण्डमा श्रोत उपयोगिता, कृयाकलापहरुको गतिशिलता र सम्पादन, जनसहभागिता, सन्तोषमा आधारित गरि तयार गरिनेछ ।

७. अन्तिम चरणमा आइएसकेले सहजकर्ताको भूमिका अपनाई कार्यक्रमको कार्ययोजना तर्जुमा तथा कार्यान्वयनमा कम भन्दा कम उपस्थित तथा हस्तक्षेप गर्नेछ ।

८. श्रोतको परिचालन सम्वन्धमा सुरुमा कम्तिमा २० प्रतिशत समुदायको योगदानबाट क्रमश बढाउदै लगि अन्तिम चरणमा ८० प्रतिशत सम्म योगदान गर्नुपर्ने व्यवस्था गरिनेछ ।

९. यसरी आइएसकेले कार्यक्रमबाट आफुलाई विस्थापित गरि स्थानिय संगठनबाट त्यस प्रकारको कार्यक्रम संचालन गर्न सक्ने सक्षम संस्था उपस्थित गरी कार्यक्रमलाई निरन्तरता दिनेछ ।

**पुर्वानुमानहरु र सीमाहरु सहित जोखिम व्यवस्थापन**

कमै संगठनले आफ्नो कृयाकलापहरु निर्विध्नताकासाथ संचालन गर्ने अवसर पाएका हुन्छन् । भविष्य सुस्पष्ट नभएको कारणले भविष्यमा घट्न सक्ने सबै घटनाहरु संगठनको लागि सकारात्मक हुनसक्छ भन्न सकिंदैन, भविष्यजति अस्पष्ट हुन्छ संगठनले गर्न लागेको कृयाकलापहरुले सकारात्मक प्रतिफलको वदला नकारात्मक प्रतिफल दिने संभावना वढ्न सक्छ वा जुन कृयाकलापहरु संचालन गर्न सकिन्छ ती कृयाकलापहरु संचालन गर्न नसक्ने अवस्था बढेर जान्छ । अपेक्षा गरिएका उपलब्धिहरुमा विविधता आउन सक्ने संभावनालाई नै जोखिम भनिन्छ । तसर्थ हरेक संस्थाजस्तै आइएसके पनि जोखिम प्रति संवेदनशील छ र सो को लागि निम्न उपाय अवलम्वन गरिनेछ

- आइएसकेले रणनीतिक व्यवस्थापन (Strategic Management), कार्यक्रमिक व्यवस्थापन ( Programmatic/Operation Management) तथा जोखिम व्यवस्थापन (Risk Management) साथ साथ तर्जुमा गर्दै लैजानेछ ।
- जोखिमको असर र अनिश्चिततालाई दृष्टिगत गरि जोखिमलाई आइएसकेले निम्न भागमा बाडेको छः

**अति धैरै जोखिमः** अति धैरै अनिश्चितता र संस्था एवम् लक्षित समुहलाई भौतिक तथा शारिरिक क्षति ।

**धैरै जोखिम** : अनिश्चितता (सफलता/असफलता) प्रवल रहन्छ र संस्था वा लक्षित समुहको कृयाकलापहरुमा जटिल समस्या ।

**सामान्य जोखिमः** स्थितिको पूर्व अनुमान गर्न गाह्रो तथा कार्यक्रमको सफलताको लागि विभिन्न सरोकारवालाहरुको

सक्रिय सहयोगको आवश्यकता ।

- जोखिम व्यवस्थापनको लागि आइएसकेले निम्न तत्वहरुलाई ध्यान दिएनेछ :
  क) ध्येय स्पष्टता
  ख) जोखिम तथा अनिश्चितताको मूल्यांकन
  ग) जोखिम नियन्त्रण उपाय खोजी
  घ) जोखिमसंग संलग्न वित्तिय खर्च
  ङ) कार्यक्रम व्यवस्थापन
- जोखिमका विभिन्न श्रोतहरु हुन्छन : भौतिक वातावरण, सामाजिक वातावरण, राजनीतिक वातावरण, कानूनी वातावरण, आर्थिक वातावरण, कार्यक्रम संचालनसंग आवद्ध वातावरण आदि विविध वातावरणको अनिश्चितताले वा अस्पष्टताले कार्यक्रमले योजना गरे अनुसारका कृयाकलापहरु संचालन गर्न नसकिने अवस्थामा हुन्छ ।
- अति धेरै जोखिमबाट जोगिन, आइएसकेले सके सम्म जोखिमबाट टाढा रहने वा परिहार्य हुन खोज्नेछ।
- अति धेरै जोखिमको अवस्थामा आइएसकेले औपचारिक कृयाकलाप भन्दा अनौपचारिक तरिकाबाट आफ्नो कृयाकलापहरु संचालन गर्नेछ ।
- त्यस्तो वातावरण जहाा अति धेरै जोखिमका संभावना रहेको छ त्यहाा आइएसकेको कृयाकलापहरु संचालन नगर्ने वा सहभागि हुनेछैन ।
- धेरै जोखिम (सामान्य जोखिमको लागि) समुदायका अन्य अंगहरु (समुह, संस्थाहरु) मा बांडेर (विमा, संजाल, साझेदारी) वा नैतिकरुपमा सम्मत गरि जोखिमको प्रभाव कम गर्ने रणनीति आइएसकेले अपनाउनेछ ।
- सहि सूचना संकलन, शोधन र व्यवस्थापनको माध्यमबाट संभाव्य जोखिम र अनिश्चितता कम गर्नको लागि आइएसकेले सहि सूचना व्यवस्थापनमा जोड दिनेछ । यस व्यवस्थामा आइएसकेले आफ्नो सूचना पनि पारदर्शिरुपले प्रवाह गर्नेछ ।
- सामान्य जोखिमको लागि आइएसकेले आफ्नो वार्षिक कार्ययोजनालाई समय समयमा पुनरावलोकन तथा परिमार्जन गर्दै लैजाने रणनीति लिनेछ ।

**अनुसूची १**

**आर्थिक विवरण**

| Fiscal Year | Income Source | Amount in NRs | Expenditure Detail in Amount (in NRs) |
|---|---|---|---|
| 062/063(006) | CRPP | 2904530 | 2899312 |
| 063/064(007) | RRCAD Fund | 4,40,000 | 440000 |
| 063/064(007) | SCN Fund | 729951 | 729756 |
| 063/064(007) | ODW Fund | 2192467 | 2192426 |
| 064/065(008) | RNE Fund | 912153 | 912049.60 |
| 064/065(008) | ODW Fund | 1704506 | 1703900.03 |
| 065/066(009) | ODW Fund | 2300000 | 2299995 |
| 065/066(009) | RNE Fund | 2400000 | 2399963 |
| 065/066(009) | SCN Fund (Add) | 84000 | 83995 |

| Fiscal Year | Income Source | Amount in NRs | Expenditure Detail in Amount (in NRs) |
|---|---|---|---|
| 065/066(009) | HI Fund | 264747 | 264747 |
| 065/066 | Internal Fund | 1324738.96 | 1238071.5 |
| 066/067(2010) | ODW Fund | 1761778.14 | 1461034 |
| 066/067 (2010) | RNE Fund | 604440 | 570036 |
| 066/067 | HI Fund | 429520 | 429520 |
| 066/067 | Internal Fund | 3242957.09 | 2812708.94 |
| 066/067(009/010) | SCN Fund HIV | 821798 | 812683 |
| 066/067(009/010) | CAAFAG | 1982639 | 1981892 |
| 066/067(009/10) | CAAC | 443448 | 114999 |

## अनुसूची २
### कार्यकारी समितिको नामावली र पद

| S.No. | Name | Designation | Address | Occupation |
|---|---|---|---|---|
| 1 | Daman Sing Pata Thapa | Chair Person | Indreni Samaj Kendra Sub Group 7 | Teacher |
| 2 | Khum Bahadur Dhenga | Sub-Chair Person | Indreni Samaj Kendra Sub Group 9 | Farmer |
| 3 | Nabindra Thapa | Secretary | Indreni Samaj Kendra Sub Group 6 | Doctor |
| 4 | Khem Bahadur B.K. | Sub- Secretary | Indreni Samaj Kendra Sub Group 13 | Teacher |
| 5 | Iman Sing Rana | Treasure | Indreni Samaj Kendra Sub Group 10 | Staff of Isk Saving Credit Group |
| 6 | Chitra Kumari Soti | Member | Indreni Samaj Kendra Sub Group 3 | Teacher |
| 7 | Omlal Khangaha | Member | Indreni Samaj Kendra Sub Group 11 | Post Man |
| 8 | Dil Bahadur Somai | Member | Indreni Samaj Kendra Sub Group 13 | Farmer |
| 9 | Bel Kumari B.K | Member | Indreni Samaj Kendra Sub Group 2 | Teacher |
| 10 | Man Kumari Sing Thakuri | Member | Indreni Samaj Kendra Sub Group 8 | Student |
| 11 | Gok Bahadur Ale | Member | Indreni Samaj Kendra Sub Group 1 | Teacher |

## अनुसूची ३
### कर्मचारी विवरण

| S.No. | Name | Gender | Post | Reponcible Programme |
|---|---|---|---|---|
| 1 | Rudra Masarangi | M | Program coordinator | ODW |
| 2 | Radha Ale | F | Admin and Account Officer | ODW |
| 3 | Ram Bahadur Pata | M | FS | ODW |
| 4 | Jaya Karki | F | SM | ODW |
| 5 | Dil Bahadur B.K. | M | SM | ODW |
| 6 | Birendra Thapa | M | Program officer | CAAFAG |
| 7 | Tej Prasad Pandeya | M | SM | CAAFAG |
| 8 | Nirmala Darnal | F | SM | CAAFAG |
| 9 | Pratima Prajuli Gupta | F | Program officer | HPP |
| 10 | Radhika Shreshth | F | Admin and Account Assistant | CAAFAG/HPP |
| 11 | Reshma Neupane | F | SM | HPP |
| 12 | Sandip Rasali | M | SM | HPP |
| 13 | Pushpa Chudhari | F | SM | HPP |

| S.No. | Name | Gender | Post | Reponcible Programme |
|---|---|---|---|---|
| 14 | Man Bahdur Phal | M | SM | HPP |
| 15 | Bhawani Kharel | F | Office support staff | HPP |
| 16 | Yam Rana | M | Sub-Over | Bridge |
| 17 | Tech Masarangi | M | SM | Bridge |
| 18 | Kul Bahadur Malla | M | Community Disable Worker | ESCI |
| 19 | Tej Bahadur Masarangi | M | CDW | ESCI |
| 20 | Thaman Bayambu | M | Office support staff | Internal |
| 21 | Sarswati Neupane | F | Office support staff | Part time |

**अनुसुची ४**
**गोष्ठीका सहभागी तथा सहजकर्ताको नामावली**

| S.No. | Name of Participants | Address | Agency | Post |
|---|---|---|---|---|
| 1 | Daman singh Thapa | Jhirubas 6 Palpa | ISK Board | Chairperson |
| 2 | Nabindra Thapa | Jhirubas 4 Palpa | ISK Board | Secretary |
| 3 | Purna Kumar Soti | Jhirubas 5 Palpa | NC | Chairperson |
| 4 | Hom Bahadur Rana | Jhirubas 1 Palpa | ISK Sub group | Sub group chairperson |
| 5 | Kul Bahadur Khanduluk | Jhirubas 2 Palpa | ISK Ex. Chairperson | ISK Ex. Chairperson |
| 6 | Bir bahadur Dhenga | Jhirubas 8 Palpa | ISK Sub group | Sub group member |
| 7 | Khum bahadur Dhenga | Jhirubas 9 Palpa | ISK Board | Vice Chairperson |
| 8 | Padam Bahadur Thapa | Jhirubas 2 Palpa | ISK Ex. Chairperson | ISK Ex. Chairperson |
| 9 | Humi Soti | Jhirubas 1 Palpa | ISK Sub group | Sub group member |
| 10 | Rudra Masarangi | Jhirubas 2 Palpa | ISK Staff | Program coordinator |
| 11 | Birendra Thapa | Jhirubas 2 Palpa | ISK Staff | Program officer |
| 12 | Ram Bahadur Pata | Jhirubas 6 Palpa | ISK Staff | Field supervisor |
| 13 | Partima Parajuli | Harpur 3 Nawalparasi | ISK Staff | Program officer |
| 14 | Radha Ale | Darlamdanda 5 Palpa | ISK Staff | Admin & Account officer |
| 15 | Kul Malla | Jhirubas 6 Palpa | ISK Staff | CDW of ESCI |
| 16 | Yam Rana | Archale 4 Palpa | ISK Staff | Field Technician |
| 17 | Tech Masarangi | Jhirubas 2 Palpa | ISK Staff | Social mobilizer |
| 18 | Suraj Pakharin | Save the Children Nepal | SC-Staff | - Program Cordiantor - Youth Developmen Livelihood<br>- Organizational Development Focal Person |
| 19 | Udhabraj Subedi | Consultancy | Consultant | Consultant |

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



प्रो. दमन सिं थापा (पाटा)
मो.९७४७००९३९२/९७२७५४०४३६

# थापा किराना पसल

**झिरुबास-६, धर्केसिं, पाल्पा**

यहाँ थोक तथा खुद्रा माल सामानहरु सुपथ मूल्यमा पाइनुका साथै अदुवा, सोठी, बेसार, कुरीलो, दालचिनी, कुचो तथा गेडागुडीहरु खरिद बिक्रि गरिन्छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. कृष्ण बहादुर सोती

# सोती फेन्सी तथा कस्मेटीक पसल

**गल्धा- ६, दुङ्गानाबेशी, पाल्पा**

हामी कहाँ सुपथ मुल्यमा सम्पूर्ण फेन्सी तथा कस्मेटीक सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. रिकमान मस्राङ्गी
मो.९८४७१७८९८३

# हिमेश डिजिटल फोटो स्टुडियो

**गल्धा- ६, दुङ्गानाबेशी, पाल्पा**

रंगीन तथा साधा फोटो डिजिटल मध्यमबाट खिच्नुका साथै अर्जेन्ट फोटो ५ मिनेटमै तयार गरिन्छ । यहाँ फोटो कपी, प्रिन्ट, स्क्यान तथा टाईप सम्बन्धी सम्पूर्ण कामहरु पनि गरिन्छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



अध्यक्ष
कोमलराज घिमिरे

टिम लिडर
चोपलाल गिरी

"नागरिक सचेतनाको लागि हाम्रो अभियान
गाउँ वस्तिमा लोकतान्त्रीक ज्ञान"

## सामाजिक विकास श्रोत केन्द्र नेपाल

**तानसेन, पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. कमल प्रसाद ढकाल
मो.९७५७००९१७७

## कमल स्टेशनरी एण्ड किराना पसल

**विसाल बजार- ४, तानसेन,पाल्पा**
फो नं. ०७५-५२११२७

घर जग्गा खरिद बिक्रि सम्बन्धी सम्पूर्ण कामका साथै स्टेशनरी तथा किराना सामान सुपथ मूल्यमा उपलब्ध छ ।

**सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**



प्रो. लक्ष्मी प्रसाद पाटा
मो. ९८१७५०४८४८

## न्यू लक्ष्मी किराना पसल

**झिरुबास-६, धर्केसिं, पाल्पा**

यहाँ थोक तथा खुद्रा माल सामानहरु सुपथ मूल्यमा पाइनुका साथै अदुवा, सोठी, बेसार, कुरीलो, दालचिनी, कुचो तथा गेडागुडीहरु खरिद बिक्रि गरिन्छ ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुवास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



प्रो. भवी खाम्चा/उम्वी राना

# मिलिजुली लाफा तथा फेन्सी पसल

**गल्धा- ६, दुङ्गानाबेशी, पाल्पा, फोनः ०७६६९२८३०**

हाम्रा सेवाहरुः फेन्सी सामाग्री सस्तो तथा सुलभ मुल्यमा पाइनुका साथै अर्डर अनुसारको डिजाइनमा लेडिज तथा जेन्स सिलाई सहित सिलाई तथा कटाई सम्बन्धी तालिमको लागि हामीलाई सम्झनुहोस् ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



प्रो. मेक बहादुर सोती
मो. ९८४७१७०२३८/९८४६२६१७७२

# न्यू देउराली होटेल

**झिरुबास- ४, देउराली, पाल्पा**

यहाँ अर्डर अनुसारको स्वादिष्ट खानाको राम्रो प्रवन्ध छ। साथै किराना सामानहरु सुपथ मूल्यमा उपलब्ध छ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



अध्यक्ष
देवबहादुर मल्ल

प्रधानाध्यापक
एकबहादुर मल्ल

तथा

# श्री पृथ्वी प्राथमिक विद्यालय परिवार

**झिरुबास-७, लांकुरीभञ्ज्याङ्ग, पाल्पा**

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं।



प्रो. किसान सारु
मो.९८१३९५७६१४

**शीतल होटेल**

**झिरुबास- १, सिमलभञ्ज्याङ्ग, पाल्पा**

यहाँ अर्डर अनुसार स्वादिष्ट खाना,नास्ता तथा बास बस्नको लागि राम्रो प्रबन्ध छ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं।



प्रो. मन कुमारी सोती
मो.९८४७२८९९५२/९८०७४६३९७३

**मनु सिलाई कटाई सेन्टर**

**झिरुबास- १, सिमलभञ्ज्याङ्ग, पाल्पा**

यहाँ आकर्षक डिजाइनमा कुर्ता सुरुवाल तथा स्कूल ड्रेस सिलाइन्छ र ३ महिने सिलाई कटाई तालिम सिकाउनुका साथै किराना सामानहरु सुपथ मूल्यमा पाइन्छ।

**सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।**



**अध्यक्ष**
**दानबहादुर पौड्याल**

**प्रधानाध्यापक**
**थानेश्वर भण्डारी**

**तथा**

**श्री विन्दवासिनी प्राथमिक विद्यालय परिवार**

**सोमादी–५, कोकलधारा, पाल्पा**

# खण्ड "घ"

## इन्द्रेणी समाज केन्द्रको भावी कार्यक्रम तथा कार्यनीति
## आ.व. २०११-२०१२

तततत

# इन्द्रेणी समाज केन्द्रको भावी कार्यक्रम तथा कार्यनीति

**भावी बार्षिक कार्यक्रम तथा कार्यनीति**

सभाका सभाध्यक्ष, प्रमुख अतिथि, अन्य अतिथिगण, उपस्थित प्रतिनीधि ज्यू र अन्य सम्पुर्ण महानुभव म इन्द्रेणी समाज केन्द्रले यस आठौ अधिबेशन पश्चात आगामी २ वर्षका लागि अवलम्वन वा कार्यन्वयन गरिने प्रस्तावित कार्यक्रम, कार्यनीति प्रस्तुतीको लागि अनुमति चाहन्छु । उपस्थित प्रतिनीधि साथीहरु यस भन्दा अगाडि प्रस्तुत भएका प्रगति तथा आर्थिक प्रतिवेदनबाट संस्थाको वर्तमान स्थिती, क्षमता र आगामी दिनका लागि केही मार्ग दर्शनवारे यहाँहरुले जानकारी एवँ पूर्व अनुमान गरिसक्नु भएको छ र त्यसैको धरातलमा रहेर आगामी वर्षका लागि प्रस्तावित कार्यक्रम कार्यनीति र कार्यक्रम अगाडि सार्न लागिएको कुरा जानकारी गर्न चाहान्छु । अत उपस्थित प्रतिनीधि मित्रहरु इन्द्रेणी समाज केन्द्र विगत स्थापना काल देखि आफ्नो निर्धारीत परिकल्पना, लक्ष्य, उद्धेश्य, कार्यनीति र मान्यतालाई अंगिकार गरि निरन्तर अघि बढिरहेको छ । यस अवधिको भावी यात्रा पनि सोही अनुरुप निरन्तरता पाउने कुरामा दुईमत नहोला तसर्थ यो हाम्रो भावी यात्रालाई निम्न ढंगले निर्धारण गरि अगाडि सारेको कुरा यहाँहरुलाई निवेदन गर्न चाहन्छु ।

**१. संस्थागत तथा जनशक्ति विकास**

इन्द्रेणी समाज केन्द्रले आफ्नो परिकल्पना पुरा गर्न र निर्धारण गरिएका लक्ष्य र उद्धेश्य हासिल गर्न समुदायको जीवन स्तरमा सकारात्मक परिवर्तनका लागि लक्षित समूहको अधिकार प्रवर्धन, आयमा वृद्धि र संस्थागत विकास हुन जरुरी छ भन्ने मान्यता अनुरुप आफ्नो आन्तरीक तथा लक्षित समूहको संस्थागत विकासलाई महत्व दिन्छ । तसर्थ यस महत्वलाई प्रधान स्थान दिई आफ्नो कार्यक्रमलाई अगाडि सार्ने कुरामा समेत ध्यान दिएको छ र ती निम्न अनुसार रहेको छ ।

- इन्द्रेणीको वर्तमान् उपसमुहहरुलाई थप सुधार सहित सक्रिय र संस्थागत व्यवस्थापनमा सुधार सहित सामाजिक रुपान्तरणमा केन्द्रित गर्नेछ ।
- संस्थाको तल्लो तह देखि केन्द्रिय तहसम्म महिला, दलित, जनजाति र अन्यको सहभागितालाई संन्तुलन कायम गर्नेछ ।
- वर्तमान अवस्थामा महिलाहरुको सदस्यतालाई व्यापक सुधार गरि आवश्यक सचेतना गर्दै कम्तिमा ३३ प्रतिशत पुरा गर्न र नेतृत्वमा पनि सोही अनुपातमा लैजाने प्रयासलाई नियमितता दिने छ ।
- बार्षिक सदस्य श्रम शिविर, सदस्यता सचेतना शिविर नियमित संञ्चालन गरि समुदायमा विश्वासको वातावरण सृजना गर्ने कार्यलाई निरन्तरता दिइने छ
- झिरुवास खादरको अफिसलाई आफ्नो स्वामित्वमा लिई न्यूनतम ३० जनालाई खाना,वस्न व्यवस्था सहित ग्रीष्मकालिन तालिम केन्द्र र तानसेनमा पनि आवश्यक पुर्वधारहरु बिकास गर्दै जानेछ ।
- संस्थाको कर्मचारी, कार्यकारीणी सदस्य एवं अन्य जिम्मेवार महानुभवहरुलाई विषयगत दक्षता हासिल गराउन पहल गरिनेछ ।
- व्यवस्थित र नियमित अनुगमन एवं सहजीकरण सहित उपसमुह तहका कार्यविधिमा क्रियाशिल्ता ल्याउने थप पहल चाल्ने छ ।
- स्थानीय तह देखि राट्रिय,अन्तर्राष्ट्रिय तहसम्म सम्पर्क र साझेदारीमा कार्य गर्न गराउन उचित सम्बन्ध कायम गरिने कुरालाई नियमितता दिइने छ ।
- स्थानीय तहमा विभिन्न अक्षय कोष खडा गरी वा स्रोत परिचालन गरि सामाजिक तथा मानवीय कार्य गर्ने छ ।
- कार्यक्रमले युवा वर्गलाई पनि समेट्ने खालका सम्भावना र प्राथमिकतालाई पहिचान गरिने छ । आदि

**२) आर्थिक तथा सामाजिक विकास**

इन्द्रेणी समाज केन्द्र स्थापना काल देखि नै आफ्नो लक्षित समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तनको लागि तिनीहरुको न्यूनतम अधिकार प्रवर्द्धन सहित आर्थिक स्तरमा सुधार हुनु पर्दछ भन्ने मान्यता राख्दछ र हाम्रो समाज र परिवेश अनेकतामा विभाजित छन र ती विभाजित ती साँस्कृतिक धरातल, ती परम्परा, ती भूगोल, ती समुदाय, र ती आय स्तर सवैलाई उचित समायोजन गरि कार्य गर्न सकियो भने मात्र संस्थाले लिएका लक्ष्य, उद्देश्य पूरा गर्दै न्यायोचित र समतामूलक समाजको परिकल्पनामा पुग्न सकिन्छ र संस्था सफल हुन सक्छ । तसर्थ यी गहन कुरा प्रति संस्था सचेत रहदै कार्य गरिरहेको कुरा निवेदन गर्दै आगामी वर्षका लागि यिनै विषय वस्तु र क्रियाकलापले नियमितता पाउने कुरामा विश्वास दिलाउन चाहन्छु । अत ती कार्यलाई मध्ये नजर गरी आगामी अवधिका लागि आर्थिक तथा सामाजिक कार्य अन्तर्गत निम्न लिखित कार्यक्रम र नीति लिइने कुराको प्रस्ताव अगाडि सार्न चाहान्छौं ।

- संस्थाले युवा/बालवालिका, विपन्न र दलित समुदायलाई प्रमुख लक्षित समुदायको रुपमा स्वीकारी तिनीहरुको

अधिकार प्रवर्द्धन र आयमा वृद्धि गर्ने खालका कार्यक्रम र नीतिमा निरन्तरता दिइने छ ।

- ➲ अधिकार प्रवर्द्धनमा विशेष गरि सामाजिक समाहिता, संरक्षण, विकास, सहभागीत र वचाउलाई क्रमश प्राथमिकता दिदै तदनुसारको कार्य गर्नेछ ।
- ➲ आय वृद्धिका लागि स्थानीय अग्रसरता, माग, सम्भाव्यता र बजारलाई मध्येनजर गरि आयआर्जन र व्यवसायिक कार्यक्रम दुवैलाई अगाडि सारिनेछ ।
- ➲ कार्यक्रमको स्पष्ट परिचालनका लागि एक समूह एक पहिचानको नीतिलाई प्याकेज र अभियानको रुपमा कार्य संचालन गरिनेछ ।
- ➲ स्थानिय संस्कृति परम्पराको विषयमा नियमित अनुगमन मूल्याङ्कन गरि आवश्यक पुनरावोलकन सहित त्यसको सम्वर्धन, संरक्षण र परिमार्जन कार्यलाई निरन्तरता दिइनेछ ।
- ➲ आय वृद्धिका लागि स्थानीय तहमा सम्भाव्यता अध्ययन गरि त्यसको उचित प्रवर्द्धनलाई पनि प्रथामिकता दिइनेछ ।
- ➲ लक्षित समुदायका लागि सामाजिक न्यायका आधारभूत संरचना सहित उचित न्यायका निम्ति पहल कदमी चालि रहनेछ ।
- ➲ समुदायको सशक्तिकरण गर्दै सामुदायिक विकास र पुर्वाधार निर्माणका लागि उचित प्रेरणा र समन्वयमा वृद्धि गर्दै वकालतमा समेत सहयोग गर्न हर हमेसा प्रयास गरिने छ ।
- ➲ हालै यस संस्थाको संरक्षकत्वमा संचालित सहकारी संस्थालाई संस्थागत गर्दै थप व्यवस्थित रुपमा संचालन र सदस्यहरुको विश्वासनीयतामा वृद्धि गर्न निरन्तर सहयोग गर्ने छ ।
- ➲ इन्द्रेणीको वर्तमान पहिचानमा कुनै कमि आउन नदिई आवश्यक अभिलेखन प्रचार प्रसार सहित भौतिक पुर्वधारका साथ ग्रामीण क्षेत्रको समूदायमा आधारित संस्थाको मान्यतामा झिरुवासको अफिसलाई व्यवस्थित गर्दै पर्यटकीय र आवसीय दृष्टि कोणले सुधारमा नियमितता दिइने छ ।
- ➲ हाल संचालित सम्पूर्ण कार्यक्रमहरुलाई सम्झौता अवधिसम्म संचालन र आगामी दिनमा म्याड थप गर्दै संचालनमा निरन्तरता दिलाउन प्रयत्न जारी राखिने छ ।
- ➲ गा.बि.स.,जि.बि.स. वा अन्य स्थानीय निकायमा भएका युवा, बालबालिका, महिला, अपाङ्ग आदिको लागि व्यवस्था भएका आर्थिक स्रोतलाई समुचित प्रयोगको लागि स्थानीय तहमा समन्वय सहित प्रभावकारी परिचालनमा स्थानीय CBOs हरुको संलग्नता, क्रियशीलता र अग्रसरतालाई अभिबृद्धि गरिनेछ ।
- ➲ गा.बि.स.को उपलब्ध वजेटलाई उचित प्रयोग र प्रभावकारीताका लागि स्थानीय स्तरमा सम्बन्धित निकायको व्यक्तिगत तथा संस्थागत क्षमतामा अभिबृद्धि गराई प्रभावकारी पारदर्शी एवं दिगो बिकासका लागि सहजीकरण गर्न क्रियशील रहने छ ।
- ➲ संचालित कार्यक्रमहरुलाई सही बिर्सजन र हस्तान्त्रणका लागि Issues Wise फेजआउट गर्दै लैजाने नीति अवलम्बन गरिनेछ र नयाँ क्षेत्र प्रवेशमा जोड दिइनेछ आदि

**सन् २०११ का लागि अवलम्बन गरिने केही प्राथमिक क्षेत्रहरु**

**१) कार्यक्रमगत प्राथमिक क्षेत्रहरु**

- कार्यक्रम कार्यावधि सुनिश्चितता सहित निश्चित सूचकहरु तयार गरी कार्यक्रम थाल्ने ।
- एक समूह एक पहिचानलाई नै निरन्तरता दिदै नतिजा उन्मुख कार्य सञ्चालन गर्ने ।
- कर्मचारीहरु कार्यक्षेत्रगत नभई विषयगत ( Thematic) तवरवाट परिचालन गर्ने ।
- कार्यक्रम निश्चित Theme भित्र रही Holistic रुपमा सञ्चलन गर्ने ।
- स्थानीय अग्रसरता, बहुसमन्वय र साझेदारीमा कार्य सञ्चालन गर्ने ।
- बहु दातृ निकाय र बहु विषय क्षेत्र समेटेर कार्य सञ्चालन गर्ने ।
- कार्यक्रमको निरन्तरताको खोजी र अभिलेखन, प्रचार प्रसारको व्यवस्थापनमा जोड दिने ।
- मानव विकास सुचाङ्कको दृष्टिले पछाडि परेका समुदाय र क्षेत्रमा कार्यक्रम प्राथमिकतामा कार्य गर्ने ।
- स्थानीय श्रोत र साधनलाई अधिकत्तम परिचालन र समन्वयमा जोड दिने ।

**२) कर्मचारी/जनशक्ति परिचालनका क्षेत्र**

- आवश्यक माात्रामा उचित सेवा सुविधा सहित गुणस्तर जनशक्तिको विकासमा जोड दिने ।
- कर्मचारीको कार्यसम्पादनको नियमित अनुगमन, मूल्याङ्कन सहित आवश्यक पृष्ठपोषण र क्षमता विकासमा जोड दिने ।
- विषयगत जनशक्ति विकासमा जोड दिने ।
- कार्यक्रमगत जनशक्ति बाहेक समग्र क्षेत्र हेर्ने अतिरिक्त कर्मचारीको व्यवस्था गर्ने ।

**३) दिगो एवं संस्थागत श्रोत विकास र परिचालनका क्षेत्र**

- दातृ निकायसंग कार्यक्रम सम्झौता गर्दा

कार्यक्रमगत मात्र नभएर संस्थागत विकास(आर्थिक,जनशक्ति र भौतिक) मा जोड दिने ।

- कम्तिमा फोटोकपी सेवा,तालिम हल र मल्टिमिडियालाई व्यवसायिक आयआर्जनमा परिणत गर्ने ।
- कुनै पनि निकायमा अफिसियल समन्वयमा जनशक्ति परिचालन भएमा नीजले पाउने सेवा सुविधामा निश्चित प्रतिशत कटौती गर्ने प्रावधान राख्ने ।
- तानसेनमा आवासीय सुविधा सहित तालिम केन्द्रको व्यवस्था गर्ने कार्य प्रारम्भमा जोड दिने

**४) बोर्ड सदस्य र कर्मचारीको सम्बन्ध विकासका क्षेत्र**

- कम्तिमा त्रैमासिक रुपले नियमित अन्तरक्रियामा जोड दिने ।
- बेला बखत मैत्रिपूर्ण सहभोज, खेलकूद, अवलोकन भ्रमण आदि कार्यक्रममा जोड दिने ।
- संस्था र संस्थाबाट संचालित कार्यक्रम प्रति जिम्मेवार गराउदै नियमित अभिमुखिकरणमा जोड दिने ।
- बढ्दो अनावश्यक खर्च कटौती गर्दै सृजनात्मक व्यवस्थापनमा जोड दिने ।

आदरणीय प्रतिनिधी साथीहरु लगाएत उपस्थित सम्पूर्ण महानुभवहरु हामीले संस्थागत रुपमा आगामी दिनमा आफनो कार्य संचालनमा माथि उल्लेख कार्यनीतिलाई प्रमूखता दिइने छ भने कार्यक्रमको प्रकृति र परिवेश बमोजिम अन्य कार्यनीति अनुसार पनि कार्य संचालन रहने र विगतमा पनि तदनुसार रहदै आएको जानकारी गर्न चाहन्छु अन्तमा आवश्यक सम्भाव्यता र आवश्यकतामा बन्द सत्रमा प्रक्रियागत छलफल गरि ठोस निर्णय गर्न गराउन अनुरोध सहित यो कार्यक्रम तथा कार्यनिति सम्बन्धी प्रस्तुती यही टुंग्याउन अनुमति चाहन्छु, धन्यवाद ।

## भावी कार्यक्रम र वजेट

आदरणीय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथि, अन्य अतिथिगण, उपस्थित प्रतिनीधि ज्यू र उपस्थित सम्पुर्ण महानुभव एवं आमा बाबा, दाजुभाइ, दिदीवहिनीहरु ! आज हामी इन्द्रेणीको आठौं अधिबेशन तथा साह्रौं वार्षिक साधरण सभाको यस गरिमामय क्षणमा छौ । तसर्थ अब म सभाध्यक्षको अनुमतिमा अघि प्रस्तुत इन्द्रेणीको भावी कार्यनिति एवं कार्यक्रममा आधारित रहेर आर्थिक वर्ष सन् २०११ को लागि प्रस्तावित कार्यक्रम तथा वजेट प्रस्तुत गर्न गईरहेको जानकारी गर्दै प्रस्तुती तिर प्रतिनिधि साथीहरुको ध्यानाकर्षण गर्न चाहन्छु । प्रतिनिधी साथीहरु यस आर्थिक वर्षको कार्यक्रम तथा वजेट निम्न प्रकार रहेको कुरा निवेदन गर्दै आवश्यक क्रिया प्रतिक्रिया र गहन सल्लाह सुझाव सहित बन्द सत्रले स्वीकृत गरिदिनु हुन अनुरोध सहित यो प्रस्तावित कार्यक्रम तथा वजेट प्रस्तुत गर्दछु ।

### आगामी आर्थिक वर्ष सन् २०११ को लागि अनुमानित कार्यक्रम तथा बजेट

| क्र.सं. | व्यय | | क्र.सं. | आशातित आय | |
|---|---|---|---|---|---|
| | शीर्षक | बजेट | | शीर्षक | बजेट |
| १. | **परियोजनागततर्फ** | | १. | **परियोजनागततर्फ** | |
| क | युवाका लागि शिक्षा, शान्ति र विकासका लागियुवा | २५,०००००।- | क) | सेभ द चिल्ड्रेन (ODW) | २५,०००००।- |
| ख | एच आई भि र एड्स रोकथाम कार्यक्रम | १४,४२,०००।- | ख) | सेभ द चिल्ड्रेन (HPP) | १४,४२,०००।- |
| ग | कफाग पुनर्एकीकरण कार्यक्रम | १९,००,०००।- | ग) | सेभद चिल्ड्रेन (CAAFAG) | १९,००,०००।- |
| २. | झोलुङ्गे पुल सामाजिक परिचालन तथा प्राविधिक | | २. | जि.वि.स.पाल्पा | ६,१५,९८८।- |
| | सहयोग | ३,८२,२००।- | क) | आन्तरिक मेश बाट | २५,०००।- |
| ३) | आन्तरिक कार्यक्रम अन्तरगत : | | ख) | सामग्री भाडा | १,०००।- |
| क) | महिला पेवा विकासका लागि आयआर्जन तथा | ३,००,०००।- | ग) | तालिम हल भाडा | ४०,०००।- |
| | क्षमता विकास कार्यक्रम | | घ) | क्याशटेसन भाडा | १,०००।- |
| ख) | स्थानीय विकास तथा संस्कृति प्रवर्द्धनका लागि | ३०९८९०।- | ङ) | स्टेशनरी स्टोर | १,१५,०००।- |
| | सामाजिक परिवर्तन तथा सशक्तिकरण कार्यक्रम | | च) | सदस्य शूल्क | ६,९००।- |
| ग) | कार्यसमिति,सल्लाहकार र उप समुह प्रतिनिधि बैठक | १७,०००।- | छ) | घुम्तिकोष असुली | ३,९०,१००।- |

| क्र.सं. | व्यय | | क्र.सं. | आशातित आय | |
|---|---|---|---|---|---|
| | शीर्षक | बजेट रु. | | शीर्षक | बजेट रु. |
| घ) | संस्थाको आठौं अधिवेशन तथा १६औं बार्षिक सा.सभा | १,२५,०००।- | ज) | सुधारीएको चुलो कार्यक्रम (वायोमास) | २८,८००।- |
| ङ) | मेश तथा गेष्ट रुम व्यवस्थापन | १०,०००।- | झ) | गा.बि.स. अनुदान | ४०,०००।- |
| च) | घुम्तिकोष कार्यक्रम | २,१५,०००।- | ञ) | मल्टिमिडिया भाडा | ३५,०००।- |
| छ) | स्टेशनरी व्यवस्थापन तथा मसलन्द खर्च | ८५,०००।- | ट) | संस्थाविकासको लागि समय योगदान वापत | २,१४,८०२।- |
| ज) | तानसेन सम्पर्क कार्यालय घरभाडा | ४४,०००।- | ठ) | स्मारिका विज्ञापन | ४२,५००।- |
| झ) | आन्तरिक कार्यभ्रमण | ३०,०००।- | ड) | अन्य | ३०,०००।- |
| ञ) | संस्थाअडिट तथा नविकरण | २३,०००।- | | | |
| ट) | सदस्य सचेतना अभियान | १०,०००।- | | | |
| ठ) | अन्तरक्रियात्मक समिक्षा भेलाहरु | १०,०००।- | | | |
| ड) | विविध कार्य | १५,०००।- | | | |
| ढ) | हल व्यवस्थापन | १०,०००।- | | | |
| | **जम्मा** | **७४२८०९०।-** | | **जम्मा** | **७४२८०९०।-** |

आदरणीय सभाध्यक्ष महोदय एवं प्रतिनिधी साथीहरु प्रस्तुत वार्षिक वजेट अनुसार तपाई हामी आ-आफ्नो तह र तप्का बाट सहयोग गरौ जुटौं भन्ने अनुरोध सहित आवश्यक क्रिया प्रतिक्रिया र सल्लाह सुझावको अपेक्षाको साथ बन्द सत्रले पारित वा स्वीकृत गरि दिनु हुनेछ भन्ने विश्वास गर्दै सभाको पुर्ण सफलताको कामना सहित बिदाई भएर जाने र नयाँ निर्वाचित भई आउनु हुने सम्पूर्ण कार्यकारीणी सदस्यहरु प्रति आभार र आगामी कार्य सफलता एवं उत्तरोत्तर प्रगतिको कामना सहित यो प्रतिवेदन यहिं अन्त्य गर्दछु । हवस्त धन्यवाद ।


सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील **इन्द्रेणी समाज केन्द्र** झिरुवास, पाल्पाको **आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७** को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको **कामना** गर्दछौं ।



**शोभाखर शर्मा** ९८४७०४३००३

**कृष्णप्रसाद पाण्डे** ९८४७०४३१९४

**विष्णुप्रसाद पन्थी** ९८४७०४३७७१

जिल्ला मालपोत कार्यालय, प्रशासन कार्यालय, अदालत तथा विभिन्न वित्तीय संघ संस्थाहरु, विद्युत प्राधिकरण, जिल्ला खानेपानी कार्यालय जस्ता विभिन्न सरकारी कार्यालयहरु तथा गैरसरकारी संघ संस्थाहरु सम्बन्धी लेखापढी सेवा तथा कानुनी परामर्शको लागि हामीलाई सेवा गर्ने मौका प्रदान गर्नुहोस् ।


## रमाइलो प्रश्न

**कुल बहादुर मल्ल**
**इन्द्रेणी समाज केन्द्र, पाल्पा**

१) पुर्वबाट पश्चिम तिर गईरहेको ट्रली बसले धुँवा कता तिर फाल्छ ।
२) एउटा ३ वर्षे बालक ९ तला माथिबाट हामफालेछ, के भयो होला ?
३) एउटा रुखमा ३७ वटा चराहरु बस्न आएछ । सिकारीले बन्दुकले हानेर १३ वटा मारेछ भने कति चराहरु बाँकी बसेहोला ।
४) कतिमा कति जोडे यटि (80) हुन्छ ।
५) १ जना विद्यार्थीले एक रातमा पढ्दा १ लिटर मट्टितेल सकाउँछ भने ३ जनाले सोही स्थानमा बसेर एक रात पढ्दा कति लिटर मट्टितेल सकाउँछ होला ।
६) खोजे पाइदैन, पाए चाहिंदैन के हो ?
७) झन् पिट्छ झन् रुन्छ के हो ?
८) किन्नेले लाउन पाइदैन, लाउनेले देख्न पाइदैन के हो ?
९) एउटा गाइ चर्दै उत्तरबाट दक्षिणतिर गइरहेको थियो भने त्यो गाइको पुच्छर कतातिर फर्केको हुन्छ ।

*-सम्बन्धित उत्तर पछाडि हेर्नुहोला*



# किशोरकिशोरी शिक्षाको महत्व

... जया कार्की
सामाजिक परिचालक, इन्द्रेणी समाज केन्द्र, पाल्पा

मानव विकासका विभिन्न चरणहरुमध्ये किशोर अवस्था एक महत्वपूर्ण चरण हो। किशोर अवस्थालाई धेरै पहिला देखि नै आ(आफ्नै ढंगले परिभाषित गर्दै आएको पाईन्छ। जसमध्ये बालबालिका पूर्ण वयस्क अवस्थातर्फ जाने अवस्था, प्रजनन् कार्यका लागि सक्षम हुने अवस्था भन्ने गरेको पाईन्छ। तर हालको अवस्थामा यो भनाईहरु संकुचित भएका छन्। यस अवस्थालाई मानसिक, संवेगात्मक, यौनिक तथा शारीरिक रुपबाट परिपक्क भएको अवस्थाको रुपमा लिन सकिन्छ। केटीहरुको रजश्वला र केटाहरुको स्वप्नदोष पछिको अवस्थानै किशोर अवस्था हो जुन (Adolescence) शब्द Latin भाषाको Adolescere बाट आएको हो जसको अर्थ "to grow" अथवा "To grow to maturity हुन्छ।

सामान्यतया १३ वर्षदेखि १८ वर्षसम्ममा यो अवस्था रहने हुनाले यस अवधिमा किशोरकिशोरीहरु दोधार हुने, तीव्र परिवर्तन हुने, आफु को हो भन्ने कुराको परिचय खोज्ने, डराउने, दुःखी हुने, अनावश्यक दिवास्वप्न देख्ने तथा वयस्कपनको महशुस गर्ने, सामाजिक कामप्रति रुचि देखाउने, आत्मनिर्भरताको इच्छा देखाउने, आर्थिक प्राप्ती गर्न खोज्ने, प्रेम तथा विवाहको तयारी जस्ता विकासात्मक कार्य प्रति रुची देखाउने जस्ता महत्वपुर्ण लक्षणहरु देखाउछन्। यो अवस्थामा किशोरकिशोरीहरुको शारीरिक, मानसिक, सामाजिक, नैतिक, संवेगात्मक, यौनिक पक्षको विकास हुने अवस्था पनि हो। यस अवस्थामा सामन्य कुरामा आत्तिने, डराउने, आफुमा नराम्रो परिवर्तन भएको महशुस गर्ने, आफुलाई कमजोर सोच्ने, नराम्रा कामप्रति प्रेरित हुने जस्ता लक्षण पनि नआउला भन्न सकिदैन। त्यसैले यो अवस्थालाई आँधी र तुफानको (Storm & Stress) अवस्था पनि भन्ने गरिन्छ। यस अवस्थामा उनीहरुमा तीब्र विकास, संवेगात्मक परिवर्तन, जिद्दी स्वाभाव, अनिश्चित, अनियन्त्रित, अवास्तविक, असन्तुलित, आलोचनात्मक जस्ता लक्षण देखा पर्न सक्छ। समयमै उचित शिक्षा जानकारी नपाउनु, घरपरिवारमा अनुकुल वातावरण नहुनु समुदाय तथा अभिभावकहरुले यसप्रति चासो नदेखाउनु जस्ता कारण किशोरावस्थाका युवायुवतीहरु लागु पदार्थ दुर्व्यसन, लुटपाट, चोरी डकैती, अन्य दुर्व्यवहारमा संलग्न भएको तथ्य समेत पाइन्छन्।

यस अवस्थाका किशोरकिशोरीहरुलाई सही रुपमा जानकारी, मार्गनिर्देशन प्रदान गर्नका लागि उसको परिवार, समाज, विद्यालय सबैको दायित्व हुन आउँछ। घरपरिवारमा बाबु आमाले आफना छोराछोरीहरुलाई यस अवस्थामा देखा पर्ने परिवर्तन, आउन सक्ने समस्याको बारेमा पूर्ण तयारी अथवा अभिमुखिकरण गर्नु आवश्यक छ। समाज अथवा समुदायले पनि यस अवस्थामा रहेका किशोरकिशोरीहरुप्रति उचित व्यवहार देखाउनु पर्छ। सामुहिक भावना वृद्धि हुने, समुहमा मिलेर काम गर्ने, साथी समुह बनाउने, सामाजिक गुण विकास गर्ने जस्ता कार्यप्रति अग्रसर गर्न र तदनुरुपको वातावरण दिने प्रयास गर्न आवश्यक हुन्छ। यस अवस्थाका किशोरकिशोरीहरुको धेरैजसो समय विद्यालयमा बित्ने हुदा विद्यालयस्तरको पाठ्यक्रममा पनि यस विषय सम्बन्धी प्रयाप्त विषयवस्तु राख्न आवश्यक छ। हुन त विद्यालयस्तरको पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु नराखेको भन्न मिल्दैन् तर विषय बस्तु विस्तृत गरी सोही अनुसारको प्रभावकारी शिक्षणलाई जोड दिन आवश्यक छ। सहि बाटोतर्फ लगाउन, चरित्रवान व्यक्तिको रुपमा विकास गर्नका लागि उपयुक्त मार्गनिर्देशन वा शिक्षा दिनु परिवार, समाज तथा विद्यालयको दायित्व पनि हो। शारीरिक (बिरामीपन, मृत्यु, आत्महत्या) संकट तथा मनोवैज्ञानिक (सामाजिक व्यवहार, यौन व्यवहार, नैतिक व्यवहार, घरायसी वातावरण) संकटको व्यवस्थाबारे पूर्ण तयारी र जानकारी दिनु पनि अति आवश्यक छ। यस अवस्थामा उचित शिक्षा दिन सके घरपरिवारमा कलह/झगडा हुने, समुदायका किशोरकिशारीहरु दुर्व्यसनीमा फस्ने, एच.आइ.भी. र एड्स जस्तो जोखिमताबाट बचाउन सक्छ। जसरी आँधी र तुफान एकैचोटी उर्लियो भने त्यसले नराम्रो क्षति तथा विनाश गर्छ त्यसैगरी किशोर अवस्थाको चरणलाई पनि (Storm & Stress) को रुपमा लिएर उपयुक्त व्यवस्थापन गर्न वेलैमा ध्यान दिन आवश्यक छ। यस अवस्थाका किशोरकिशोरीहरुलाई उनीहरुको आवश्यकता अनुसार शिक्षा, सल्लाह, मार्गनिर्देशन प्रदान गरी विकृति, विसंङ्गती र मानवीय दुर्घटनाबाट बचाउन हामी सवैको दायित्व र जिम्मेवारी हुन आएको छ।

सामाजिक विकास र रुपान्तरणमा निरन्तर क्रियाशील इन्द्रेणी समाज केन्द्र झिरुबास, पाल्पाको आठौ अधिवेशन तथा १६ औं वार्षिक साधारण सभा- २०६७ को पावन अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



प्रो. छबिलाल लामिछाने
९८४७१८०३१९

# सहलकोट होटेल

**तानसेन, पाल्पा, फोन : ०७५६९०७८७**

(हुलाक जाने बाटो संगम मेडिकल हलभित्र)

